
६ पूर्णाङ्क

# पूर्णिमा

संशोधन-मण्डल



तदिह न गुणदोषौ योजनीयावलीकौ
कथमपि महता यत्संस्कृतोऽयं श्रमेण ।

—बापूदेव शास्त्री

[ धेरै मिहिनेत गरी यो तयार गरिएको छ । त्यस कारण यहाँ झूटो गुण अथवा दोष नलाइदिनुहोला । ]

# पूर्णिमा

३ वर्ष

१ अङ्क

[इतिहास–प्रधान त्रैमासिक पत्रिका]

सम्पादक—
गौतमवज्र वज्राचार्य
महेशराज पन्त

प्रकाशक—
भोलानाथ पौडेल
( संशोधन—मण्डलद्वारा )


प्रबन्धक—
धनवज्र वज्राचार्य

सहयोगीहरू—
देवीप्रसाद भण्डारी
शङ्करमान राजवंशी
दिनेशराज पन्त

## विषयसूची

नेपाल र कुमाउँको सन्धिपत्र ( यसको परिचय ४१ पृष्ठमा हेर्नुहोस् । )


| | | | पृष्ठ |
|---|---|---|---|
| १. | लिच्छविकालका पाँचवटा अप्रकाशित अभिलेख | —गौतमवज्र वज्राचार्य | १–१० |
| २. | यक्षमल्लको समयका निश्चित संवत् र तिथिमितिहरू | —शङ्करमान राजवंशी | १०–१७ |
| ३. | योगनरेन्द्र मल्लको राज्याभिषेक | —धनवज्र वज्राचार्य | १७–२२ |
| ४. | भूपतीन्द्र मल्ल | —भोलानाथ पौडेल | २३–२९ |
| ५. | श्री ५ पृथ्वीनारायण शाहको समयका निश्चित सवत् र तिथिमितिहरू | —देवीप्रसाद भण्डारी | २९–३७ |
| ६. | दैवज्ञशिरोमणि लक्ष्मीपति पाँडे | — दिनेशराज पन्त | ३८–४७ |
| ७. | नेपाल–अंग्रेजयुद्ध शुरू हुनुभन्दा १ वर्षअगाडि अमरसिंह थापाका छोरा र अक्टरलोनीका छोराले मितेरी लाएथे | —महेशराज पन्त | ४८–६४ |
| ८. | पण्डित गोपाल पाँडे र उनको घनमूल ल्याउने रीति | —नयराज पन्त | ६४–७९ |
| ९. | ऐतिहासिकशिरोमणि श्रीबाबुराम आचार्यज्यूसंग प्रार्थना | —नयराज पन्त | ८०–९२ |
| | हाम्रो वक्तव्य | | ९३–९५ |



श्रीलक्ष्मीनारायणश्रीबदरीनाथश्रीकेदारनाथश्रीकालिकाश्रीपूर्णगिरीइष्टदेवताः

श्रीमन्महाराजाधिराजश्रीमोहनचन्द्रदेवश्रीमन्महाराजरणबहादुरसाहबहादुर
समसेरजङ्गदेवयोधर्म्मपत्रं [illegible] रक्षाधीशमित्र [illegible]
गोरक्षाधीशमित्र [illegible] रक्षाधीशशत्रुः कूर्म्माचलाधीशशत्रुः कूर्म्माचलाधीशशत्रुश्च गो
रक्षाधीशशत्रुर्गोरक्षाधीशाहितचिन्तनेस्माभिरस्थेयमस्माहितचिन्तने [illegible] निश्च
ितः समयोर्निर्धारश्श्रीमद्भ्याम् [illegible] लिखिता देवताः साक्षिण्यः [illegible]
कृतसमयविपर्ययकारिणश्चैताः अनिष्टकारिण्यः स्युस्तद्रक्षितुश्च धर्म्माभिवृ
द्धिकारिण्य इति अङ्काक्षिभूमि परिमितशाके [illegible]
[illegible] श्रीगोरक्षे [illegible]
सन्धिदार्ढ्यकरी [illegible] प्रतिज्ञां प्रलिखितम [illegible] शुभम्

वि.सं. १८४४ फालगुन ३ गते भएको नेपाल र कुमाउँको सन्धिपत्र

# लिच्छविकालका पाँचवटा अप्रकाशित अभिलेख

—गौतमवज्र वज्राचार्य

नेपालको इतिहासमा लिच्छविकालको विशिष्ट स्थान रहेको छ । नेपालमा लिच्छविहरूको लामो कालसम्म शासन चलेको थियो । त्यस बेला नेपाल–उपत्यका र आसपासका ठाउँमा प्रशस्त बस्ती बसिसकेको स्पष्ट थाहा पाइन्छ । लिच्छविकालका केही स्मारक चिह्नहरू पनि अहिलेसम्म छदैछन् । तर हामीहरू लिच्छवि हौं भन्ने अथवा लिच्छविकालसंग कुनै प्रकारको सम्बन्ध देखाउने जाति वा व्यक्ति अहिले देखापरेको छैन । यसरी वर्तमान नेपाली जनजीवनसँग लिच्छविकालको संबन्ध एक किसिमले छुटिसकेको जस्तै छ ।

लिच्छविकालको कथावस्तुलाई लिएर लेखिएका कुनै काव्य नाटक पाइएका छैनन् तथा त्यस बेला लेखिएका अरू ग्रन्थहरू पनि भेट्टाउन सकिएका छैनन् ।

यसो हुनाले लिच्छविकालको इतिहास तयार पार्ने मुख्य साधन त्यसताकाका शिलालेखहरू नै हुन् । लिच्छविकालका शिलालेखहरू भने केही मात्रामा पाइएका छन् तथा पाइँदै गएका छन् । तर सुरक्षाको प्रबन्ध नहुँदा र पुराना हुँदा धेरै अभिलेखहरू टुटेफुटेका अवस्थामा छन् । केही वर्ष अघिसम्म देखिएका कति अभिलेखका मूल ढुङ्गाहरू अहिले हराइसकेका पनि छन् । बचेखुचेका यी अभिलेखबाट पनि सकभर परिश्रमपूर्वक पाठ पढी काम लिनुपरेको छ ।

पूर्णिमाका गताङ्कहरूमा लिच्छविकालका केही अभिलेखहरूको शुद्ध पाठ पढी तिनलाई पूरा पार्ने प्रयास गरिएको थियो । अहिले यस अङ्कमा लिच्छविकालका पाँचवटा अप्रकाशित अभिलेख प्रस्तुत गर्दैछु । तिनमा पहिलो दोस्रो तथा तेस्रो अभिलेखको मूल ढुङ्गा हराइसकेका वा कतै अलपत्र परिरहेका छन् । चौथो अभिलेखको मूल ढुङ्गा पाटन पुरातत्व बगैंचामा र पाँचौ अभिलेखको मूल ढुङ्गा वीरपुस्तकालयमा ल्याई राखिएका छन् । मूल ढुङ्गा नपाइएका अभिलेखहरूको पाठ पढ्ने काम केही वर्ष अगाडि लिइएका वीरपुस्तकालयमा रहेका प्रतिलिपिको आधारमा गरिएको छ ।

## केलटोलको अभिलेख

( १ संख्या )

[काठमाडौं केलटोल (मछिन्द्रबहालनिर)तखाछेंको चोकभित्र इनारको दायाँपट्टि पर्खालको भित्तामा केही वर्ष अगाडिसम्म यो अभिलेखको ढुङ्गो रहेको थियो । हाल सो ढुङ्गो त्यहाँ छैन। सो कता छ अज्ञात छ। वीरपुस्तकालयमा यसको प्रतिलिपि छ । त्यतैबाट यो पाठ पढिएको हो । यसको अभिलेख कुँदिएको भाग २७ अंगुल लम्बा ६ अंगुल चौडा छ । यो अभिलेख अपूर्ण छ । यसको अर्को खण्ड पनि कतै रहेको हुनुपर्दछ ।

(१) ---------------यो निग्रहे (सं)रतः

शुद्धा(त्मा) प्रकृतेः पितेव दयते श्रीमानदेवो (नृपः)

(२) (स्व)प्राणै ---------------युक्तात्मना

----------जितवता क्ष्मां रक्षता सर्व्वदा

(३) (तेने)दं श्रुतिधर्म्मशास्त्रविहितां धर्मक्रियाङ् कुर्वता

लोकानां सुखकाम्यया सुविमलम्पानीयमानाय्य–

अनुवाद

...निग्रह (कब्याउनु)मा लागेका, चोखो मन भएका राजा मानदेव दुनियाँलाई बाबुले जस्तै माया गर्नु हुन्छ। दिलो ज्यानले...आफू लागेका...जिती सँधै राज्य रक्षा गरेका,...वेद तथा धर्मशास्त्रमा विधान गरेबमोजिमको धर्म गर्ने उहाँ (मानदेव)ले दुनियाँहरूको सुखसुबिधाको लागि सफा पानी ल्याउन लाएर...

## स्वयम्भूस्थानको अभिलेख

( २ संख्या )

[ स्वयम्भूनाथको ठूलो चैत्यपछाडि वायव्य (पश्चिमोत्तर) दिशामा रहेको चुन पोल्ने खाल्डो-पनि भुइँमा यो अभिलेख रहेको ढुङ्गो पल्टाएर राखिएको छ भन्ने कुरा वीरपुस्तकालयमा रहेको शिलालेखको प्रतिलिपिमा लेखिएको छ। परन्तु उपर्युक्त स्थानमा धेरै पटक गई खोजखबर गर्दा पनि यो अभिलेख भेट्टाउन सकेनौं। यसरी यो अभिलेख लुप्त भएको हुनाले वीरपुस्तकालयमा रहेको प्रतिलिपिबाट यो पाठ पढिएको छ। यो अभिलेख कुँदिएको भाग ३७ अंगुल लम्बा ११ अंगुल चौडा छ। माथितिर खिइएर गएको हुनाले र छेउ छेउ फुटेको हुनाले यो अभिलेख पूर्ण छैन। यसको शिरोभाग तथा पछिल्लो भाग पनि खण्डित छ। ]

(१)... ... ... ... ... ... ... ... ... ... ... ...

(२)... ... ... ... ... ... ... रदेवो नरेन्द्र... ...

(३)... ... ... ... ... ... ... ... शतलक्ष्मि ... ...

(४)... ... ... ... ... ... ... ... ... प्रसाद ... ...

(५)... ... ... ... ... ... ... ... ... राजेन्द्र ... ...

(६)... ... ... ... ... ... ... ... ... विधिज्ञ ... ...

(७)... ... ... ... ... ... ... विनीतभृत्य ... ...

(८)... ... ... ... ... ... ... ... ... पविमान ... ...

(९)... ... ... ... ... ... ... ... ... ... ... ... ... ...

(१०) ... ... क्षेत्रश्चाक्षयं दत्तं—नविहारे ... ... ...

(११) ... ... ... मेत्य ... ... ... तनय ... ... ...

(१२) ... ... महिम्ना ... ... ... ... ... ... ...

(१३) ... ... क्ष्मी राजा ... ... सर्व्व ... ... ...

(१४) ... ... ... सन्धर्मा ... द्युतिमा(न्)ईजे ... ...

(१५) ... ... ...(म)खैरुदारै ... ङ्काय: ... ... ...

(१६) ... ... ... श्रेय: निरुपसत्त्वो दान्त: ... ... ...

(१७) ... ... ख्यातयशा...स्वधर्म्मकर्म्मसुनय ... ...

(१८) ... ... तनयोभिजात...सर्व्वानतिवर्त्तते ... ...

(१९) ... ... ... णैर्नृपतीन्य: अनुपरतधर्म्म... ... ...

(२०) ... ... ... करुणैक-प्रिय: सदा रणम् ... ... ...

(२१) ... तकठिनबाहु: केसरिमत्तेभविक्रम: ... ...

(२२) ... ... स्थिरधी:यम्बिभ्यति वीक्ष्य नृपा: ... ...

(२३) ... ... मृगा: केसरिणमिव रणेष्वभय: ... ...

(२४) ... ...निमित्तपाती शिक्षासौष्ठवविधान ... ...

(२५) ... ... मतिमान् रूपबलसत्त्वतेज:श्रुत ... ...

(२६) ... ... लनिधि: कलासु निपुण: प्रियवत् ... ...

(२७) ... साग्रं शतं वर्षाणामाज्ञापयता विचिन्त्य ... ...

(२८) ... ... निपुणम् श्रेयोर्त्थिना धृतिमता ... ...

(२९) ... ... ... वरुणमहेन्द्रवपुषा महता ... ... ...

अनुवाद

......रदेव राजा......राजेन्द्र......विधान जान्ने......नोकरचाकरलाई राम्ररी तह लाएका...... विहारमा कोइला कांटा गरी खेत गूठी राखियो......छोरा......वडप्पनले......राजा......सबै...... चहकिला......ठूलठूला यज्ञ गरे......बेजोड पराक्रम भएका इन्द्रिय वशमा पारेका......कीर्ति फैलिएका आफ्नो धर्म कर्म असल नीति(ले)......राम्ररी जन्मेका छोरा......सबै राजाहरूलाई माथ गर्नुहुन्छ,......धर्मबाट नहटेका......कस्सिएको पाखुरा भएका सिंह र मत्ता हात्तीको जस्तो पराक्रम भएका मन स्थिर भएका, सिंहलाई देखेर मृगहरू जस्तै जसलाई देखेर राजाहरू थर्कमान

हुन्छन् ।......लडाईंमा नडराउने......बुद्धिमान् रूप, बल, सत्त्व, तेज, पढाइ......हरूको खानि कलामा सिपालु......शय वर्षभन्दा बढी हुकूम चलाउने (धरैं कालसम्म राज्य गर्ने) राम्ररी.. विचार गरीकन...कल्याण चाहने धैर्यशाली..वरुण इन्द्रको जस्तो शरीर भएका, ठूला ... ]

## सीतापाइलाको अभिलेख

(३ संख्या)

[सीतापाइला डाँडा पौवा गणेशस्थानको अगाडि यो अभिलेख रहेको हो भन्ने कुरा वीर-पुस्तकालयमा रहेको यसको प्रतिलिपिमा लेखिएको छ । परन्तु त्यहाँ गई हेर्दा त्यो अभिलेख देखापरेन । यस कारण वीरपुस्तकालयमा रहेको यस अभिलेखको प्रतिलिपिबाट यो पाठ पढिएको छ । यसको अभिलेख रहेको भाग २४ अङ्गुल लम्बा १२ अङ्गुल चौडा छ । अभिलेखको धेरैजसो भाग अस्पष्ट छ ।]

(१) ... ... ... ...
(२) ... श्रीबप्पभट्टारकपादानुध्यातो...
(३) ... (म)हाराजश्रीवसन्तदेवः कुशली...
(४) ... यथाप्रधानङ्ग्रामकुटुम्बिनः (कुशल)
(५) ... (मभि)धाय समाज्ञापयति विदितमस्तु...
(६) ... परमदैवतश्रीबप्पभट्टारकपा(दैः)...
(७) ... युष्मदीयग्रामः पूर्व्वेण तो...
(८) ... तशिखरात् दक्षिणपश्चिमदेश...
(९) ... मार्ग्गात् पश्चिमेन राजभूमे...
(१०) ... रमुत्तरेणापि हारागुङ्शिखर...
(११) ... ... ... रपूर्व्वमेव...
(१२) ... ... (आयुष्म)त्या प्रियभगिन्या
(१३) ... जयसुन्दर्या ... ... परमदैव(त)...
(१४) ... बप्पभ(ट्टारकपादा)नामात्मनश्च श्रे(यसे)...
(१५) ... ... पश्चि(म)...(प्रणा) ल्याः खण्डफुट्ट
(१६) ... प्रतिसंस्कार ... दुलुसिड...
(१७) ... पश्च ... दत्तो दूतकश्चात्र
(१८) सर्वदण्डनायक महाप्रतिहार...
(१९) (व्य)वहरति संवत् ४००,३०...

अनुवाद

भट्टारक (गद्दीनशीन) श्रीबुबाको पाउको अनुग्रह पाएका... गाथमा आराम भएका महाराज श्रीवसन्तदेवले... गाउँका वासिन्दाहरूलाई यथोचित कुशल मङ्गल सोधेर आज्ञा गर्नुहुन्छ, (तिमीहरूलाई) थाहा होस् परमदैवत (ठूला देवतास्वरूप भएका) भट्टारक श्रीबुवाबाट (निगाहा गरिदिइएको) तिमीहरूको गाउँ... पूर्वतिर... डाँडोबाट... दक्षिण पश्चिमतिर... बाटोदेखि पश्चिमपट्टि रैकर जग्गादेखि... उत्तरतिर हारागुँ डाँडो... पहिले नै... प्यारी बहिनी नानी जयसुन्दरीले, ठूला देवतास्वरूप भट्टारक श्रीबुवाको र आफ्नो कल्याणको लागि... पश्चिम... धाराको टूटफूट भएको मरम्मत गर्नाका लागि... बुलुसिड ... पाँच... दिइयो। यहाँ दूतक (मार्फत) सर्वदण्डनायक (पुलीस विभागका उच्च अधिकारी) महाप्रतिहार (हजुरिया)...।··· ले मुद्दामामिलाको काम हेरिरहेको वेलामा संवत् ४००,३०...

## पाटन भण्डारखालमा रहेको अभिलेख

( ४ संख्या )

[ पाटन भण्डारखाल 'पुरातत्त्व बगैंचा' मा हाल यो अभिलेख रहेको छ। फर्पिङबाट ल्याई यो अभिलेख त्यहाँ राखिएको हो भन्ने सुनिन्छ। यसको अभिलेख रहेको भाग ३० अंगुल लम्बा ७ अंगुल चौडा छ। अभिलेखको धेरैजसो भाग खण्डित छ तापनि बाँकी भागका अक्षर त्यति खिइसकेका छैनन्। ]

(१)......

(२) (मा)त्रा जयवार्तिकया मान २ सुगृहीतनामा......
दायतनं शासितुश्च कुमारविजयिनः... लय ...

(३) २० मानिका प्रयच्छेत् छत्राच्छादनपुष्पसिन्दूरदीपवादित्राद्युपयोगाय द्वादश १२ मानिकाः यच्च दीप...

(४) यथाभिलिखितमासदिवसविपर्यये चासति–प–प्रत्यायेन
कथञ्चन करणीयं इति व्यजिज्ञपत् संवत् ४३ ज्येष्ठ कृष्ण......

अनुवाद

आमा जयवार्तिकाले २ मानिका...राम्रोसंग नाउँ चलेका...शासिता कुमारविजयीको मन्दिर...२० मानिका दिनू। छत्र चढाउनालाई, फूल सिन्दूर बत्ती तथा बाजाको लागि १२ मानिका अरू बत्ती...लेखेबमोजिम महीना दिनमा तलमाथि नगरीकन आयस्ताले कुनै तरहले चलाउनू भन्ने विन्ति छ। संवत् ४३ ज्येष्ठ कृष्ण ...।

# विष्णुमूर्तिको पाद्पीठको अभिलेख

( ५ संख्या )

नक्साल ढुङ्गेधाराको यो विष्णुमूर्ति हाल वीरपुस्तकालयमा ल्याई राखिएको छ। यसको पादपीठमा यो अभिलेख कुँदिएको छ। यसको अभिलेख देखिने भाग २६ अंगुल लम्बा ३ अंगुल चौडा छ। अक्षर खिइएका हुनाले अभिलेखको ज्यादै थोरै भागमात्र पढ्न सकिने अवस्थामा छ।

मुच्छ्वासवातोद्भवात् मध्ये तोयनिधेः प्रचण्डपवनप्रोद्धूतचैलो...

अनुवाद

[ ...उच्छ्वासको हावाबाट भएको, समुद्रको बीचमा कडा हुरीले लुगा उडाइएको... ]

यहाँ दिइएको पहिलो अभिलेख राजा मानदेवको हो। यस अभिलेखको संपूर्ण भाग नपाइएको हुनाले यसको संवत् आदि पत्ता लाउन सकिएन। अहिले पाइएको यति भागले पनि राजा मानदेवको विषयमा केही बढी कुरा बुझ्न मद्दत मिलेको छ। मानदेवका पालाका केही अभिलेखहरू पाइएका छन् तर तिनबाट मानदेवको विजयवर्णन, उनले स्थापना गरेका देवता आदि मात्र ज्ञात हुन्छन्। उनले गरेको कुनै निर्माणविषयका कुरा तिनबाट थाहा पाइएको थिएन। यस अभिलेख-बाट मानदेवले दुनियाँको सुखसुविधाको लागि खाने पानीको प्रबन्ध गरिदिएको थाहा पाइन्छ। यो अभिलेख काठमाडौंको बीच भागमा भने जस्तै पाइएको हुनाले त्यतातिर मानदेवको समयमा बस्ती थियो भन्ने कुरा पनि प्रकारान्तरले बुझिएको छ।

अर्को कुरा मानदेवका आदर्शबारेमा पनि यस अभिलेखले केही संकेत गरेको छ। वेद र धमशास्त्रले बताएबमोजिमको धर्म गर्ने भन्ने विशेषणद्वारा सनातन धर्ममा मानदेवले आस्था व्यक्त गरेका छन्। बाबुले जस्तै प्रजालाई माया गरी शासन गर्ने भन्ने उल्लेखले आदर्श राजाहरूको अनुसरण गर्न खोजिएको आभास यताबाट पाइन्छ। शत्रुलाई जिती आफ्नो कुलपरम्परागत राज्यलाई मानदेवले राम्ररी थामेका थिए भन्ने कुरा पनि यस शिलालेखबाट बुझिन्छ।

यस अभिलेखको संपूर्ण भाग पाइएको भए मानदेवविषयको अझ बढ्ता कुरा जान्न सकिने थियो भन्ने स्पष्ट छ। पाइएको अलिकता यस भागले यसको रचनाशैली काव्यको दृष्टिले पनि उच्च छ भन्ने कुराको झलक पाइन्छ।

\+ \+ \+

यहाँ दिइएको दोस्रो अभिलेख स्वयम्भूमा रहेको हो। यो अभिलेख खण्डित हुँदा यहाँ राजाको नाउँ तथा संवत् देखिदैन। यस कारण यस शिलालेखको समय थाहा पाउने आधार यहाँको लिपि मात्र भएको छ। लिपिको विचार गर्दा यस अभिलेखको समय राजा मानदेवको ताकाको देखिन आएको छ।

स्वयम्भू प्राचीन कालदेखि बौद्धधर्मानुयायीहरूको पुण्यस्थल रहेर आएको छ। लिच्छवि राजाहरू बौद्धधर्म प्रति आस्था राख्तथे । जयदेवको पशुपतिको अभिलेखमा वृषदेव बौद्धधर्मतिर झुकेका थिए भन्ने वर्णन पाइन्छ* । स्वयम्भूमा लिच्छविकालको अर्को अभिलेख पनि पाइएको छ ÷ । यस कारण लिच्छविकालमा स्वयम्भू प्रसिद्ध भइसकेको थियो भन्ने निश्चित छ ।

यस अभिलेखको अहिले पाइएको भागमा पनि माथिल्लो भाग धेरैजसो खिइएको र खण्डित भएको हुँदा अलिकति मात्र पढ्न सकिने छ। यस कारण त्यस भागबाट विशेष कुरा बुझ्न सकिँदैन, तल्लो भाग केही पढ्न सकिने अवस्थामा छ। त्यसमा पनि छेउ छेउ खण्डित हुंदा पूरा वाक्यांशको आशय बुझ्न गाह्रै भएको छ । तैपनि तल्लो भागबाट उदात्त आदर्श भएका शासकको यो अभिलेख हो भन्ने स्पष्ट झल्कन्छ ।

कस्सिएको पाखुरा भएका, सिंहलाई देखेर मृगहरू झैं जसलाई देखेर राजाहरू थर्कमान हुन्छन्, आफूचाहिं लडाइँको मैदानमा निडर भएर बस्छन् भन्ने वर्णन यहाँ परेको हुनाले वीर राजाको प्रशस्ति यो हो भन्ने थाहा पाइन्छ।

बुद्धि रूप बल आदिको साथ साथै कलामा निपुण भन्ने वर्णन पनि यस अभिलेखमा परेको छ। यताबाट यस अभिलेखमा उल्लिखित शासक को हुन् भन्ने कुरा जान्न इतिहासरसिकहरूको लागि खुलदुली पर्नु स्वाभाविक छ । अहिले टुङ्गो नलागे तापनि भविष्यमा कुनै आधारमा यसको टुङ्गो लाग्छ कि भन्ने आशा गर्न सकिन्छ ।

यो अभिलेख स्वयम्भूमा पाइएको हो तापनि यस अभिलेखको स्वयम्भूसँग सोझै संबन्ध अहिले पाइएको भागबाट देखिन आएको छैन। हुनत यहाँ खेत गूठी राखेको प्रसङ्गमा 'विहारे' भन्ने शब्दको उल्लेख आएको छ । तर यसको संबन्ध स्वयम्भूविहारसँग छ भन्ने कुरा ठोकेर भ सकिंदैन ।

\+ \+ \+

तेस्रो अभिलेख सीतापाइलाको राजा वसन्तदेवको हो। यो अभिलेख पनि खण्डित हुँदा पूरा विषय बुझ्न यताबाट सकिंदैन ।

यी वसन्तदेव मानदेवका नाती हुन् । मानदेवका पालाका संवत् ४२७ सम्मका अभिलेख पाइएका छन्‡। थानकोटको संवत् ४२८ को अभिलेख प्रकाशमा आएको छ† । त्यहाँ राजाको

---

* श्रीमान् बभूव वृषदेव इति प्रतीतो
राजोत्तमः सुगतशासनपक्षपाती ।

(पशुपतिको द्वितीय जयदेवको अभिलेखबाट)

[बौद्ध धर्ममा झुकेका श्रीवृषदेव भनी प्रख्यात भएका असल राजा हुनुभयो । ]

÷ अभिलेख—संग्रह पहिलो भागको ३४ पृष्ठ हेर्नुहोस् ।

‡ इतिहास–संशोधनको प्रमाणप्रमेयको २६५–२६७ पृष्ठ हेर्नुहोस् ।

† नोली १२ संख्या हेर्नुहोस् ।

नाउँ भएको भाग पाप्रो उप्केको हुँदा पढ्न सकिंदैन। त्यहाँ रहेको राजाको प्रशस्तिको आधारमा सो अभिलेख वसन्तदेवको होला भन्ने अनुमान नोलीले गर्नुभएको छ। तर सो अभिलेख मानदेवका छोरा महीदेवको हो कि त भन्ने शङ्का गर्ने ठाउँ पनि नभएको होइन । परन्तु सीतापाइलाको यस अभिलेखले थानकोटको सो अभिलेख वसन्तदेवकै हो भन्ने कुराको पुष्टि गरेको छ। थानकोटको अभिलेखमा आफ्नी बहिनी' जयसुन्दरीलाई गाउँ दिइएको उल्लेख छ। यस अभिलेखमा पनि वसन्त-देवकी बहिनी जयसुन्दरी भन्ने उल्लेख आएको छ।

जयदेवको पशुपतिको अभिलेखमा मानदेवपछि महीदेव राजा भए। अनि उनका छोरा वसन्त देव राजा भए भन्ने वर्णन परेको छ । वसन्तदेवका अभिलेखहरूमा आफ्ना बाबुलाई भट्टारकपाद (गद्दिनशीन राजा) भनी ठाउँ ठाउँमा उल्लेख गरिएको छ। यस अभिलेखमा पनि मेरा बुबाले दिएर गएको तिमीहरूको गाउँ भन्ने उल्लेख आएको हुँदा महीदेव गद्दीमा बसेका थिए भन्ने कुरा थाहा पाइन्छ। यताबाट मानदेव र वसन्तदेवको शासनकालको बीचमा महीदेवको शासनकाल ज्यादै छोटो रहेको देखिन आउँछ ।

वसन्तदेवको सीतापाइलाको यस अभिलेखमा संवत्को दशस्थानी अङ्क ल = ३० स्पष्ट देखिन्छ। एकस्थानी अङ्कचाहिं देखिंदैन। शतस्थानी अङ्क अ–प्क = ४०० देखिन्छ। यसबाट यो अभिलेखको संवत् ४३० देखि ४३९ भित्र हुनुपर्दछ ।

यस अभिलेखमा दूतक सर्व्वदण्डनायक महाप्रतिहारको उल्लेख छ। यिनी वसन्तदेवका अरू अभिलेखमा देखिएका रविगुप्त नै हुन् कि भन्ने देखिन्छ। वसन्तदेवको शासनकालमा यी रविगुप्त-हरूले केही अधिकार अँठ्याएको देखिन्छ। महीदेवको चाँडै नै देहावसान भएको हुँदा वसन्तदेव अलि कच्चै उमेरमा राजगद्दीमा बसेका हुनाले अरूले केही अधिकार हात लाउने अवकाश पाएको अनुमान हुन्छ ।

यस अभिलेखको विषय वसन्तदेवकी बहिनीले आफ्ना बुवाको र आफ्नो पुण्य बढोस् भन्ने भावनाले बनाएको धारा आदिको बन्दोबस्तको लागि राजा वसन्तदेवले जग्गा निर्धारित गरि-दिएको देखिन्छ ।

\+ \+ \+

चौथो अभिलेख संवत् ४३ को हो। यस कारण यो अभिलेख अंशुवर्माको ताकाको हो भन्ने देखिन्छ । खण्डित हुँदा अभिलेख राख्ने व्यक्तिको नाम अज्ञात छ। उनकी आमाको नाउँचाहिं जयवार्तिका थियो भन्ने यताबाट थाहा पाइन्छ।

शास्ता (शासिता) शब्दले भगवान् बुद्धलाई कहन्छ❀। यहाँ शासिता कुमारविजयीको मन्दिरको उल्लेख परेको हुनाले यो अभिलेखले बौद्धदेवतासँग सम्बन्ध राख्तछ।

लिच्छविकालमा ठाउँ ठाउँमा बौद्ध विहारहरू रहेका थिए। भिक्षुहरूको मात्र होइन, भिक्षुणीहरूको पनि संघ त्यस वेला कायम थियो भन्ने कुरा त्यस वेलाका अभिलेखहरूबाट थाहा

---

❀ मुनीन्द्रः श्रीघनः शास्ता मुनिः शाक्यमुनिस्तु यः। (अमरकोश १।१।१४)

पाइन्छ+ । राजा अंशुवर्माको हाँडिगाउँको अभिलेखमा पशुपति, चाँगुनारायणको साथसाथै गुंविहार,† श्रीमानविहार, खर्जुरिकाविहार मध्यमविहार तथा अरू बौद्ध विहारको उल्लेख आएको छ△ । त्यस अभिलेखबाट अंशुवर्माले बौद्ध धर्मतिर पनि आफ्नो आदर व्यक्त गरेको झलक पाइन्छ । यताबाट लिच्छविकालमा यहाँ अरू धर्मका साथसाथै बौद्धधर्म पनि निकै फैलिएको थियो भन्ने निश्चित छ ।

---

+'···महायानप्रतिपन्नार्य्यभिक्षुणीसंघपरिभोगायाक्षयणीवी प्रतिपादिता'

(अभिलेख–संग्रह पाँचौं भागमा प्रकाशित पाटन चपःटोलको अभिलेखबाट)

[महायानको अनुयायी आर्यभिक्षुणीसंघलाई खुवाउनाका लागि कोइलाकाँटा गरी जग्गा दिइयो ।]

'तस्य संस्कारपूजार्थम् भिक्षुणीसंघमर्पितपणाः पुराणसहिता'···

(अभिलेख–संग्रह नवौं भागमा प्रकाशित कान्तिपुर मुसुंबहालको अभिलेखबाट)

[त्यसको मरम्मत र पूजाको लागि भिक्षुणीसंघलाई पुराण र पण दान दिइयो]

†गुंविहार साँखु वज्रयोगिनीको विहार हो । यो कुरा पत्ता लाउने आधार पाइन्छ । गोपालवंशावलीमा मानदेवले गुंविहारको डाँडोमा तपस्या गरेको वर्णन परेको छ । भाषा-वंशावलीमा चाहिँ वज्रयोगिनीमा गई मानदेवले तपस्या गरी चैत्यस्थापना गरेको वर्णन परेको छ । जस्तै—

"श्रीमानदेव... तेन... गुंविहारशिखरे तपः कृतम् । तपःप्रभावान्महाचेतमुतपद्यते प्रतिष्ठितश्च ।"

(गो. रा. २७ पत्रबाट)

[मानदेवले गुंविहारमा तपस्या गरे । तपस्याको प्रभावले ठूलो चैत्य उत्पन्न भयो र (त्यहाँ) प्रतिष्ठा गरियो ।]

"मानदेवले... श्रीवज्रयोगिनीका चरणमा शरण जान्छु भनी जाई बाह्र वर्ष लाइकन बौद्ध-मन्दिर सिद्ध गऱ्या"

(भाषावंशावलीबाट)

यताबाट गुंविहार वज्रयोगिनीमा थियो भन्ने आभास पर्छ । चन्द्रमान जोशीसँग रहेको ठ्यासफुको वाक्यबाट यसको पुष्टि हुन्छ । सो यस प्रकारको छ—

"सं ८०१ माघकृष्णः॥ प्रतिपदा, मघनक्षेत्र सोमवार थ्वकुन्हु श्री ३ गुंबाहार वज्रयोगिनी रंङ पूजा याययात न्यास पिकाया दिन ।"

[ने. सं. ८०१ (वि. सं १७३७) माघकृष्ण प्रतिपदा मघानक्षत्र सोमवारको दिन श्री ३ गुंबिहार वज्रयोगिनीको रङ्गपूजाको लागि न्यास बाहिर झिकियो ।]

△लेभी १४ संख्या नोली ३६ संख्याको हाँडिगाउँको अभिलेख हेर्नुहोस् ।

बौद्धधर्मानुयायी कुनै श्रद्धालु व्यक्तिले देवता स्थापना गरी त्यसको पूजाआजाको बन्दोवस्त गरी यो अभिलेख राखेको हो ।

\+ + +

यहाँ दिइएको पाँचौं अभिलेख विष्णुको मूर्तिको पादपीठमा कुँदिएको हो । खिइएको हुनाले यहाँ लेखिएको श्लोकको एउटै पाउ मात्र पढ्न सकिने अवस्थामा छ । यति एक पाउबाट पनि यो अभिलेख प्रौढ संस्कृतमा लेखिएको छ भन्ने कुरा व्यक्त हुन्छ । यस वेला वैष्णव धर्मको पनि प्रचार थियो भन्ने कुरा यसले देखाएको छ । यस दृष्टिले र कलाको दृष्टिले यसको पनि महत्त्व कम छैन ।

—०—

क्रमागत—

# यक्षमल्लको समयका निश्चित संवत् र तिथिमितिहरू

—शङ्करमान राजवंशी

"वि. सं. १५१० श्रावण २२ गते शुक्रवारको दिन भक्तपुरका बासिन्दाको सहायताले यक्ष मल्लले भक्तपुरशहरको किल्ला बनाए ।"

(२५) श्रीश्रीजययक्षमल्लदेवप्रभुठाकुरस विजयराजस श्रीख्वप्वस खारनो गडप्राकारनो, लंक्वा ठनो दयका जुरोम्, थ्व गड दयके निमितिनं, ख्वप्वंस बसरपो लोकस्यं, अनेक कष्ट नस्यं, वितनवुं, उपेखरपं, दयका गड जुरोम् ब्रह्म, क्षत्रि, वैश्य, शूद्र, चतुर्व्वर्णं आदिन, एकचित याङन, शिकु, अटकु,चाकु, थम थम बुस्यं शरीर कष्टरपं, दयकं तया, थ्व गड जुरोम्………श्रीश्रीप्रभुठाकुरस्येनो, प्रदिक प्रधाननो प्रजा पाखननो ख्वप्व देशश बसरपको समस्तस्यंवु……चिन्ता यायमाल जुरो…… सम्वत् ५७३ श्रावण शुक्ल पूर्णमास्यां श्रवणनक्षत्रे आयुष्मान्योगे शुक्रवासरे श्रीश्रीजययक्षमल्लदेव प्रभुठाकुरस्यं, प्राकार आदिन गड आरंभ याङा दिवस ।

(भक्तपुर राजदरबारको अभिलेखबाट)

[श्रीश्रीजययक्षमल्लदेव प्रभु ठाकुरको विजयराज्यमा श्रीभक्तपुरमा खाई गडप्राकार (गढको पर्खाल) ळंश्वठ (ढोकाका किल्ला)हरू बनाइए । भक्तपुरका बासिन्दाले धेरै कष्ट सहीकन, पैसा खर्च गरीकन धेरै काल लाईकन यो गड (किल्ला) बनाएका हुन् । ब्राह्मण क्षत्री वैश्य शूद्र चारै जात आदिले मन लाईकन काठको भारी ईटको भारी माटोको भारी आफैं आफैंले बोकी शरीरले कष्ट गरीकन यो गढ बनाइएको हो ।………भक्तपुर शहरमा बस्ने श्रीश्रीराजा भारादार प्रजा साराले…………यसको हेरविचार गर्नुपर्छ …………ने. सं. ५७३ (वि. सं. १५१०) श्रावणशुक्लपूर्णिमा शुक्रवार श्रवणनक्षत्र आयुष्मान्योगको दिन श्रीश्रीजययक्षमल्लदेव प्रभु ठाकुरले पर्खाल आदि किल्ला आरम्भ गर्नुभयो]

यस दिनको गणना गर्दा आएको पञ्चाङ्ग यस प्रकारको छ–

ने. सं ५७३ (वि. सं. १५१०) श्रावण शुक्ल

| गते | वार | तिथि | घडी पला | नक्षत्र | घडी पला | योग | घडी पला |
|---|---|---|---|---|---|---|---|
| श्रावण २२ | शुक्र | पूर्णिमा | ४३।२ | श्रवण | ५५।५० | आयुष्मान् | ३६।५१ |

"वि. सं. १५१० माघमा यक्षमल्लको पालामा पाटन सौगलटोलमा वैद्यवर्माले लक्ष्मीनारायण स्थापना गरे।"

(२६) ॐ नम श्रीश्रीलक्ष्मीनारायण । श्रीश्रीजययक्षमल्लदेवस्य वि (जयराज्ये)······वैद्यवर्मना······सम्वत् ५७४ द्विपोषशु

[पाटन सौगलटोलको लक्ष्मीनारायणको आधारशिलाबाट]

[ॐ श्रीश्रीलक्ष्मीनारायणलाई नमस्कार । श्रीश्रीजयजक्षमल्लदेवको विजयराज्यमा······वैद्यवर्माले······ने. सं. ५७४ (वि. सं १५१०) द्विपौषशुक्ल]

अहिलेको परिपाटीअनुसार यो वर्ष [ने. सं. ५७४ (वि. सं. १५११) मा] ज्येष्ठमा अधिमास पर्छ । तर उहिले अधिमास मान्ने अर्कै परिपाटी चलेको थियो । यस विषयमा पछि विचार गरिनेछ ।

"वि. सं. १५१० फाल्गुन शुक्ल द्वादशीमा यक्षमल्लको पालामा फर्पिङमा हिरण्यसप्तक सारिसिद्धियो ।

(२७) सम्वत् ५७४ फाल्गुनी सुधि १२······श्रीकीर्तिसिंहत्वं···फणफिनिवासग्राम···श्रोर जक्षमल्लदेवस्य······'

[क्याम्ब्रिजविश्वविद्यालय पुस्तकालयमा रहेको नं. १६९१को हिरण्यसप्तकबाट]

[ने. सं. ५७४ (वि. सं. १५१०) फाल्गुन शुक्ल १२······श्रीकीर्तिसिंह······फर्पिङ्-गाउँमा···श्रीश्रीयक्षमल्लदेवको विजयराज्यमा ।]

"वि. सं. १५१४ श्रावण ३० गते बृहस्पतिवारको दिन यक्षमल्लको पालामा ललितपुरका जीवदुःख भन्नेले ज्यौतिषरत्नमाला सारिसिद्ध्याए ।"

(२८) सम्वत् ५७७ श्रावण शुक्ल षष्टि प्र, सप्तम्यां । स्वातिनक्षत्रे । शुक्लयोगे । गुरुवासरे । श्रीश्री जयजक्षमल्लदेवस्य विजयराज्ये श्रीललितपुरे मानीग्वलके यितिह्लगे वहारे जीवदुषस्य पुस्तकं स्वहस्तेन लिखितमिति ॥

[क्याम्ब्रिजविश्वविद्यालय पुस्तकालयमा रहेको नं १६६५को ज्यौतिषरत्नमालाबाट]

[ ने. सं. ५७७ (वि. सं. १५१४) श्रावण शुक्ल षष्ठी उप्रान्त सप्तमी बृहस्पतिवार स्वाती नक्षत्र शुक्ल योगमा श्रीश्रीजययक्ष मल्लदेवको विजयराज्यमा श्रीललितपुर मानिगलमा यितिह्लण बहालका जीवदुःखले आफ्नै हातले पुस्तक सारे। ]

यस दिनको गणना गर्दा आएको पञ्चाङ्ग यस प्रकारको छ–

ने. सं. ५७७ (वि. सं. १५१४) श्रावण शुक्ल

| गते | वार | तिथि | घडी पला | नक्षत्र | घडी पला | योग | घडी पला |
|---|---|---|---|---|---|---|---|
| श्रावण ३० | बृहस्पति | षष्ठी | ०।४४ | स्वाती | ५०।३२ | शुक्ल | ५७।३६ |

"वि. सं. १५१५ माघ १६ गते शुक्रवारको दिन यक्षमल्लको पालामा टोखामा गणेशको मन्दिर बनाइयो ।"

(२९) श्रीमत्महीमहमहाराजाधिराजपरमेश्वरपरम( भट्टारक ).... लक्ष्मीनारायनावतार श्रीश्रीजययक्षमल्लदेवराजाया विजयरा(ज्ये)...श्व देवल दयका...सम्वत् ५७९ माघशुक्ल अष्ट-म्यायान्तिथौ भरनिनक्षत्रे शुभ प्र. शुक्लयोगे शुक्रवासरे

[ वीरपुस्तकालयको संग्रहमा रहेको का. इ. टोखा तप्लाछे टोलको गणेशको पादपीठको अभिलेखबाट ]

[ तेजस्वी श्रीमहाराजाधिराज परमेश्वर परमभट्टारक लक्ष्मीनारायणका अवतार श्रीश्रीजय-यक्षमल्लदेव राजाको विजयराज्यमा यो देवल बनाइयो । ने. सं. ५७९ (वि. सं. १५१५) माघ शुक्ल अष्टमी शुक्रवार भरणीनक्षत्र शुभ उप्रान्त शुक्लयोगमा । ]

यस दिनको गणना गर्दा आएको पञ्चाङ्ग यस प्रकारको छ–

ने. सं. ५७९ (वि. सं. १५१५) माघ शुक्ल

| गते | वार | तिथि | घडी पला | नक्षत्र | घडी पला | योग | घडी पला |
|---|---|---|---|---|---|---|---|
| माघ १६ | शुक्र | अष्टमी | १८।५० | भरणी | ३९।३१ | शुभ | १५।४३ |

"वि. सं. १५१५ फाल्गुन १ गते शुक्रवारको दिन यक्षमल्लका पालामा जिनराजले बनेपामा सूर्यमूर्ति स्थापना गरी प्रतिष्ठा गरे ।"

(३०) ॐ नमः सूर्याय ॥ सम्वत् ५७९ माघमाश शुक्लपक्ष (अष्टम्यां) भरुणीनक्षत्र ३९ सिद्धियोगे (शुक्र) वासरे······प्रतिष्ठा राजाधिराज श्रीश्री (यक्षमल्ल)····जजमान जिनराज ।

[ बनेपा शहरको पश्चिम ढोकाको धारानिरको चोकमा रहेको सूर्यको पादपीठको अभिलेखबाट ]

[ ॐ सूर्यलाई नमस्कार । ने. सं. ५७९ ( वि. सं. १५१५ ) माघ शुक्ल अष्टमी शुक्रवार भरणी नक्षत्र घडी ३९ सिद्धि योगमा···राजाधिराज श्रीश्रीयक्षमल्लको पालामा···जजमान जिनराजले······प्रतिष्ठा गरे । ]

यस दिनको गणना गर्दा आएको पञ्चाङ्ग यस प्रकारको छ–

ने. स. ५७९ (बि.सं.१५१५) माघशुक्ल

| गते | वार | तिथि | घडी पला | नक्षत्र | घडी पला | योग | घडी पला |
|---|---|---|---|---|---|---|---|
| फाल्गुन १ | शुक्र | अष्टमी | १८।५३ | भरणी | ३९।३६ | शुभ | १५।४७ |

यहाँ सिद्धियोग आउँदैन ।

"वि. सं. १५१८ माघ १९ गते शुक्रवारको दिन यक्षमल्लका पालामा भक्तपुरमा विष्णुमूर्तिको स्थापना भयो ।"

(३१)…राजाधिराजजक्षमल्लदेवस्य विजयराज्ये । श्रेयोस्तु । सम्वत् ५८२ द्विपौषमास पूर्णिमास्यां तिथौ । प्रितियोगे शुक्रवासरे··

( भक्तपुर दत्तात्रेयको अगाडिको मन्दिरभित्रको विष्णु मूर्तिको अभिलेखबाट)

[राजाधिराज यक्षमल्लदेवको विजयराज्यमा । कल्याण होस् । ने. सं. ५८२ (वि. सं. १५१८) द्विपौषपूर्णिमा (माघपूर्णिमा ) शुक्रवार प्रीति योगमा]

यस दिनको गणना गर्दा आएको पञ्चाङ्ग यस प्रकारको छ–

ने. सं. ५८२ (वि. सं. १५१८) माघ शुक्ल

| गते | वार | तिथि | घडी पला | नक्षत्र | घडी पला | योग | घडी पला |
|---|---|---|---|---|---|---|---|
| माघ १९ | शुक्र | चतुर्दशी | ९।६ | तिष्य | ५१।२४ | विष्कुम्भ | ७।४१ |

यहाँ चतुर्दशी ९ घडी ६ पलामा छ। त्यसपछि पूर्णिमा लाग्छ । पूर्णिमा लागेपछि प्रीति योग पनि लाग्छ । यो वर्ष ने. सं. ५८२ (वि. सं. १५१९)मा अहिलेको परिपाटीअनुसार आषाढमा अधिमास पर्छ । तर उहिले अधिमासको अर्कै परिपाटी चलेको थियो । गणना गरी हेर्दा माघ शुक्लमा यहाँको तिथिमिति मिल्न आएको छ ।

"वि. सं १५१९ कार्तिक शुक्ल पूर्णिमाको दिन यक्षमल्लका पालामा कान्तिपुर टेबहालमा चन्द्रमाको स्थापना भयो ।"

( ३२ ) श्रीमत् तेदोविहारे...थापितोऽयं निशाकरः । पूर्णिमाव्रत पूरित्वा·······श्रेयोऽस्तु सम्वत् ५८३ कार्तिकशुक्लपूर्णिमास्यां तिथौ । राजाद्धिराज परमेश्वर परमभट्टा(र)क रविकुल······भास्करः श्रीश्रीजयजक्षमल्लदेवस्य विजयराज्ये ॥

(कान्तिपुर टेवहालको धारामाथि रहेको चन्द्रमाको पादपीठको अभिलेखबाट)

[पूर्णिमाव्रत सिद्धचाएर टेबहालमा चन्द्रमा स्थापना गरिए । कल्याण होस् । ने. सं. ५८३ (वि. सं. १५१९) कार्तिक शुक्ल पूर्णिमा । राजाधिराज परमेश्वर परमभट्टारक सूर्यवंशी श्रीश्रीजययक्षमल्लदेवको विजयराज्यमा]

"वि. सं. १५१९ माघ शुक्ल दशमीको दिन यक्षमल्लको पालामा पशुपतिमा यो अभिलेख राखियो ।"

( ३३ )सम्वत् ५८३ माघशुक्लतिथौ दशम्यां···श्रीश्रीजययक्षमल्लदेवविजयराज्ये····

(पशुपतिको नैर्ऋत्यपट्टिको मन्दिरनिरको अभिलेखबाट)

[ने. सं. ५८३ (वि. सं. १५१९) माघ शुक्ल दशमीमा········श्रीश्रीजययक्षमल्लदेवको विजयराज्यमा]

"वि. सं १५२४ ज्येष्ठ शुक्ल पूर्णिमाको दिन यक्षमल्लको पालामा कुसुण्डीकर्मविधि सारिसिद्धियो ।"

(३४) इति कुसंडीकर्म्मं समापद । सम्वत् ५८७ जेष्ठशुदि १५ श्रीश्रीजयजक्षमलदेवस्य विजयराजे विप्रश्रीधवलतेजेन लिषित पुतक ॥

(वीरपुस्तकालय प. नं. १६०६को कुसुण्डीकर्मविधिबाट)

[ने. सं. ५८७ (वि. सं. १५२४) ज्येष्ठ शुक्ल पूर्णिमामा श्रीश्रीजययक्षमल्लदेवको विजयराज्यमा ब्राह्मण धवलतेजले कुसुण्डीकर्म लेखिसिद्धचाए।]

"वि. सं. १५२४ कार्तिक १५ गते शुक्रवारको दिन यक्षमल्लले भक्तपुर तुलाछेंमा आफ्ना दिवंगत पुत्र राजमल्लको नाउँमा सुनको हृषीकेशमूर्ति बनाउन लगाई स्थापना गरे।"

(३५) श्रीमत्श्रीराजाधिराजपरमेश्वरपरमभट्टारकेन श्रीमता श्रीनेपालेश्वरचक्रचूडामणि श्रीलक्ष्मीनारायणवतारश्रीश्रीजययक्षमल्लदेवेन ॥ दिवंगतपुत्रजयराजमल्लदेवकुमाराय तस्मै उद्देशनार्थं श्रीश्रीश्रीविष्णुप्रसादस्थापनादिध्वजावरोहनंपर्यन्तं संपूर्ण्ण कृतं दिवंगतपुत्रजयराजमल्लदेवकुमारस्य शरीरप्रमाण प्रतिमा सुवर्ण्णेन श्रीश्रीश्रीहृषीकेशमूर्तिनिर्म्मानं कृत्वा स्थापित, सुवर्ण्णरचिततोरणसद्प्रतिष्ठा कृत पुनश्च षडदर्शनजनात्रासत्रशाला अग्निशाला सद्कूपमंदिरसूपशाला जलधेनुसहप्रनालीजल प्रवाहयित्वा···सम्वत् ५८८ कार्तिककृष्णद्वितीयायां तिथौ मृगशिरनक्षत्र साध्ययोगे शुक्रवासरे थ्व कोन्हु।

(भक्तपुर तुलाछें टोलको अभिलेखबाट)

[श्रीराजाधिराज परमेश्वर परमभट्टारक श्रीनेपालेश्वरको समूहमा श्रेष्ठ भएका श्रीलक्ष्मीनारायणको अवतार भएका श्रीश्रीजययक्षमल्लदेवले दिवंगत छोरा जयराज मल्लदेव कुमारको निमित्त श्रीश्रीश्रीनारायणको मन्दिरको जग हाल्नुदेखि ध्वजा चढाउनुसम्मका सबै काम गर्नुभयो। दिवंगत छोरा जयराज मल्लदेव कुमारको शरीर जत्रै सुनको नारायणमूर्ति बनाई स्थापना गरियो। सुनको तोरणको प्रतिष्ठा गरियो। फेरि षड्दर्शन पढेकालाई बस्न सत्तल, अग्निशाला, कूवा असल भान्साघर, टुटेधारा बनाइए।·········ने. सं. ५८८ (वि. सं. १५२४) कार्तिक कृष्ण द्वितीया शुक्रवार मृगशिरा नक्षत्र साध्य योगमा]

यस दिनको गणना गर्दा आएको पञ्चाङ्ग यस प्रकारको छ–

ने. सं. ५८८ (वि. सं. १५२४) कार्तिक कृष्ण

| गते | वार | तिथि | घडी पला | नक्षत्र | घडी पला | योग | घडी पला |
|---|---|---|---|---|---|---|---|
| कार्तिक १५ | शुक्र | द्वितीया | ३३।१४ | मृगशिरा | २६।१ | साध्य | ३५।५४ |

"वि. सं १५२४ माघ १८ गते बृहस्पतिवारको दिन यक्षमल्लको पालामा धनुः शास्त्र सारिसिद्धचाइयो। यस बेला यक्षमल्ल र फर्पिङका राउतहरूको युद्ध भइरहेको थियो।"

(३६) सम्वत् ५८८ पौक्षकृष्णपञ्चम्यायां तिथौ। उत्रफाल्गुण प्र. हस्तनक्षत्रे। सुक्रमयोगे। बृहस्पतिवासरे। संपूर्ण्णं लिखितं। राजाधिराजपरमेश्वरपरमभट्टारकः श्रीश्रीजययक्षमल्लदेवस्य विजयराज्ये। श्रीशिषरापुरिपट्टने श्रीशुरकीवंसोद्भवश्रीजयशिहरावुतस्य। श्रीजयजोतिशिहरावुतस्य। श्रीप्रतापशिहरावुतस्य। श्रीसंसारशिहरावुतस्य। श्रीरत्नशिहरावुतस्य। श्रीजयकीर्तिशिहरावुतस्य। तस्यो विजयराजेन। लिखितं इह पुस्तकं केन श्रीचन्द्रपत्याराध्यसोमसर्म्मनस्य पुत्र श्रीरामसोमसर्म्मनेन लिखितं मनिकराज्यदैवज्ञ सिखेनमेक पुस्तकं लिखितं इह।·········श्रीश्रीजयजक्षमल्लदेवठाकुरस वो फर्पिंगश्रीचवभयरावुतस वो संग्राम जुरङासं चोया थ्व शास्त्र ॥

(वीरपुस्तकालय प. नं. १४११को धनुःशास्त्रबाट)

[ने. सं. ५८८ ( वि. सं. १५२४) पौष कृष्ण पञ्चमी बृहस्पतिवार उत्तरफाल्गुनी उप्रान्त हस्त-नक्षत्र सुकर्मयोगमा सारिसिद्धियो । राजाधिराज परमेश्वर परमभट्टारक श्रीश्रीजययक्ष मल्लदेवको विजयराज्यमा शिखरापुरीपत्तन (फर्पिङ)मा श्रीशुरकीवंशका श्रीजयसिंह राउत, श्रीजयज्योतिसिंह राउत, श्रीप्रतापसिंह राउत, श्रीसंसारसिंह राउत श्रीरत्नसिंह राउत श्रीजयकीर्तिसिंह राउत-हरूले शासन गरिरहेको बेलामा श्रीचन्द्रपति आराध्य सोमशर्माका छोरा रामसोम शर्माले यो पुस्तक सारेका हुन् । मणिकराज दैवज्ञका शिष्यले पनि यहाँ एक प्रति सारेका छन् ।······ श्रीश्रीजययक्षमल्लदेव ठाकुरसंग फर्पिङका चार राउतको संग्राम भइरहंदा यो शास्त्र लेखियो ।]

यस दिनको गणना गर्दा आएको पञ्चाङ्ग यस प्रकारको छ–
ने. सं. ५८८ वि. सं. १५२४ पौष कृष्ण (पूर्णान्तिमानले माघ कृष्ण)

| गते | वार | तिथि | घडी पला | नक्षत्र | घडी पला | योग | घडी पला |
|---|---|---|---|---|---|---|---|
| माघ १८ | बृहस्पति | पञ्चमी | ४६।५१ | उत्तरफाल्गुनी | ८।२४ | सुकर्मा | ३५।४४ |

"वि. सं. १५२७ श्रावण ३१ गते आइतवारको दिन यक्षमल्लको पालामा काठमाडौं मछिन्द्र-बहालका मणिकराज वज्राचार्यले पञ्चरक्षा सारिसिद्धयाए ।"

(३७) राजाधिराजपरमेश्वरपरमभट्टारकश्रीश्रीजयजक्षमल्लदेवस्य विजयराज्ये ॥ श्रेयोऽस्तु ॥ सम्वत् ५९० श्रावणशुक्लप्रतिपदयायान्तिथौ मघानक्षत्रे परिघयोगे कर्कटराशिगते सवितरि सिंहराशिगते चन्द्रमसि ॥ थ्व दिन कुन्हु थ्व पुस्तक दुकास्यं हस्यं पाठ गोयकं प्रतिवर्ष आदित्यवासरे पाठ याचकरवं जुरम् । लेखिक कोलिग्राम श्रीजमलगण्ठि वज्राचार्य मनिकराजचन्द्रेन ॥

(वीरपुस्तकालय प. नं. १११३,को पञ्चरक्षाबाट)

[राजाधिराज परमेश्वर परमभट्टारक श्रीश्रीजययक्ष मल्लदेवको विजयराज्यमा । कल्याण होस् । ने. स. ५९० (वि. सं. १५२७) श्रावण शुक्ल प्रतिपदा आइतवार मघा नक्षत्र परिघ योगमा कर्कट-राशिमा सूर्य सिंहराशिमा चन्द्रमा गएको बेलामा यो दिन पुस्तक भित्र्याई पाठ आरम्भ गराई प्रतिवर्ष आदित्यवारमा पाठ गराउनू । कोलिग्राम श्रीजमलगण्ठि (मछिन्द्रबहाल)का मणिकराज-चन्द्र वज्राचार्यले यो सारेका हुन् ।]

यस दिनको गणना गर्दा आएको पञ्चाङ्ग यस प्रकारको छ–
ने. सं. ५९० वि. सं.१५२७ श्रावण शुक्ल

| गते | वार | तिथि | घडी पला | नक्षत्र | घडी पला | योग | घडी पला |
|---|---|---|---|---|---|---|---|
| श्रावण ३१ | आदित्य | प्रतिपदा | ९।५४ | मघा | २२।१४ | परिघ | २७।४९ |

"वि. सं. १५२७ माघ ५ गते बुधवारको दिन यक्ष मल्लका पालामा पशुपतिमा तीनवटा सुनका गजूर चढाइए ।"

श्रीसूर्यवंशनृपतिर्जययक्षमल्लः प्रौढप्रतापभुवनैकमहाप्रवीणः
नेपालमण्डलविभूषितराजराजो भूयाद्विपक्षमथनो भुवि सुप्रसिद्धः ॥

तत्पुत्राः श्रीमन्तः कुमाराः सन्ति ।
ज्येष्ठश्रीजयरायमल्लनृपतिः श्रीरत्नमल्लप्रभुः
श्रीमच्छ्रीरणमल्लदेवगुणवान् श्रीराममल्लो नृपः
ख्यातः श्रीअरिमल्लदेवसुकृती श्रीपूर्णमल्लोवर–
स्तेषां वैरिगणाः प्रयान्तु निधनं शम्भोः प्रसादादिह
नेपालहायनगते विधुरन्ध्रबाणे
माघे सिते तिथिवरे नवमीप्रशस्ते
ऋक्षे विधेः शशिसुतेहनि ऐन्द्रयोगे
तस्मिन् सुवर्णकलशत्रयरोहणं स्यात् ॥

(पशुपतिको अभिलेखबाट)

[सूर्यवंशमा पैदा भएका ठूलो प्रतापले पृथ्वीमा प्रख्यात भएका नेपालमण्डलका राजाधिराज जययक्ष मल्लका शत्रुहरू नाश होऊन् ।

उहाँका छोरा राजकुमारहरू जेठा श्रीराय मल्लदेव, श्रीरत्न मल्लदेव, गुणी श्रीरण मल्लदेव, श्रीराम मल्लदेव, धर्मात्मा प्रख्यात भएका श्रीअरि मल्लदेव, कान्छा श्रीपूर्ण मल्लदेव हुनुहुन्छ । महादेवको निगाहबाट उहाँहरूका शत्रुहरू नाश होऊन् ।

ने. सं ५९१ (वि. सं. १५२७) माघ शुक्ल नवमी बुधवार रोहिणी नक्षत्र ऐन्द्र योगमा यहाँ तीनवटा सुनका गजूर चढाइए]

यस दिनको गणना गर्दा आएको पञ्चाङ्ग यस प्रकारको छ–

ने. सं. ५९१ वि. सं. १५२७ माघशुक्ल

| गते | वार | तिथि | घडी पला | नक्षत्र | घडी पला | योग | घडी पला |
|---|---|---|---|---|---|---|---|
| माघ ५ | बुध | नवमी | ५०।४० | रोहिणी | ५४।४८ | ऐन्द्र | ६। ५६ |

"वि. सं. १५३१ वैशाख १८ गते बुधबारको दिन यक्षमल्लका पालामा स्रग्धरास्तोत्र सारिसिद्धियो ।"

(३९) श्रीकाष्ठमण्डपमहानगरे च्येकनमगुङ्गीटोलके वंविहाराधिवासी·· ···॥सम्वत् ५९४ चैत्रकृष्णद्वादशी उत्रभद्रनक्षत्रे बुद्धदिने राजाधिराजपरमेश्वरपरमभट्टारकश्रीजयजक्षमल्लदेवस्य विजयराज्ये

(इण्डियाअफिसमा रहेको नं २७२३ को स्रग्धरास्तोत्रबाट)

[श्रीकाठमाडौं शहरमा चिकंमुगलटोल वंबहालमा बस्ने······ने. सं. ५९४ (वि. सं. १५३१) चैत्र कृष्ण द्वादशी बुधवार उत्तरभाद्र नक्षत्रमा राजाधिराज परमेश्वर परमभट्टारक श्रीजययक्ष मल्लदेवको विजयराज्यमा]

यस दिनको गणना गर्दा आएको पञ्चाङ्ग यस प्रकारको छ–

ने. सं. ५९४ वि. सं. १५३१ चैत्रकृष्ण (पूर्णान्तमानले वैशाखकृष्ण)

| | गते | वार | तिथि | घडी पला | नक्षत्र | घडी पला |
|---|---|---|---|---|---|---|
| वैशाख | १८ | बुध | द्वादशी | ३३ । ५६ | उत्तरभाद्र | ५९ । ५९ |

—०—


# योगनरेन्द्र मल्लको राज्याभिषेक

–धनवज्र वज्राचार्य

बुढेसकालमा छोरालाई राज्य सुम्पेर शान्तिमार्गमा लाग्ने आदर्श प्राचीन कालदेखि थियो तापनि इतिहासमा यसका उदाहरण धेरै पाइंदैनन् । ललितपुरका उठानका दुइ मल्ल राजा सिद्धिनरसिंह र श्रीनिवासले आफ्नो जीवितावस्थामै आफ्ना छोरालाई राज्य सुम्पेको घटनाबाट यस आदर्शको अनुसरण गर्न खोजिएको हो कि भन्ने आभास पर्छ । यस कारण यस विषयमा विचार गर्नु इतिहासको दृष्टिले आवश्यक देखिन्छ ।

सिद्धिनरसिंह सानै उमेरमा ललितपुरका शासक बनेका थिए । उनको जन्म वि. सं. १६६३ मा भएको थियो । यो कुरा हाळै पाइएको उनको टिप्पनबाट थाहा पाइन्छ* । वि. सं. १६७५ मा सिद्धिनरसिंह ललितपुरका शासकका रूपमा रहिसकेको उल्लेख पाइन्छ‡ ।

---

* 


सं. ७२६ आषाढकृष्ण ॥ अ. प्र नवमी ॥ भरणी ॥गंड॥ बृहस्पतिवार ॥ मीनलग्न, सिंहाङ्शके ॥ श्री २ हरिहरसिंहवर्म्मणस विवाहिनीभार्य्यायां श्रीश्रीसिद्धिनरसिंहमल्लदेव जातः ॥शुभं॥

(वीरपुस्तकालयमा रहेको १६७६ नं. को ठ्यासफुबाट)

[ने.सं. ७२६ (वि.सं. १६६३) आषाढ कृष्ण अष्टमी उप्रान्त नवमी बृहस्पतिवार भरणी नक्षत्र गण्ड योग मीन लग्न सिंहांशक परेको बेलामा श्रीश्रीहरिहरसिंहवर्माकी विवाहितारानीबाट श्रीश्रीसिद्धिनरसिंह मल्ल देवको जन्म भयो । ]

‡ इतिहास–संशोधनको प्रमाण प्रमेयका १६–१७ पृष्ठ हेर्नुहोस् ।

यसबाट १२वर्षको उमेरमै उनी शासक बनिसकेका देखिन्छन् । वि.सं. १६७७ फाल्गुन १५ गते दाजु* लक्ष्मीनरसिंहसंग सिद्धिनरसिंहले गरेको सन्धिपछि ललितपुर स्वतन्त्र राज्यको रूपमा कायम रह्यो△ ।

यसरी ललितपुरमा आफ्नो स्वतन्त्र राज्य कायम गर्ने काममा सिद्धिनरसिंह मल्लले आमा लालमतीबाट सहायता पाएको बुझिन्छ❁ । समर्थ भएपछि सिद्धिनरसिंह मल्लले ललितपुर राज्यलाई शत्रुका आक्रमणबाट बचाएर बलियो बनाए ।

सिद्धिनरसिंहको हृदय राजकाजतिर भन्दा धार्मिक काम–कुरातिर बढ्ता झुकेको थियो । यस कारण छोरा श्रीनिवास मल्ल अलि समर्थ भएपछि नै राजकाजको भार उनलाई सुम्पी आफू धर्मतिर लाग्ने विचार उनले लिए । पाटन नासलचोकको वि. सं. १६९७ को सिद्धिनरसिंहको अभिलेखबाट त्यस बेला सिद्धिनरसिंहले छोरालाई शासनसम्बन्धी केही अधिकार सुम्पिसकेको थाहा पाइन्छ % ।

---

* लक्ष्मीनरसिंह सिद्धिनरसिंहभन्दा आठ वर्षले जेठा थिए। लक्ष्मीनरसिंहको जन्म वि.सं. १६५५ मा भएको हो । उनको टिप्पन यस प्रकारको छ–

" सं. ७१८ वैशाषशुक्ल ॥ द्वि२२ प्र तृतीया ॥ रो २४ प्र मृगशिरा नक्षत्र ॥ अ प्र शुक्रमान ॥ बृहस्पति ॥ सं प्र घ ११ वि २४ धनुर्लग्ने धन्वङ्शके॥ श्री २ हरिहरसिंहवर्म्मणस पुत्र श्रीलक्ष्मीनरसिंह जातः ॥"

(वीरपुस्तकालयमा रहेको ठ्यासफुबाट)

[ ने. सं. ७१८ (वि. सं. १६५५) वैशाख शुक्ल द्वितीया २२ घडी उप्रान्त तृतीया बृहस्पतिवार रोहिणी २४ घडी उप्रान्त मृगशिरा नक्षत्र अतिगण्ड उप्रान्त सुकर्मा योगमा (रातको) ११ घडी २४ पलामा धनु लग्न धनु अंशमा श्रीश्रीहरिहरसिंहवर्माका छोरा श्रीलक्ष्मीनरसिंहको जन्म भयो । ]

△ ऐतिहासिक–पत्र–संग्रह (दोस्रो भाग) का १–१० पृष्ठ हेर्नुहोस् ।

❁ सिद्धिनरसिंहको कृष्णमन्दिरको अभिलेखमा लालमतीको विशेष वर्णन परेको हुनाले यस कुराको अनुमान हुन्छ । सो अभिलेख संस्कृतसन्देश २।४-५-६ मा प्रकाशित भएको छ ।

% "येनादायि मुरारयेऽश्मसदनं सर्व्वाय वापीद्वयं
पुत्रायावनिपालता हुतवहज्वालाय कोटचाहुतिः ।
विप्रायाथ धरागजाश्वसदनस्वर्ण्णान्नकल्पद्रुमा
लक्षप्रस्थमिताक्षताष्पटचया हैमाश्च सप्ताब्धयः ॥

सम्वत् ७६१ फाल्गुन कृष्ण द्वितीया हस्तानक्षेत्र शुभयोग बुधवार कुह्न...डातं पोलल देवर दोयकं...प्रतिष्ठा याङा "

(अभिलेख–संग्रह छैटौं भागमा यो प्रकाशित भएको छ ।)

[ जसले (सिद्धिनरसिंहले) कृष्णलाई ढुङ्गाको मन्दिर चढाउनुभयो, महादेवलाई दुइटा पोखरी चढाउनुभयो, छोरालाई राज्याधिकार दिनुभयो, अग्निलाई कोटिहोमले तृप्त पार्नुभयो, ब्राह्मणलाई जग्गा घर हात्ती घोडा सुनका अन्नका कल्पवृक्ष लाख पाथी चामल कपडाको थुप्रो र सुनका सात समुद्र दान दिनुभयो ।

ने. सं. ७६१ (वि- सं. १६९७) फाल्गुन कृष्ण द्वितीया बुधवार हस्त नक्षत्र शुभ योगको दिन पाँचतले देवल बनाएर प्रतिष्ठा गर्नुभयो । ]

यस वेला श्रीनिवास मल्ल कच्चै उमेरका थिए ÷ । स्वयं सिद्धिनरसिंह पनि बूढा भइसकेका थिएनन्, ३४ वर्षका मात्र थिए । तर उनको मन यस वेला राजकाजबाट विश्राम लिनेतिर ढलिकसकेको थियो भन्ने यताबाट थाहा पाइन्छ ।


राज्याधिकार छोरालाई सुम्पने यो काम सिद्धिनरसिंहले आफ्नं इच्छाअनुसार गरेका हुन् । छोराले असन्तोष गरेको वा विद्रोह गर्न खोजेको कुनै लक्षण देखापरेको थिएन ।

श्रीनिवास मल्ल राम्ररी काम गर्न सक्ने भएपछि सिद्धिनरसिंहले सर्वात्मना राज्यत्याग गरी श्रीनिवास मल्ललाई गद्दीमा राखे । यो घटना कहिले भयो भन्ने तात्कालिक वर्णन पाइएको छैन तापनि श्रीनिवास मल्लको ने. सं. ७८१ (वि. सं. १७१७) को टक ❁ पाइएको हुनाले यसै साल राज्याभिषेक सम्पन्न भयो भन्ने देखिन्छ ।

यसपछि सिद्धिनरसिंह राजर्षिका रूपमा धर्मकर्म गरी रहन लागे । वि. सं १७३२ सम्म उनी जीवित थिए तथा ललितपुरमै थिए भन्ने कुरा भण्डारखालको अभिलेखबाट थाहा पाइन्छ + ।

---

÷ सिद्धिनरसिंह मल्लका छोराको टिप्पन पाइएको छ । सो यस प्रकारको छ—




सं. ७४७ अश्विणी कृष्ण ॥ द्वि२२ प्र तृतीयान्तिथौ जात कृ प्र रोहिणीनक्षेत्रे ॥ वलियानयोग ॥ अंगालवाल ॥ वेला संप्रघति १३ वि ४० कर्क्कटरग्न,तुरांश द्वितीय द्रेकान्ये श्रीश्री सिद्धिनरसिंह मल्लस श्रीश्रीपुत्र जात ॥

(वीरपुस्तकालयमा रहेको ठ्यासफुबाट)

[ ने. सं. ७४७(वि. सं. १६८४) आश्विन कृष्ण द्वितीया २२ घडी उप्रान्त तृतीया मङ्गलवार कृतिका उप्रान्त रोहिणी नक्षत्र वरीयान योगमा (रातको)१३ घडी ४० पलामा कर्कट लग्न तुलांशक द्वितीय द्रेष्काण परेको बेलामा श्रीश्रीसिद्धिनरसिंह मल्लका श्रीश्रीछोराको जन्म भयो । ]

यहाँ नामोल्लेख भएको छैन तापनि राजोचित बुइ श्री हुनाले श्रीनिवास मल्लको टिप्पन यो हो भन्ने देखिन्छ ।

❁ 'नेपाली राष्ट्रिय मुद्रा' को ९८ पृष्ठ हेर्नुहोस् ।

+ "...राजऋषीश्वर श्रीश्रीजयसिद्धिनरसिंह मल्लदेव प्रभु ठाकुरसन ॥ श्री ३ इष्टदेवतायात स्वानयात निमित्तन थ्व क्यव वुन्ता . . थ्वतिया साक्षी नेपालेश्वर महाराजाधिराज श्रीश्रीजयश्रीनिवास मल्लदेव प्रभु थाकुलस दृष्टः ॥ सम्वत् ७९६ कार्तिकशुक्लप्रतिपद्यान्तिथौ ॥"

(अभिलेख–संग्रह छैटौं भागमा यो छापिएको छ ।)

[ ठूला राजर्षि श्रीश्रीजयसिद्धिनरसिंह मल्लदेव प्रभु ठाकुरले श्री ३ इष्टदेवतालाई फूलको निमित्त या बगैंचा चढाउनुभयो । यसका दृष्टसाक्षी नेपालेश्वर महाराजाधिराज श्रीश्रीजयश्रीनिवास मल्लदेव प्रभु ठाकुर हुनुहुन्छ । ने. सं. ७९६ (वि. सं. १७३२) कार्तिक शुक्ल प्रतिपदा । ]

श्रीनिवास मल्ल योग्य शासक थिए । उनले आफ्ना छिमेकी राज्य कान्तिपुर भक्तपुरहरूसंग अनेक कुरामा टक्कर लिएर ललितपुरको शान कायम गरे । एकताका त उनी उपत्यकाका तीनै राज्यमा प्रभाव फैलिएका नेपालेश्वरका रूपमा पनि देखापरेका थिए + ।

यसरी बाहिर श्रीनिवास मल्लको प्रभाव बढे पनि भित्रभित्रबाट उनीउपर मन्त्रीको ठूलो प्रभाव पर्न थाल्यो । चौतारा भगीरथ भैया श्रीनिवासउपर कुनै किसिमले असर पारी शक्तिशाली भई निस्के । 'म र भगीरथ भैयामा कुनै फरक मैले देखेको छैनं, अरूले पनि फरक संझनु हुँदैन' भन्ने घोषणा राजाबाट गराइयो । यो कुरा शिलापत्रमा कुँदाई ललितपुरको प्रसिद्ध देवमन्दिरमा राख्न लाइयो । यसपछि श्रीनिवास मल्लले गरेका प्रत्येक काम कुरामा भगीरथ भैयाको सल्लाहले गरिएको भनी लेखिन लाग्यो* ।

यसरी भगीरथ भैयाको शक्ति बढ्नु युवराज योगनरेन्द्र मल्ललाई मन नपर्नु स्वाभाविक थियो । यस कुरामा युवराज योगनरेन्द्र मल्लले विरोध गर्ने सम्भावना छ भन्ने कुरा भगीरथ भैयाले पनि अघिबाटै देखेका थिए । यसै हुनाले वि. सं. १७२९ मा 'म र भगीरथ भैयामा फरक छैन' भन्ने घोषणा राजाबाट गराउँदा योगनरेन्द्र मल्ललाई पनि साक्षी राख्न लाएका थिए। परन्तु त्यस वेला योगनरेन्द्र मल्ल पाँच वर्षका मात्र थिए ∈ । यस कारण त्यस वेला के घटना हुन लागिरहेछ भन्ने कुरा बुझ्ने अवस्था उनको भएको थिएन । पछि बुझ्ने भएपछि योगनरेन्द्र भगीरथ भैयादेखि जल्न लागे। अतः उनी भित्रभित्रबाट भगीरथ भैयालाई पन्छाउने मौका पर्खन लागे । तर राजाले पत्याई अघिदेखि अधिकार दिइएका व्यक्तिलाई सजिलैसंग हटाउनु सम्भव थिएन ।

आखिरमा अर्को उपाय नपाई योगनरेन्द्र मल्लले आफ्ना बाबुको विरुद्धनै एक किसिमले विद्रोह गर्न थाले । ढुकुटीको पैसा हात लाई योगनरेन्द्र मल्ल राजदरबारमा नबसी अन्तै गई रहन लागे । यस कुराले श्रीनिवास मल्ललाई ठूलो चिन्ता पर्न लाग्यो । समर्थ भइसकेका छोरालाई दबाउनु उनले श्रेयस्कर संझेनन् । उनको अगाडि आफ्ना बाबु सिद्धिनरसिंहले आफूलाई राज्य सुम्पिदिएको आदर्श खडा थियो । यस कारण श्रीनिवासले छोरालाई बोलाई राज्य सुम्पनु नै उचित संझे । तदनुसार वि. सं. १७४१ पौषमा श्रीनिवास मल्लले राज्य त्याग गरी योगनरेन्द्रलाई गद्दीमा राखे । यसको वर्णन वंशावलीकारले यसरी गरेका छन्–

"संवत् ८०२ (वि. सं. १७३८) माघ कृष्ण २ का दिन साह्रै तुषारवृष्टि भयो । पुत्रले मंत्रीका खेलले दरबारको धन द्रव्य सारी लगनका स्थान सन्धि बसी बेपारीकन झिकाई बेपार चलाई न्हुपुखल (नयाँ पोखरी) बनाउनको पनि इच्छा गऱ्या र छोराले ममाथि अप्रीति गऱ्यो, राजाको काम गर्न यदि आँटचो त क्या होला उनको मनसुबा पुऱ्याइदिउँ भनी शान्तस्वभावका राजा हुनाले राजकुलमा बोलाई संवत् ८०५ पौष कृष्ण ५ बृहस्पतिवार हस्तनक्षत्र सुकर्मा योगका दिन योगनरेन्द्र मल्लकन सुवर्णादि कलश स्थापना गरी राज्याभिषेकको विधि पुऱ्याई राज्याभिषेक दिया ।'

---

+ 'पूर्णिमा' ५ अङ्कको २५ पृष्ठ हेर्नुहोस् ।

* पूर्णिमा ५ अङ्कका २४–२५ पृष्ठ हेर्नुहोस् ।

∈ योगनरेन्द्र मल्लको जन्म वि. सं १७२४ मा भएको हो । पूर्णिमा ६ अङ्कको ३८ पृष्ठ हेर्नुहोस् ।

योगनरेन्द्र मल्लले यसरी राज्यप्राप्ति गरेको यो घटना त्यस वेला चर्चाको विषय बन्नु स्वाभाविक थियो । कसैले यसको समर्थनमा र कसैले घुइरो घुइरो यसको विरोधमा पनि बोल्नु स्वाभाविक थियो । यस कारण योगनरेन्द्र मल्लको पक्षले यसको औचित्य सिद्ध गरी प्रचार गर्नु आवश्यक संझ्यो । यसै प्रसङ्गमा योगनरेन्द्र मल्लको स्तुति पारी बनाइएका केही पद्य अहिले पाइएका छन् । प्रस्तुत विषयमा केही प्रकाश पार्ने हुनाले ती पद्य यहाँ उद्धृत गर्नु आवश्यक संझन्छु ।

"बानाकाशगजाख्यके शुभयुते नेपालसंवच्छले
पौषे मासि शितेतरे सुरगुरौ हस्तर्क्षयुक्ते शुभे ।
पञ्चम्यां च तिथौ स्मरारिगृहिणीगेहे सुकर्माख्यके
योगे राजसभा तथा गुणिगणाढ्यक्ले समख्ये गुरोः ॥
छत्रं यागमनुत्तमं हि तदनु स्यात्सर्व्वतोभद्रकं
सत्सिंहासनमुत्तमं हि विलसत्सत्तोरणाख्यं परं ।
दृष्ट्वा चक्रवरान्यमूनिगणकात् श्रीमन्निवासो नृपः
स्वात्मन्येव विचार्य्य कार्य्यकुशलस्तूष्णीं स्थितः सादरं ॥
तस्मिन्नेव दिने विचार्य्य मनसा चंडांशुवंशस्य सत्—
कीर्तिं सिद्धिनृसिंहमल्लनृपतेर्द्धैर्य्यञ्च ऋद्धिं परां ।
पश्चाद् योगनरेन्द्रमल्लहरये राज्याभिषेको मुदा
नेपालेशनिवासमल्लकृतिना तेनार्पितः सादरात् ॥
लोकाविरुद्धं किल शास्त्रशुद्धं राज्यं समादाय पितुस्सकाशात ।
श्रीयोगपूर्व्वो नरराजसिंहो विराजते पर्व्वतचक्रवर्त्ती ॥
केचिद्राज्यनिमित्तमेव महता कष्टेन लोके गुरुं
निर्म्मथ्य स्ववशार्थमेव धरणीं लोकेऽयशो लेभिरे ।
दृष्ट्वान्येवमपिन्वया (?) ह्निनमर्णेर्व्वंशेष्वकीर्त्तेर्भयात्
श्रीमद्योगनरेन्द्रमल्ल भवता राज्यं गुरोर्याचितं ॥
दानैष्कर्णसमो जितो भुजबलैर्भूपा जिताः सर्व्वतो
विद्वांसो कविताबलेन गुणिनः सर्व्वे गुणैर्निर्ज्जिताः ।
श्रीमत्सिद्धिनृसिंहवंशतिलकः श्रीश्रीनरेन्द्राभिधः
संगीतार्णवपारगो विजयते नेपालचूडामणिः ॥"

(वीरपुस्तकालयमा रहेको ठ्यासफुबाट)

[ ने. सं ८०५ (वि. स. १७४१) पौष कृष्ण पञ्चमी बृहस्पतिवार हस्त नक्षत्र सुकर्मा योगमा मूलचोकमा राजसभा भयो, गुणीहरू तथा बाबुको सामुन्ने उत्तम यज्ञ गरियो, सर्वतोभद्र मण्डप बनाई छत्र चँदुवासहित सिंहासन तयार गरियो । आफ्नै मनमा विचार गरी काम गर्न जान्ने राजा श्रीनिवास मल्ल ठूलठूला पण्डितबाट भएको यो तयारी आदरपूर्वक हेरी चूप लागेर बस्नुभएको थियो ।

सूर्यवंशको असल कीर्ति तथा सिद्धिनरसिंह मल्लको धैर्य र ठूलो ऐश्वर्यलाई मनमनै विचार गरी नेपालेश्वर श्रीनिवास मल्ल राजाले त्यही दिन योगनरेन्द्र मल्ललाई खुशीसाथ आदरपूर्वक राज्याभिषेक दिनुभयो ।

लोकमा विरुद्ध नहुने गरी शास्त्रबमोजिम बाबुबाट राज्य पाएर राजा योगनरेन्द्र मल्ल पर्वतचक्रवर्ती भई सुहाइरहनुभएको छ ।

राजा श्रीयोगनरेन्द्र मल्ल! केहीले राज्यको निमित्त नै ठूलो कष्टले बाबुलाई सिद्धयाएर राज्य आफ्नो हातमा पारीकन बदनाम कमाएथे। सूर्यवंशमा अकीर्तिको दाग नरहोस् भन्नाका लागि हजुरले आफ्ना बुवाबाट राज्य माग्नुभयो ।

दानले कर्णलाई, बाहुबलले राजाहरूलाई, कविताले विद्वान्लाई, गुणले गुणीहरूलाई जितेका संगीतशास्त्रमा पारङ्गत भएका, श्रीसिद्धिनरसिंहको कुलमा श्रेष्ठ भएका नेपालका ठूला राजा योगनरेन्द्र मल्ल विजयी भई रहनुभएको छ । ]

योगनरेन्द्र मल्लको राज्यप्राप्ति उचित थियो भन्ने देखाई लेखिएका यी पद्यमा राज्यप्राप्तिका लागि बाबुलाई पनि कोही अंठ्याउँछन् आदि कुराको चर्चा परेको हुनाले श्रीनिवास मल्लले स्वेच्छाले राज्य छोडेका होइनन् , योगनरेन्द्रलाई सन्तुष्ट पार्न उनले यो काम गरेका हुन् भन्ने कुराको झलक यताबाट पाइन्छ ।

चन्द्रमान जोशीसंग रहेको ठ्यासफुको वाक्यबाट पनि श्रीनिवास मल्ललाई हटाएर योगनरेन्द्र गद्दीमा बसेका हुन् भन्ने संकेत पाइन्छ । सो यस प्रकारको छ—

"सं. ८०५ पौष कृष्ण ॥ पञ्चमा हस्तनक्षत्र बृहस्पतिवार थ्व कुह्नु श्री २ योगनरेन्द्र मल्ल राजा मार, बबु श्री २ निवासमल्ल मखयकाओ, यँया खपयां राजा दयकाओ ।"

[ने. सं. ८०५ (वि. सं. १७४१) पौष कृष्ण पञ्चमी बृहस्पतिवार हस्त नक्षत्रको दिन बाबु श्रीश्रीनिवास मल्ललाई झिकी श्रीश्रीयोगनरेन्द्र मल्ल राजा बनाइनुभयो। कान्तिपुर र भक्तपुरका राजाहरू आउनुभएको थियो । ]

यति कुराबाट योगनरेन्द्र मल्लको राज्याभिषेक सोझै भएको थिएन, गृहकलह हुन लागेको हुनाले सो रोक्न श्रीनिवास मल्लले आफू पर हटी छोरालाई राज्य सुम्पिदिएका हुन भन्ने निश्चित हुन्छ ।

आफ्नो हातमा राज्याधिकार आएपछि योगनरेन्द्र मल्लको पहिलो प्रमुख काम चौतारा भगीरथ भैयालाई हटाउनु रह्यो । यो काम गर्नु त्यति सजिलो थिएन । यसका लागि भगीरथ भैयाउपर कुनै आरोप लगाई दुनियाँको नजरबाट उनलाई गिराइदिनु आवश्यक थियो । यसै हुँदा चौतारा भगीरथ भैयाले रानीहरूप्रति शिष्टाचार पुऱ्याएनन् भन्ने हल्ला पिटाई यसको विरोधमा ललित-पुरका प्रजाहरू उठाइए। अनि यसै आरोपमा भगीरथ भैया खोसिए। खोसिए पनि भगीरथ भैयाले दाउपेच गर्नु सम्भव हुँदा पछि योगनरेन्द्रले उनलाई सुटुक्क मार्न लाए । यसरी ललितपुरको इतिहासमा एक अध्याय समाप्त भयो+ ।

—o—

+ चौतारा भगीरथ भैयाबारे 'पूर्णिमा' ५ अङ्कमा मैले यही लेखेको थिएं। त्यस वेला योगनरेन्द्र मल्लको राज्याभिषेकबारे कुरा खुल्न सकेको थिएन । अहिले खुल्न आएकोले यो निबन्ध प्रकाश गरिएको हो ।

# भूपतीन्द्र मल्ल

—भोलानाथ पौडेल

भूपतीन्द्र मल्ल भक्तपुरका प्रसिद्ध राजामध्ये पर्दछन् । वास्तुकलाप्रेमी भूपतीन्द्र मल्ललाई संझाउने अनेक कृतिहरू अहिलेसम्म भक्तपुरमा छंदैछन् । राजकाजमा पनि भूपतीन्द्र मल्लले आफ्नो कुशलता देखाएका थिए । यस कारण पाइएका सामानका आधारमा भूपतीन्द्र मल्लबारेमा केही लेख्नु आवश्यक संझेको छु ।

वि. सं. १७३१ कार्तिक २३ गते रानी लालमतीको कोखबाट भूपतीन्द्र मल्लको जन्म भएको हो× । भूपतीन्द्र मल्लका बाबा सुमति जितामित्र मल्ल उदार प्रकृतिका राजा थिए । आफ्ना छोरा योग्य बनून् र शासनको भार थाम्न सक्ने बनून् भन्ने इच्छा उनले लिए । छोरा केही समर्थ भए-पछि उनले राजकाजमा छोरा भूपतीन्द्र मल्ललाई सोझै सामेल गराई शासनको तालिम दिलाएका थिए । यो कुरा तात्कालिक अभिलेख हस्तलिखित पुस्तकहरू छानबीन गरी हेर्दा स्पष्ट देख्छौं ।

भूपतीन्द्र मल्लका ने. सं. ८१६ का टकहरू पाइन्छन् । तिनमध्ये एउटा सुकीमा ने. सं. ८१६ भाद्र वदि ११ लेखिएको छ+ । यसरी टकमा महीना तिथि समेत कुँदिएको हुनाले यो टक भूपतीन्द्र मल्लको राज्याभिषेकको अवसरमा ढालिएको हो भन्ने निश्चित छ । यसै गरी रणजित् मल्लको राज्याभिषेकमा पनि महीना तिथिको उल्लेख गरी टक ढालिएको थियो । ने. सं. ८१६ (वि. सं. १७५२) फाल्गुनमा जितामित्र मल्ल र योगनरेन्द्र मल्लको सन्धि= भएको देखिनाले त्यस बेला सम्म भक्तपुरको राजगद्दीमा जितामित्र नै थिए भन्ने कुरा निश्चित छ । यति कुराबाट भूपतीन्द्र मल्ल गद्दीमा बसेको वि. सं. १७५३ आश्विन ११ गते हो भन्ने सिद्ध हुन्छ । परन्तु योभन्दा पाँच

---

× ७९५ कार्तिकशुदि ६ श्री २ जयभूपतीन्द्र मल्लदेवस जन्म दिन
(इतिहास प्रकाश २अं. ३भा. ५६८ पृ. मा प्रकाशित धनेश्वर राजोपाध्यायको कागतबाट)
[ने. सं. ७९५ (वि. सं. १७३१)कार्तिक शुक्ल षष्ठी श्रीश्रीजयभूपतीन्द्र मल्ल देवको जन्म दिन.]

यस दिनको गणना यस प्रकारको छ—

ने. सं. ७९५ वि. सं. १७३१ कार्तिक शुक्ल

| | गते | वार | तिथि | घ. प, |
|---|---|---|---|---|
| कार्तिक | २३ | [शनि] | षष्ठी | ५४।५९ |

+ यस दिनको गणना यस प्रकारको छ—

ने. सं. ८१६ वि.सं. १७५३ भाद्र कृष्ण पूर्णान्तमानले आश्विन कृष्ण

| | गते | वार | तिथि | घ. प. |
|---|---|---|---|---|
| आश्विन | ११ | [शुक्र] | एकादशी | ४९।७ |

यस टकको चर्चा 'नेपाली राष्ट्रिय मुद्रा' को ९५ पृष्ठमा परेको छ ।

= ऐतिहासिकपत्रसंग्रह दोस्रो भागको १७—२२ पृष्ठ हेर्नुहोस् ।

वर्ष जति अगाडि नै भूपतीन्द्र मल्ल शासकका रूपमा देखापरिसकेका छन् । सो कुरा तलका तात्कालिक अभिलेखहरूबाट थाहा हुन्छ ।

…वैशाखमासे कृष्णपक्षे द्वादश्यान्तिथौ, रेवतीनक्षत्रे, सौभाग्ययोगे, …बृहस्पतिवासरे, वृषराशिगते सवितरि मीनराशिगते चन्द्रमसि…

अनुज्ञां निजे मूर्ध्नि चाधाय क्षिप्रं जितामित्रमल्लस्य तातस्य नूनं ।
सुविश्रान्तिशालासमेतां प्रणाळीं मुदाकारयद् भूपतीन्द्रो धरेन्द्रः ॥
…श्रीनेपालसम्वत् ८११

(ठिमी दथुफलेको शिलापत्रबाट§)

[ने. सं. ८११ (वि. सं. १७४८) वैशाख कृष्ण (पूर्णान्तमानले ज्येष्ठ कृष्ण) द्वादशी बृहस्पतिवार रेवती नक्षत्र सौभाग्य योग बृष राशिमा सूर्य मीन राशिमा चन्द्रमा रहेको दिनमा‡

आफ्ना बुवा जितामित्र मल्लको आज्ञा शिरोपर गरी राजा भूपतीन्द्र मल्लले पाटीसमेतको यो धारा छिटो बनाउन लाउनुभयो ।]

श्रीसूर्यवंशोद्भवभूपतीन्द्रमल्लो नृपाणां विजयी रणश्रीः
नेपालदेशे सुचरित्रवेशे वर्वर्ति विश्वोपरि राजराजः।…

संवत् ८१२ आश्विनमासे शुक्लपक्षे पञ्चम्यां तिथौ ज्येष्ठनक्षत्रे शोभनयोगे अङ्गारवासरे…

(वीरपुस्तकालयको पहिलो ५४ संख्याको ताराभक्तिसुधार्णव*बाट)

[सूर्यवंशमा पैदा भएका लडाईंमा राजाहरूलाई जितेका राजा भूपतीन्द्र मल्ल राम्रो चरित्र र भेष भएको नेपाल देशमा रहनुभएको छ ।

ने. सं. ८१२ (वि. सं. १७४९) आश्विन शुक्ल पञ्चमी मङ्गलवार ज्येष्ठा नक्षत्र शोभन योगमा❁ ।]

सम्वत् ८१६ कार्त्तिक, कृष्ण, द्वितीया, मृगशिर नक्षेत्र, सिद्धियोग अंगारवार, ॥ थ्व कुन्हु सिधयका दिन ॥ श्रीश्रीभूपतीन्द्र महाराजाधिराजस्य इदं पुस्तकं ॥

(वीरपुस्तकालय पहिलो १०४५ संख्याको 'योगावली'बाट×)

---

§ यस शिलालेखको उल्लेख भ. पु. शिलालेख सूचीमा भएको छ ।

‡ यहाँ उल्लेख भएको तिथिमितिको गणना यस प्रकारको छ–

ने. सं. ८११ वि. सं. १७४८ वैशाख कृष्ण पूर्णान्तमानले ज्येष्ठ कृष्ण

| | गते | वार | तिथि | घ. प. | नक्षत्र | घ. प. | योग | घ. प. |
|---|---|---|---|---|---|---|---|---|
| ज्येष्ठ | १६ | बृहस्पति | द्वादशी | ५४।३९ | रेवती | १४।१ | सौभाग्य | ५३।५७ |

* वीरपुस्तकालयको तन्त्रविषयको बृहत्सूची १६१ पृष्ठमा यो भाग प्रकाशित भएको छ ।

❁ यहाँ उल्लेख भएको तिथिमितिको गणना यस प्रकारको छ ।—

ने. सं. ८१२ वि. सं. १७४९ आश्विन शुक्ल

| | गते | वार | तिथि | घ. प. | नक्षत्र | घ. प. | योग | घ. प. |
|---|---|---|---|---|---|---|---|---|
| कार्तिक | ३ | मङ्गल | पञ्चमी | ४१।२२ | ज्येष्ठा | २८।१८ | शोभन | ४४।५० |

× वी. पु. ज्यौतिषविषयको बृहत्सूचीपत्र १७४ पृष्ठमा यो भाग प्रकाशित भएको छ ।

[ने. सं ८१६ (वि. सं. १७५२) कार्तिक कृष्ण (पूर्णान्तमानले मार्ग कृष्ण) द्वितीया मङ्गलवार मृगशिरा नक्षत्र सिद्धियोग यस दिन⊡ सिद्ध्याइयो । महाराजाधिराज श्रीश्रीभूपतीन्द्रको यो पुस्तक हो ।]

यताबाट भूपतीन्द्र मल्ल गद्दीमा बस्नुभन्दा पहिले नै उनलाई राजोचित संमान देखाइएको कुरा स्पष्ट छ । आफू जीवित छँदै छोरालाई राजकाजको अनुभव दिलाउनाको लागि जितामित्र मल्लले यो काम गरेको देखिन्छ ।

ललितपुरमा श्रीनिवास र योगनरेन्द्र मल्लको बीचमा उत्पन्न हुन लागेको कलह श्रीनिवासले छोरालाई गद्दी छोडिदिएपछि मात्र शान्त भएको घटना+ ताजै थियो । श्रीनिवास मल्ललाई जितामित्र मल्ल आदरभावले हेर्थे* । श्रीनिवासले राज्य त्याग गरी योगनरेन्द्र मल्ललाई गद्दीमा राखेको अवसरमा जितामित्र मल्ल स्वयं उपस्थित पनि भएका थिए । यस कारण यस घटनाले जितामित्र मल्लको मनमा असर पारेको देखिन्छ । यसै हुँदा ललितपुरको जस्तो घटना आफूकहाँ पनि घट्न अवसरै नआओस् भन्नाका लागि यस विषयमा दृष्टि दिई जितामित्र मल्लले भूपतीन्द्र मल्ललाई अलि अलि गरी शासनाधिकार सुम्पिदै गएका हुन् भन्ने बुझिन्छ ।

सुमति जितामित्र मल्लको बुद्धिमत्तापूर्ण यस कामले राम्रै नतिजा निस्क्यो । वि. सं. १७५३ मा जितामित्र पछि विधिबमोजिम भूपतीन्द्र मल्ल राजा हुंदा उनी राम्ररी शासन गर्न सक्ने अवस्थाका भइसकेका थिए । पहिलेदेखि शासनको अनुभव पाएका हुँदा उनलाई कुनै चौतारा (प्रधान मन्त्री) वा अरू भारदारहरूले अंठ्याउन सकेका थिएनन् । बाबुका पालाका शक्तिशाली चौतारा भागिराम धिनका पालामा त्यस रूपमा कायम रहेनन् । भूपतीन्द्र मल्लको पालामा अरू कुनै चौतारा पनि एक टङ्कारसँग रहन सकेका छैनन् । मल्ल राजवंशकै मठ्याहा सन्तान हाकुभा ↗ केही काल चौताराको पदमा रहे तापनि भागिरामको स्थितिमा पुगेका थिएनन् । उठानमा भूपतीन्द्र मल्ललाई सहायता गर्न उनका काका उग्रमल्ल थिए तापनि उनले पनि राजा भूपतीन्द्र मल्ललाई अँठ्याउन सकेका थिएनन् ।

यसरी जितामित्र मल्लले बुद्धि पुर्‍याइदिएका हुनाले भूपतीन्द्र मल्लको शासनकालमा राजव्यसन खडा भएन ।

यस वेला उपत्यकाका तीन राज्यका मल्ल राजाहरू एकलाई हात लिई अर्कोलाई अंठ्याउन कोशिश गरिरहन्थे । भूपतीन्द्र मल्लको शासनकालमा भएका राजकाजसंबन्धी घटनाहरू धेरैजसो यहीविषयका छन् । ललितपुरका राजा योगनरेन्द्र मल्ल विजिगीषु व्यक्ति हुँदा प्रायः भूपतीन्द्र

---

⊡ यहाँ उल्लेख भएको तिथिमितिको गणना यस प्रकारको छ—

ने. सं. ८१६ वि.सं १७५२ कार्तिक कृष्ण पूर्णान्तमानले मार्ग कृष्ण

| | गते | वार | तिथि | घ. प. | नक्षत्र | घ. प. | योग | घ. प. |
|---|---|---|---|---|---|---|---|---|
| मार्ग | १२ | मङ्गल | द्वितीया | ४७।९ | मृगशिरा | ५२।३७ | सिद्धि | १५।३४ |

+ यसै अङ्कमा प्रकाशित "योगनरेन्द्रको राज्याभिषेक" भन्ने निबन्ध हेर्नुहोस् ।

* पूर्णिमा १ अङ्कको २३ पृष्ठ हेर्नुहोस् ।

↗ ऐतिहासिक-पत्रसंग्रह दोस्रो भागको २१ पृष्ठ हेर्नुहोस् ।

मल्लको उनीसँग टक्कर पर्‍यो । यस टक्करमा भूपतीन्द्र मल्ल योगनरेन्द्रको अगाडि झुकेनन् । बरु योगनरेन्द्र मल्ललाई भूपतीन्द्र मल्लले अरू राजाहरूको सहायताले कहिले कहीं अंठ्याएका पनि थिए । यो कुरा तल उद्धृत गरिने घटनाबाट हामी थाहा पाउँछौं ।

वि. सं. १७५८ मा योगनरेन्द्र मल्लले भूपतीन्द्र मल्ललाई तामापत्र गरिदिएका थिए । त्यसको मुख्य विषय 'भक्तपुरको सल्लाह नलिईकन ललितपुरले काठमाडौंसंग सहायता माग्यो भने चालीस हजार रूपिया भक्तपुर गोरखा मकवानपुर उपाध्या (तनहु) यी चार देश मिली ललितपुरसंग अंठ्याएर लिनू' भन्ने परेको छ । त्यसको/// अलिकता सारांश यस प्रकारको छ–

श्रीश्रीजयभूपतीन्द्र मल्लदेवस्त···श्रीश्रीवीरजययोगनरेन्द्र मल्लदेवसन तावापत्र चोस्यं प्रसन्न जुयास भाषा· ·अलन खपो व बिनासाहुतिन यं व बोलय यातसा मोहर टंका पिय दोल४०००० खपो गोर्षा मोकांपुर उपाध्या थ्व पेह्मस्यन अलस छेकय याङाव काय जुरो ।

[श्रीश्रीजयभूपतीन्द्र मल्लदेवलाई···श्रीश्रीवीरजययोगनरेन्द्र मल्लदेवले प्रसन्नतापूर्वक लेखिदिनुभएको तामापत्रको बेहोरा···

ललितपुरले भक्तपुरको सल्लाह नलिईकन कान्तिपुरसंग गुहार माग्यो भने ४०००० हजार रुपियाँ भक्तपुर गोरखा मकवानपुर उपाध्या ( तनहुँ ) यी चार राज्यले ललितपुरलाई अंठ्याई लिनू । ]

यस सन्धिपत्रबाट भूपतीन्द्र मल्लले बाहिरका राजाहरूको सहायता लिई योगनरेन्द्र मल्ललाई अंठ्याएको स्पष्टै झलकन्छ तथा कान्तिपुर र ललितपुरको मेल हुन नपाओस् भन्ने चेष्टा गरेको पनि बुझिन्छ । परन्तु यसको डेढ वर्ष जति पछि भूपतीन्द्र मल्लले ललितपुरको विरुद्ध कान्तिपुरका राजा भास्कर मल्लसंग सन्धि गर्न पुगी त्यताबाट पनि फाइदा उठाएका थिए । सो सन्धिपत्रको△ अलिकता अंश यस प्रकारको छ—

श्रीश्रीजयभूपतीन्द्र मल्ल परमभट्टारक देवस्त······श्रीश्रीजयभास्कर मल्ल परमभट्टारक देवसन गच्छंपत्र चोस्य बुंता···जनं खप्व तोलतेमदु राजा राजा व बोलय याय थांस ञ प्रमुख याय माल······थ्वते भाषाया मोहर सुयषु दोल गच्छ तया ३६०००·· खप्वन ञ मानय मजुयकाव यलयात ळं बियमदु

[ श्रीश्रीजयभूपतीन्द्र मल्लदेव परम भट्टारकलाई···श्रीश्रीजयभास्कर मल्लदेव परम भट्टारकले गच्छपत्र (धरोटसमेतको सन्धिपत्र) लेखेर दिनुभयो । यसको बेहोरा यस प्रकारको छ—

·· कान्तिपुरले भक्तपुरको साथ छोड्नु हुँदैन । राजा राजाहरूमा गुहार माग्दा कान्तिपुरलाई प्रमुख गराउनू । ······ यस सन्धिपत्रमा ३६००० छत्तीस हजार मोहर धरोट राखिएको छ । ······ भक्तपुरले कान्तिपुरको अनुमति नलिईकन ललितपुरलाई बाटोघाटो खोलिदिनु हुँदैन । ]

इत्यादि घटनाबाट योगनरेन्द्र मल्ल भक्तपुरदेखि अप्रसन्न थिए । वि. सं. १७६२ भाद्र २९ गते भक्तपुरको प्रसिद्ध किल्ला ओभू कब्जा गर्न स्वयं योगनरेन्द्र मल्ल दलमुखी भई प्रस्थान गरे । ललितपुरेहरूले तीनतिरबाट ओभूलाई घेरे, तैपनि किल्ला फुटेन । योगनरेन्द्र मल्ल चाँगुमा बसी लडाइँको

/// ऐतिहासिक–पत्रसंग्रह दोस्रो भागको ४०–४४ पृष्ठ हेर्नुहोस् ।

△ ऐतिहासिक–पत्रसंग्रह दोस्रो भागको ४४–५० पृष्ठ हेर्नुहोस् ।

बन्दोबस्त गर्न लागे। दसैंमा पनि नफर्की योगनरेन्द्र मल्ल डटेर बसेका हुनाले भूपतीन्द्र मल्ल छोरासहित बनेपामा गई बसे। यत्तिकैमा अकस्मात् योगनरेन्द्र मल्लको चाँगुमा मृत्यु भयो। कुनै भक्तपुरेले योगनरेन्द्र मल्लउपर विषप्रयोग गरेका थिए। राजाको मृत्युपछि ललितपुरेहरू घेरा छोडी ललितपुर फर्के। यसरी भूपतीन्द्रसँगको कलहमा योगनरेन्द्र मल्लको प्राण गयो⧈।

यस वेला मकवानपुरसंग मिली तराई पसी खेदा गरी हात्ती ल्याउने काममा पनि उपत्यकाका मल्ल राजाहरूको प्रतिस्पर्धा चलेको थियो। हाम्रा भूपतीन्द्र मल्ल यस क्षेत्रमा पनि कम थिएनन्। उनले बराबर खेदा गरी हात्ती ल्याएको उल्लेख पाइन्छ —

सम्वत् ८२८ फाल्गुण वदि १३ श्रीश्रीजयभूपतीन्द्र मल्लदेवसन हाथि खेदा याङाया ल्याख···

(वीरपुस्तकालय पहिलो १६०४ संख्याको व्ययनिर्देशबाट)

[ने. सं. ८२८ (वि. वं. १७६४) फाल्गुन कृष्ण (पूर्णान्तमानले चैत्र कृष्ण) त्रयोदशी, श्रीश्रीजय-भूपतीन्द्र मल्लदेवले हात्ती खेदा गरेको हर्राहिसाव]

श्रीश्रीजयभूपतीन्द्र मल्लदेवसन मोकांपुरया श्रीमानिकसेनयाके षेदा याङाव···सं. ८३२ मार्गशिर कृष्ण सप्तमी······

(भक्तपुर तलेजुमन्दिरको सुवर्णलेखबाट%)

[श्रीश्रीजयभूपतीन्द्र मल्लदेवले मकवानपुरका श्रीमाणिकसेनसंग खेदा (हात्ती पक्रने काम) गरेर···ने. सं. ८३२ (वि. सं. १७६८) मार्ग कृष्ण (पूर्णान्तमानले पौष कृष्ण) सप्तमी···]

श्रीश्रीश्रीतलेजुस्के श्रीश्रीजयभूपतीन्द्र मल्लदेवसन, मकवानपुरस, महाकस्तन खेदा याङा हया, वसन्ती हथिनी दुंता संवत् ८३४ आषाढमासे शुक्लपक्षे प्रतिपद्यां तिथौ पुनर्वसु पर पुष्यनक्षत्रे हर्षनयोगे, बृहस्पतिवासरे···

(वीरपुस्तकालय पहिलो १०९३ संख्याको "तलेजु किसि दुंतया विधि" बाट)

[श्रीश्रीजयभूपतीन्द्र मल्लदेवले ठूलो कष्टले खेदा गरेर मकवानपुरबाट ल्याउनुभएको वसन्ती ढोई (हथिनी) श्रीश्रीश्रीतलेजु माईलाई चढाउनुभयो। ने. सं. ८३४ (वि. सं. १७७१) आषाढ शुक्ल प्रतिपदा बृहस्पतिवार पुनर्वसु उप्रान्त तिष्य नक्षत्र हर्षण योगमा❁।]

त्यस वेला लडाइँ भिडाइँ बराबर चलिरहने हुनाले आफ्नो राज्यरक्षाको लागि किल्लाहरू मजबूत गरी राख्नु आवश्यक थियो। भूपतीन्द्र मल्लले यस विषयमा दृष्टि दिई जनताको सहयोग लिई किल्ला बनाएको उल्लेख पाइन्छ—

सम्वत् ८२७ पौषवदि ८ क्वाथया भिथ सोङा दिन।

(वीरपुस्तकालय पहिलो १६०४ सं.को 'व्ययनिर्देश' बाट)

[ने.सं. ८२७ (वि. सं. १७६३) पौष कृष्ण (पूर्णान्तमानले माघ कृष्ण) अष्टमीमा किल्लाको जग लाइयो ?।]

---

⧈ पूर्णिमा ६ अङ्क ३७–३८ पृष्ठ हेर्नुहोस्।

% इतिहास–संशोधनको प्रमाण प्रमेय को १७६ पृष्ठ हेर्नुहोस्।

❁ यहाँ उल्लेख भएको तिथिमितिको गणना यस प्रकारको छ—

ने. सं. ८३४ वि. सं. १७७१ आषाढ शुक्ल

| | गते | वार | तिथि | घ. प. | नक्षत्र | घ. प. | योग | घ. प. |
|---|---|---|---|---|---|---|---|---|
| श्रावण | १ | बृहस्पति | प्रतिपदा | ४३।२२ | पुनर्वसु | ०।३९ | हर्षण | १७।४५ |

सम्वत् ८३० कातिक वदि १ कोलपा क्वाठ पुलान जुयाव श्रीश्रीजयभूपतीन्द्र मल्लदेवसन पुलकाव दाङाया धरोत ॥

(वी. पु. प. १६०४ को 'व्ययनिर्देश' बाट)

[ने. सं. ८३० (वि. सं. १७६६) कातिक कृष्ण (पूर्णान्तमानले मार्ग कृष्ण) प्रतिपदाका दिन कोलपा किल्ला पुरानो भएकोले श्रीश्रीजयभूपतीन्द्र मल्लदेवले भत्काएर बनाउनुभयो। त्यसको हरहिसाब।]

भूपतीन्द्र मल्लको शासनको पछिल्लो भागमा घटेका घटनाहरू बुझ्ने साधन पाउन सकिएको छैन। आफ्ना बाबा जितामित्रले आफूलाई तालिम दिए जस्तै यिनले पनि आफ्ना छोरा रणजित् मल्ल काम गर्न सक्ने भएपछि+ शासन कार्यमा संमिलित गराएका थिए। यो कुरा तलका अभिलेखहरूबाट थाहा पाइन्छ—


राजाधिराज श्री२जयभूपतीन्द्र मल्लदेव श्री २ रणजित्मल्लदेवस्य विजयराज्ये……… सम्वत् ८४१…

(ठिमी क्वालखु टोलको अभिलेखबाट)

[राजा श्रीश्रीजयभूपतीन्द्र मल्लदेव र श्रीश्रीजयरणजित् मल्लदेवको विजयराज्यमा…… ने. सं. ८४१ (वि. सं. १७७८)…

---

+ रणजित् मल्लको जन्म वि. सं. १७५९ मार्ग १७ गते भएको हो। उनको टिप्पन यस प्रकारको छ–




सं. ८२३ मार्गशिर शुक्ल। न० वि १० प्र दशमी ॥ उत्तभद्र ५८ वि ३२॥ सुद्धि॥ अङ्गारवार॥ उ.प्र २५ वि. २३ वृषलग्ने कुंभांशे, श्रीखप्वया राजाया जन्म दिन जुरो ॥

[ने. सं. ८२३ (वि. सं. १७५९) मार्ग शुक्ल नवमी० घडी १० पला उप्रान्त दशमी मङ्गलवार उत्तरभाद्र नक्षत्र ५८ घडी ३२ पला सिद्धि योग (भएको दिन) सूर्योदयदेखि २५ घडी २३ पला जाँदा वृषलग्न कुम्भ नवांशमा श्रीभक्तपुरका राजाको जन्म भयो॥ (वि. पु. को. ठ्यासफुबाट)

सं. ८२३ मार्गशिर शुदि १० श्री२ रणजित् मल्लदेवया जन्म दिन
(इतिहास प्रकाश २ अं. ३ भा. ५६८ पृ. मा प्रकाशित धनेश्वर राजोपाध्यायको कागतबाट)
[ने. सं. ८२३ (वि. सं. १७५९) मार्ग शुक्ल दशमी श्रीश्रीरणजित् मल्लको जन्म दिन]

यस दिनको तिथिमितिको गणना यस प्रकारको छ—

ने. सं. ८२३ वि. सं. १७५९ मार्ग शुक्ल

| | गते | वार | तिथि | घ. प. | नक्षत्र | घ. प. | योग | घ. प. |
|---|---|---|---|---|---|---|---|---|
| मार्ग | १७ | मङ्गल | नवमी | १।० | उत्तरभाद्र | ६०।० | सिद्धि | ५९।१६ |

श्रीश्रीजयभूपतीन्द्रमल्लदेवश्रीश्रीजयरणजितमल्लदेवयोर्विजयराज्ये……

(भक्तपुर तचपाटोलको अभिलेखबाट ▭)

[ श्रीश्रीजयभूपतीन्द्र मल्लदेव र श्रीश्रीजयरणजित् मल्लदेवको विजयराज्यमा…]

नेपालमहीमण्डलाखण्डल श्रीश्रीजयभूपतीन्द्रमल्लदेवस्य तथा श्रीश्रीरणजित्मल्लदेवस्य सप्ताङ्ग-राज्यवृद्धिरस्तु समरविजयोऽस्तु ॥

(वीरपुस्तकालय पहिलो ३६२ संख्याको "विद्याविलाप नाटक"बाट ÷ )

[ नेपालका राजा श्रीश्रीजयभूपतीन्द्र मल्लदेव र श्रीश्रीरणजित् मल्लदेवको सप्ताङ्ग राज्यको वृद्धि होस् । लडाईंमा विजय होस् । ]

रणजित् मल्लको एउटा टकमा ने. सं. ८४२ वैशाख शुदि १५ उल्लिखित भएको छ* । चन्द्रमान जोशीसंग रहेको कागतमा पनि रणजित् मल्ल राजा भएको मिति यही टिपिएको छ+। यस कारण भूपतीन्द्र मल्लको शासनको अन्तिम समय यही हो भन्ने स्पष्ट छ ।

भूपतीन्द्र मल्लको राजकाजसंबन्धी पाइए जति घटनाको उल्लेख यहाँ गरियो । उनका कृतिहरूको बारेमा पछि विचार गरिनेछ ।

—०—

# श्री ५ पृथ्वीनारायण शाहका समयका निश्चित संवत् र तिथिमितिहरू

## (ऐतिहासिक टिप्पणीसहित)

—देवीप्रसाद भण्डारी

पृथ्वीनारायण शाहले पश्चिमतिरको काजमा खटिएका महोद्दामकीर्ति शाह, रणरुद्र शाह, काजी कालुपाँडेहरूलाई "पर्वत, पाल्पा, कास्की, मिरकोट आदि राज्यसँग मित्रता गरी, केही अर्थ र नीतिको प्रयोगद्वारा कुरा मिलाई उनीहरूलाई आफ्ना पक्षमा मिलाउने चांजो गर्ने र

▭ यी दुवै अभिलेखको उल्लेख भक्तपुर शिलालेख सूचीको ३२-३३ पृष्ठमा परेको छ ।

÷ वी. पु. नाटकविषयको सूचीपत्र ६६ पृष्ठ हेर्नुहोस् ।

* नेपाली राष्ट्रिय मुद्राको ९६ पृष्ठ हेर्नुहोस् ।

+ सम्वत् ८४२ मिति वैशाष शुदि १५ श्रीश्रीजयरणजित मलदेव राजा जुवोगु मिति थ्व जुलो

[ने. सं. ८४२ (वि. सं. १७७९) वैशाख शुक्ल पूर्णिमाको दिन श्रीश्रीजयरणजित् मल्ल राजा हुनुभयो । ]

लम्जुङसंग पनि मुखले मीठो मसिनो गर्दै रहने" आदि कुराको आज्ञा दिई वि. सं. १८०९ आषाढ २ गते आइतवारका दिन पत्र लेखे⊡ ।

" स्वस्ति श्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलीविराजमानमानोन्नत-श्रीमन्महाराजाधिराजश्रीश्रीश्रीमन्नृपपृथ्विनारायणसाहदेवानां सदा समरविजयिनाम्

स्वस्ति श्रीगिरिराजेत्यादि श्रीमन्महोद्दामकीर्ति साह श्रीरणरुद्र साहकेषु आसिष. श्रीकाजि कालु पाँडेकेषु आसिषपूर्वकपत्रमिदं. ईहां कुसल. ताहाँ कुसल चाहिय. जेह्निते परमानंद होई. पत्र आयो. अर्थ पाइऊं. आगे समाचार भलो छ.

उप्रान्त माल रथिमल्लका हात सौपन्या हो कि होइन भनि बिंति गरिपठायाथ्यौ. भलो. तेस् जिनीसले पर्वत्या राजु भयनन्. अलीक तिन हज्जार चार हज्जार नगद गरि रथिमल्लका हात सौंप.

उप्रान्त भोटको बाटो गरि भानु जैसिकन पश्चिमतिर पठाया कसो होला भनी बिंति गरि पठायाछौ. भलो. भोटको बाटो गरि भानु जैसिकन चाडै पठाव. भला मानिस पश्चिमतिर नजाया सह्यार हवैन. चाँडै पठाव.

उप्रान्त पल्पासित पनी बहुतै मिठो गर. पल्पासित पनि बलियो गरि गाँठि पार·

उप्रान्त कास्कि भिर्कोटछेऊ पनी मानिस पठाव. गुहार गर्नु छ त चाँडै गरिहाल्नुहवस् भनी बिंति गरि पठाव.

उप्रान्त हामीले लम्जुङ्कन हात्र पन्या त चाँजो बनाई हालौला. कदाचित् तनहुँ लम्जुंले हान्या त हांम्रां जाहांको ताहाँ बल टंविहिजाला चाँजो केहि हवैनन्. तव अगावै चाँजो गरिराष. एस ठाऊ आइलाग्या एसो चाँजो गर्नु. यस ठाउँ आइलाग्या यो चाँजो गर्नु भनी सभै थुमका मान्सेसुद्धा सभै ठानाका मान्सेसुद्धा मतो गरी राष. एस ठाउँमहाँ वैरि आईलाग्या यसै ठाउँका मानिसले हान्नु. एसै ठाउँ ठाना हाल्नु. यसै ठाउँमा गुहार गर्नु भनी मतो गरिराष. वैरि आईलाग्दा हानि सपर्न्या भया हान्या मतो, ठानु घालि सप्रन्या भया ठानु घाल्नाको मतो, गुहार गरि सप्रन्या भया गुहार गर्न्याको मतो गरिराष. जसै आईलाग्छन् तसै मतो गरि चाजो गरि काम पुग्दैन. मतो गर्दा त यक दिन दुई दिन लाग्छ. जुझ त बहुतै होला. दस् घडि होला. दस् घडिभित्र त चुकिजांछ. तस् अर्थले अगावै मतो गरि राष. अगावै मतो गर्छ र कास्किले ठाव ठाव जितछ. एसै चांजाले हो. तिमीहरुले पनी अगावै चाँजो गरिराष.

---

⊡ श्री ५ को सरकार पुरातत्त्वविभागले देखाएको 'पृथ्वीदर्शन' प्रदर्शनीमा यस पत्रको नक्कल राखिएको थियो । त्यसैबाट यो प्रतिलिपि लिइएको हो ।

संवत्को क्रमले प्रकाश गर्दा यो पत्र पूर्णिमा ५ पूर्णाङ्कको ४१–४३ पृष्ठमा प्रकाशित पृथ्वीनारायण शाहले परशुराम थापालाई पठाएको पत्रको मिति (वि. सं. १८०४ भाद्र ९ गते सोमवार) भन्दा पछि पारी प्रकाश गर्नुपर्थ्यो । तर हाळै मात्र उक्त प्रदर्शनीबाट प्राप्त भएको हुनाले यहाँ दिइएको हो ।

'श्री ५ पृथ्वीनारायण शाहको उपदेश' को ११००–११०४ पृष्ठमा यो पत्र व्याख्यासहित छापिएको छ ।

उप्रान्त लमजुंगसंग पनी मुषले मिठो मसिनु गर्दै रहु. मानीस पठाउँदै रहु. मानिस पठाया हुँदि कुरो पनी हुंछ, सैसमाचार पनि पाइंछ. मानिस पठाउँदै रहु. विज्ञेषु किमधिकम् ।

मिति आषाढ वदि १४ रोज १ मुकाम नवाकोट शुभम्."

[जेहिते परमानंद होई = यसो भयो भने ठूलो आनन्द हुनेछ। पाइऊं = पार्यौं। माल = जिनीस मालसामान। सौपन्या = सुम्पिदिने, जिम्मा लगाइदिने। पर्वत्या = पर्वतका राजा (काठमाडौंबाट ४७ कोश जति पश्चिम उत्तरतिर पर्ने ठाउँका राजा)। राजु = खुशी, प्रसन्न रहनु। नगद गरि = नगद रुपियाँ गराई। भानु जैसिकन = ज्योतिषी भानु अर्ज्याललाई। नजाया = नगएमा, गएनन् भने। सह्यार = होशियारीसाथको संरक्षण, हिफाजत। हवैन = होओइन। पल्पासित = पाल्पा (काठमाडौंबाट ५१ कोश जति पश्चिमतिर पर्ने सेनको राजधानी) का राजासित। मिठो गर = मिजास गर, मान मर्यादा राख। गाँठि पार = संङ्घट्टन गर, सल्लाह मिलाई हात लेऊ। कास्कि = कास्की (काठमाडौंबाट साढे ४२ कोश जति पश्चिमतिर पर्ने ठाउँ, शाहको राजधानी)। भिर्कोट = भिरकोट (काठमाडौंबाट ४३ कोश जति पश्चिम पर्ने ठाउँ)। गुहार = सहायता, मद्दत। लमजुंकन = लमजुंङ (काठमाडौंबाट ३१ कोश जति पश्चिमतिर पर्ने शाहको राजधानी) लाई। तनहुँ = तनहुँ (काठमाडौंबाट २९ कोश जति पश्चिम तिर पर्ने ठाउँ)। टंचिहि जाला = टङ्चिएर रहला, अलमल्ल परी हच्कला। थुमका = थुमका = थूमका (जिल्लाका, ठूलो मौजाका, ठूलो जिल्लाभित्रको सानो अम्मलका) मतो भित्री सल्लाह। सर्पन्र्या = सप्रने, सफल हुने। घालि = हाली। घाल्नाको = हाल्नाको। जुझ = लडाइँ, युद्ध। मिठो मसिनु = मान मर्यादा, मान मिजास। सैसमाचार = सहि समाचार यथार्थ खबर। नुवाकोट = काठमाडौंबाट ७½ कोश जति पश्चिम र उत्तरतिर पर्ने ठाउँ। मुकाम = वासस्थान]

यस दिनको गणना गर्दा आएको पञ्चाङ्ग यस प्रकारको छ—

वि. सं. १८०९ आषाढ कृष्ण (पूर्णान्तिमानले)

| | गते | वार | तिथि | घडी | पला |
|---|---|---|---|---|---|
| आषाढ | २ | आदित्य | चतुर्दशी | १० | ४३ |

## ऐतिहासिक टिप्पणी–

यो पत्र नुवाकोटबाट पृथ्वीनारायण शाहले महोद्दामकीर्ति शाह, रणरुद्र शाह, काजी कालुपाँडेहरूलाई लेखेका हुन्। यस पत्रमा मुकाम नुवाकोट लेखिएको र काजी कालुपाँडेको उल्लेख भएकोले यो पत्र लेखिएको समय वि. सं. १८०१ आश्विन १५ गतेको नुवाकोट विजय भन्दा पछि, वि. सं. १८१४ ज्येष्ठ १९ गते भएको कीर्तिपुरको पहिलो युद्धमा कालुपाँडे मारिनु‡ भन्दा अघिको हो भन्ने बुझिएकोले त्यति वर्षभित्र गणना गरिहेर्दा यस पत्रमा उल्लिखित तिथि वारादि वि. सं. १८०९ मा मिल्न आयो। त्यस कारण वि. सं. १८०९ आषाढ २ गते आइतवार-को दिन यो पत्र लेखिएको देखिन्छ।

यस पत्रमा नामोल्लेख भएका महोद्दामकीर्ति शाह पृथ्वीनारायण शाहका भाइ हुन्। यिनले चौतारा (चौतरिया) दर्जा पाएका थिए। रणरुद्र शाहचाहिं नरभूपाल शाहका भित्रिनीतर्फका

‡ पूर्णिमा ८ पूर्णाङ्कको २५–२९ पृष्ठ हेर्नुहोस्।

छोरा हुनाले पृथ्वीनारायण शाहका दाजु वा भाइपर्दथे ❀ । काजी कालुपाँडे पृथ्वीनारायण शाहका

---

❀ पृथ्वीनारायण शाहका भाइहरूका विषयमा पृथ्वीनारायण शाहको उपदेश, भक्तविजय काव्य, गोरखावंशावलीहरूमा यस्तो लेखिएको छ–

" उप्रान्त हाम्रा मुमाहरू तिन हुन्, हामी तिन बोपिका पाच पाण्डवाको अवतार भयाका थिञ् "

(पृथ्वीनारायण शाहको उपदेशबाट)

श्रीपृथ्वीनारायणनामधेयो राजा महान् वज्रधरोपमेयः ।
तस्यानुजाः सन्ततशुद्धभावाः सन्तीह चत्वार उरुप्रभावाः ॥३॥

श्रीमन्महोद्दामकपूर्वकीर्तिसंज्ञाधरः सङ्गरभीममूर्तिः ॥
जिष्णुप्रभावो दलमर्दनाख्यो मध्यस्तृतीयो दलजिच्छुभाख्यः ॥४॥

शूरप्रतापोज्ज्वलनामधेयश्चतुर्थ आरस्य यमोपमेयः ।
सत्पौरुष थैंरिव मूर्तिमद्भिर्विराजते श्रीश इवात्र दोर्भिः ॥५॥

आद्यौ तु तौ चत्वरभारभाजौ तस्यानुजौ शोभितसत्समाजौ ।
सेनाधिपः श्रीदलजित् प्रतापी सूरप्रतापः सचिवोऽरितापी ॥८॥

[ श्रीपृथ्वीनारायण नामक इन्द्रसमान ठूला राजा हुनुभयो । उहाँका सधैं शुद्ध मन भएका महाप्रतापी चारजना भाइहरू यहाँ हुनुहुन्छ । तिनमा (मध्ये) रणभूमिमा अनुहार देख्तै डरलाग्दा महोद्दामकीर्ति नामका माहिला, विष्णुको जस्तो प्रभाव भएका दलमर्दन नामका साहिंला, दलजित् भन्ने शुभनामका काहिंला, र शत्रुहरूका निमित्त यमराज जस्ता शूरप्रताप भन्ने उज्ज्वल नामका कान्छा हुनुहुन्छ । यिनै मूर्तिधारी चार पुरुषार्थ जस्ता चार भाइले चतुर्बाहुनारायण झैं भएर पृथ्वीनारायण विराजमान हुनुहुन्छ ॥३-५॥

उहाँका भाइहरूमध्ये सज्जनहरूको समाजलाई शोभायमान गराएका महोद्दामकीर्ति र दलमर्दन शाहले चौतरियाको भार लिनुभएको छ, प्रतापी दलजित् सेनापति र शत्रुलाई ताप गराउने शूरप्रताप शाह मन्त्री हुनुहुन्छ । ८ । ]

( भक्तविजयकाव्यबाट )

"श्री ५ जेठा महारानीतरफ केही पैदा हुँदा भयानन्, माहिला श्री ५ महारानीतरफ पैदा हुनुभयाका श्रीनायदः पृथ्वीनारायण साह, श्रीसाहेव दलमर्दन साह, श्रीसाहेव पृथ्वीपाल साह, मैञ्ना पैदा हुनुभयाका पद्मकुमारी, विशालवदना श्रीसाहिला महारानीतरफ पैदा हुनुभयाका श्रीसाहेव वृन्दकेशर साह, श्रीसाहेव शूरप्रताप साह, मैञ्ना हुनुभयाका पद्मवदना, इन्दुवदना सर्पावती, हेमन्त कुमारी, श्री ५ कान्छा महारानीतरफ पैदा हुनुभयाका श्रीसाहेव महोद्दामकीर्ति साह श्रीसाहेव दलजित् साह मैञा पैदा हुनुभयाका महालक्ष्मी, पद्मनेत्रा, सुरतकुमारी दुइ भित्रयानीमा एकतरफ केही हुँदा भयानन्, एकतरफ रणरूद्र, भीमदत्त, केशीमर्दन, रणशूर, जगजित् पुत्री प्रकाशना, विन्दबासना एति पैदा भया । ]

(गोरखावंशावली ११३ पृष्ठबाट)

मुख्य (प्रधान) मन्त्री हुन्× । यिनीहरू पृथ्वीनारायण शाहका भरपर्दा र विश्वासपात्र भारदारमा गनिएका थिए । पृथ्वीनारायण शाहले उठाएका काममा यिनीहरूले आफ्नो बुद्धि र बलले भ्याएसम्म साथ दिई काम गरेका थिए । पृथ्वीनारायण शाह काशी जाँदा आफ्नो राज्य गोरखाको संरक्षण (हेरचार) गर्नाका निमित्त यिनीहरू (रणरुद्र शाह, कालुपाँडे) नियुक्त गरिएका थिए § । पछि पश्चिमतिरको सन्धि-विग्रह आदिको काममा रणरुद्र शाह खटिएका थिए । उठानतिर पृथ्वीनारायण शाहले गरेको सन्धिविग्रहको काममा प्रायः रणरुद्र शाहको पनि ठूलो हात रहेको थियो । यसैले पृथ्वीनारायण शाहले रणरुद्र शाहउपर ठूलो विश्वास गरेका थिए भन्ने कुरा यस पत्रबाट र रणरुद्र शाहलाई लेखका अरू पत्रको "सभ अर्थको संभार तिमिभित्र छ" यस अंशबाट पनि बुझिन्छ ।

यस वेला पृथ्वीनारायण शाह नुवाकोटदेखि पूर्वतिरका नेपालखाल्डाका मल्लहरूको राज्यक्षेत्र विजय गर्ने उद्योगमा लागेका थिए । परन्तु आफू पूर्वतिर बढ्दा पश्चिमतिरबाट लमजुङ आदि चौबीसी बाईसी मिली आफ्नो राज्य गोरखामाथि खनिएर आई आक्रमण गरिरहने हुनाले पश्चिमभेकतिर बलियो नगरे गोरखा थाम्नै पनि गाह्रो पर्ला भन्ने चिन्ता पृथ्वीनारायण शाहलाई थियो । त्यस कारण पूर्वतिर बढ्नुभन्दा पहिले पृष्ठशोधन गर्नु (पछिल्तिरबाट आउने शत्रुलाई रोकी होशियारीसाथ रहनु) उनका निमित्त आवश्यक कुरा थियो । यस विषयमा उनले निकै बुद्धि खेलाई परिश्रमसाथ काम गर्नुपरेको थियो र त्यसैअनुसार काम पनि गर्दै गएका थिए । त्यसो नगरेका भए आफ्नो राज्य गोरखाको रक्षा हुन गाह्रो हुने थियो । त्यसैले आफ्नो उपदेशमा पनि ठाउँ ठाउँमा पृथ्वीनारायण शाहले आफूलाई भएको अनुभव यसरी बोलेका छन्—

"चेप्याको षावा लिग्लीगको आड गरि राषेका मेरा तिन विर छन्· तिनलाई बोलाहटको रुका लेषन जैसि भन्दा तिनको नाउ के के हो भनि सुध्याया र रणजित् वस्न्यात् मानसिं रोकाहा विरभद्र पाठक् मैथिमा रातदिन गरि आइपुक भनी लेषी पठाञ्या र आइपुगे र तिनछेउ यकान्त गऱ्या (र) भने दिकवन्द सेनसित हाक दि आञ्याँ नेपाल पनि देषि आँञ्याँ, हाम्राको मनसुवा पनि राषी आञ्याँ. तिमिहरू क्या भन्छौ भनि मैले भन्दा हाम्रुहवस् महाराजा भनेर सल्लाह दिया र मैले भने. म जसै अर्काको छत्रभङ्ग गर्न जांछु. मेरो छत्रभंग गर्न अर्को आयो भन्या कसो होला भनि मैले भन्दा हजूरका हातिहउवा ई वाइस् चौविसि आयो भन्या चेप्यामा रगतको नदि बहाउला महाराजा भन्या र यकान्तबाट उठि गोर्षा गयउ.........

---

× कालुपाँडेबारे पूर्णिमा ७ अङ्कको ५०–५४ पृष्ठमा प्रकाशित टिप्पणी हेर्नुहोस् ।

§ "वहादेषिन् रणरुद्र शाहि कालुपाँडे इ दुइ जनालाई बोलाई हुकुम हुंदा भयो, हाम्रा जेठा भुमा हाम्रा भाइ मो(ह)द्दामकृत्ति शाह दलमर्दन शाह् कच्चै उमेरका छन् तपनि बुद्धिका गाढ छन्. सेरको बच्चा सेरै हुन्छ. तदर्थ इनिहरूसित सोधि सोधि तिमिहेरूले जाहा दर्वार भाईहेरूको राज्यको बहुत तरहसित सम्भार राषनु. मेरो अर्थलाई (काशी) जानाको मनसुवा भयो म (काशी) जान्छु भनी हुकुम भई ज्योतिर्विद कुलानन्द ढकाललाई साइत हेर भनि हुकुम भई ज्योतिर्विद कुलानन्द ढकालले साइत ठहराइ विन्ति गर्दा भया ।"

(वीरपुस्तकालयबाट प्रकाशित पृथ्वीनारायण शाहको जीवनीबाट)

मलाई प्रसुराम थापाले नेपाल हान्न आउ भनि हात दिई राष्याथ्यो. आपना भाईलाई लाषाविसि पुऱ्याउनु वाईसि चौबिसि उठाई पछडी हान्नु भनि पठायछ र मैले थाहा पाऱ्या र काहा पुक्याको छ भनि सुध्याऱ्या र पोषराको हटियामा डेरा गरि वस्याको छ भनि सुन्या र तेसलाई वैठाई आउन को सकौला भनि सल्लाह गर्दा कसैले पनि ठहराउन सकेन र मैले भन्या झागल गुरुं सक्ला भनि डाकी अह्राई मेरा कंमरको कोताषान् दियाँ र गयो र पुगि गाईनेको भेष गरि हातमा बल्छीको टाँगो लि काषिमा सारंगी च्यापि २।४ धानिको सहर ठँगी अरू उस्का लस्करहरू भात षान्या बषत्मा अवसर हेरि बैठाई आयो र पछाडी सुद्ध गरि नेपाल षोल्याई पुरूव पश्चिमका दुनिञा हात गरि नेपाल लियाथ्या··· ···

उप्रान्त ॥ केही बेलामा हात दिनामा पस्या र मलाई झिकाया र पछाडि दगा दिया र महादुष गरि पछाडी सुद्ध गरि नेपाललाई मुर्छा लायाथ्या."

(पृथ्वीनारायण शाहको उपदेश ३१७,३२१,–२२, ३२९ पृष्ठ बाट । यो ग्रन्थ प्रकाशित हुँदैछ ।)

त्यस कारण पछिल्तिरबाट आउने शत्रु लम्जुङ तनहुँहरूलाई उठ्न नदिनाका लागि पश्चिमतिर भरपर्दा भाइभारादार पठाई उनीहरूद्वारा पछाडि शुद्ध पार्ने कोशिश पृथ्वीनारायण शाह गरिरहन्थे भन्ने कुरा यस पत्रबाट र पछि आउने अरू पत्रबाट पनि बुझिन्छ ।

पहिले गोरखाको सूत्रधर लम्जुङ थियो। लम्जुङबाट फुटी वि.सं. १६१६ भाद्र २५ गते द्रव्यशाहद्वारा गोरखा राज्य खडा भएको हो (पूर्णिमा २ पूर्णाङ्कको ५० पृष्ठ हेर्नुहोस्)। गोरखा राज्य खडा हुनासाथै लम्जुङलाई असह्य भइहाल्यो । उसै बेलादेखि चौबीसीहरूमध्ये लम्जुङ बढ्ता विरोधी भएर निस्केको थियो। त्यस कारण गोरखाउपर लम्जुङहरू आक्रमण गरिरहन्थे। त्यसैले गर्दा पृथ्वीनारायण शाहले पूर्वतिर बढ्ने कार्यक्रम बीच बीचमा रोकी गोरखाको सुरक्षातिर पनि लाग्नुपर्दथ्यो । यसरी लम्जुङलाई नअठ्याई आफू पूर्वतिर बढ्न नसक्ने अवस्था पर्न आएकोले लम्जुङलाई उठ्न नदिन पश्चिमतिर उसको राज्यसंग साँधसीमाना जोडिएका उसका विरोधी भएका कास्की तथा पर्वतलाई र अरू पश्चिमतिरका राज्यलाई समेत उठाई आफ्ना पक्षमा मिलाउनु पृथ्वीनारायण शाहका निमित्त यस बेला अभीष्ट र आवश्यक थियो। यसै कामका निमित्त पर्वत, कास्की, पाल्पा, भिरकोट आदिलाई हात लिनाका लागि पृथ्वीनारायण शाहले जोड दिई यो पत्र लेखेका हुन् भन्ने कुरा यसमा उल्लिखित "पाल्पासित पनी बहुतै मिठो गर, पाल्पासित बलियो गरी गाँठि पार कास्कि भिर्कोटछेऊ पनी मानिस पठाव" आदि वाक्यबाट व्यक्त हुन्छ ।

परन्तु कुनै न कुनै आफ्नो स्वार्थ नदेखीकन पश्चिमतिरका पर्वत आदि राज्यले साथ दिनु गाह्रो थियो । निःस्वार्थ भावले साथ कतैबाट पनि नपाइने हुँदा र आफूसंग नगदको कमी हुँदा केही जिनिस माल दिएर भए पनि पर्वतलाई सन्तुष्ट पार्ने चेष्टा पृथ्वीनारायणले अघिबाट गरेका थिए। यसै कुराको सिलसिलामा त्यसतर्फ पत्रव्यवहार भइरहेको थियो। परन्तु आफूले दिएको जिनिस माल स्वीकार गर्न पर्वत राजु नभएको बुझी उनले तीन चार हजार नगद पर्वतबाट खटिएर आएका रथिमल्ललाई दिएर भए पनि पर्वतका राजालाई आफ्ना पक्षमा मिलाउने उद्योग गरेका हुन् भन्ने कुरा यस पत्रमा उल्लिखित "उप्रान्त माल रथिमल्लका हात सौपन्या हो कि होइन भनि बिति गरि पठायाथ्यौ. भलो. तेस् जिनीसले पर्वत्या राजु भयनन्. अलोक तिन चार हज्जार नगद गरि रथिमल्लका हात सौंप" यस अंशबाट बुझिन्छ ।

पश्चिमतिरका अरू राज्यमा आफ्ना भरपर्दा मानिसलाई पठाउन पनि यस वेला लम्जुङ, तनहुं आदि राज्य विरोधी भएका हुनाले उनीहरूको आँखा छल्न गाह्रो थियो । त्यसैले गर्दा पृथ्वीनारायण शाहका भाइहरूले भानु जोशीलाई दूत गराई भोटतिरको बाटो गरी पश्चिमतिरका राज्यमा पठाउने प्रबन्ध मिलाएका र त्यस कामको स्वीकार पृथ्वीनारायण शाहले गरेका हुन् भन्ने कुरा यस पत्रमा उल्लेख गरिएका "उप्रान्त भोटको बाटो गरि भानु जैसिकन पश्चिमतिर पठाया कसो होला भनी बिंति गरि पठायाछौ. भलो. भोटको बाटो गरि भानु जैसिकन चाडै पठाव. भला मानिस पश्चिमतिर नजाया सह्यार हवैन चाडै पठाव" आदि वाक्यले व्यक्त गर्दछ ।

यस वेला पाल्पाले पनि आफ्ना विरोधीहरूलाई साथ देला र शत्रुहरूको बल बढी आफूलाई दुःख देलान् भन्ने डर पृथ्वीनारायण शाहलाई थियो । त्यस कारण पहिले नै गएर पाल्पालाई पनि आफ्ना पक्षमा मिलाउने उद्योग पृथ्वीनारायण शाहले गरेका हुन् भन्ने कुरा "उप्रान्त पल्पासित पनी बहुतै मिठो गर पल्पासित पनि बलियो गरि गाँठि पार" आदि वाक्यबाट व्यक्त हुन्छ ।

पृथ्वीनारायण शाहलाई कास्की र भिरकोटले साथ दिई तनहुं लम्जुङलाई अगाडि पछाडि दुवैतिरबाट हान्ने योजनामा सम्मिलित हुने वचन पहिले नै दिइसकेका थिए । परन्तु सो काम भने ढिला हुन गएकाले पृथ्वीनारायण शाह अलि हतारिएका थिए । त्यस कारण कास्कीले यदि गुहार गर्ने हो भने चाँडै नै गरिहालोस् भनी यस कुरामा जोड दिएर आफ्ना भाइहरूलाई अह्राई ताकिता गर्ने काम पृथ्वीनारायण शाहले यहाँ गरेका हुन् भन्ने कुराको झलक "उप्रान्त कास्कि भिर्कोटछेऊ पनी मानिस पठाव,गुहार गर्नु छ त चाँडै गरि हान्नुहवस् भनी बिन्ति गरि पठाव," यताबाट व्यक्त हुन्छ ।

लम्जुङलाई तनहुंले साथ दिएको हुँदा यस वेला लम्जुङको बल बढिरहेको थियो । त्यस कारण केही गरी आफ्नो चाँजो नमिल्दैमा लम्जुङ र तनहुंले गोरखाउपर आक्रमण गरिहाल्यो भने आफ्नो बल कम भई गोरखा थाम्न गाह्रो पर्ने अवस्था पृथ्वीनारायण शाहले देखेका थिए । त्यसैले हामीले सबै थुमका मानिसहरूलाई हात लिई ठाउँ ठाउँका गढी किल्लाहरू पक्का बनाई त्यस ठाउँमा आफ्ना भरपर्दा मानिस राख्नुपर्छ । जसो गर्दा आफ्नो काज सप्रन्छ त्यसै गर्नु छ । मौकाअनुसारको काम यसले यस ठाउँमा बसेर यसरी गर्ने भनी कार्यविभाजन गरी त्यस ठाउँका सबैको एकै मतो गरी शत्रु हान्ने चाँजो पहिले नै मिलाई राख्नुपर्छ । जुन वेला शत्रुले हान्ला उसै बेला शत्रु हान्ने मतो गरी चाँजो मिलाउँला भन्ने बुद्धितिर लाग्यौं भने मौका चुकिनेछ । कास्कीले यस्तो काममा अगाडि नै चाँजो मिलाई काम गर्ने हुनाले ठाउं ठाउँमा विजय गर्न सक्छ । त्यो गुण हामीले पनि लिनुपर्छ । तसर्थ सबै कामको बन्दोबस्त अघिबाट गरिराख भन्ने कुरामा पृथ्वीनारायण शाहले जोड दिएका छन् । सो कुरा यी वाक्यबाट व्यक्त हुन्छ– "उप्रान्त हामिल लम्जुंकन हान्न पऱ्या त चाँजो बनाई हानौला. कदाचित तनहुं लमजुंले हान्या त हाम्रा जहाँको ताहाँ बल टंचिहिजाला चाँजो केहि हवैनन्. तब अगावै चांजो गरिराख. एस ठाऊ आइलाग्या एसो चांजो गर्नु. यस ठाउँ आइलाग्या यो चांजो गर्नु. भनी सबै थुम्का मान्सेसुद्धा सबै ठानाका मान्सेसुद्धा मतो गरिराख. एस ठाउँमहा वैरि आईलाग्या यसै ठाउँका मानिसले हान्नु. एसै ठाउँ ठाना हाल्नु. यसै ठाउँमा गुहार

गर्नु भन्या मतो गरिराष. वैरि आईलाग्दा हानि सपर्न्या भया हांन्या मतो, ठानु घालि सप्रन्या भया ठानु घाल्नाको मतो, गुहार गरि सप्रन्या भया गुहार गर्न्याको मतो गरिराष. जसै आई लाग्छन् तसै मतो गरि चांजो गरि काम पुग्दैन. मतो गर्दा त यक दिन दुई दिन लाग्छ. जुझ त बहुतै होला दस् घडि होला. दस् घडिभित्र त चुकि जांछ. तस् अर्थले अगावै मतो गरिराष. अगावै मतो गर्छ र कास्किले ठाव ठाव जितछ. एसै चांजोले हो. तिमीहरूले पनि अगावै चांजो गरिराष.''

तनहुंको आड पाई लमजुङ बलियो भइरहेकोले निकट भविष्यमा गोरखासंग लडाइं हुने सम्भावना हुनाले ती शत्रुहरूलाई मार ख्वाउनाका लागि भित्र भित्र मतो गरी आफ्नो सैन्य-शक्तिको चांजो मिलाउँदै थिए तापनि बाहिर मुखले चाहिं लमजुङसंग पनि मीठा र मसिना कुरा गरी फुस्ल्याई आफ्ना दूत लमजुङतिर पठाउँदै उसको मनसाय र सैन्यशक्ति बुझ्दै गर्ने चेष्टा पृथ्वीनारायण शाहले गरेका थिए भन्ने कुरा "उप्रान्त लमजुंसंग पनि मुषले मिठो मसिनु गर्दै रहु. मानिस पठाया हुदि कुरो हुंछ सैसमाचार पनि पाइंछ. मानिस पठाउंदै रहु." यताबाट बुझिन्छ ।

\+ \+ \+

पृथ्वीनारायण शाहले पश्चिमतिरको काजमा खटिएका आफ्ना भारादार रणरुद्र शाहलाई कास्कीसंग कुरा मिलाई केही धन दिएर पनि आफ्ना पक्षमा उसलाई मिलाउने विषयमा वि. सं. १८११ कार्तिक १ गते सोमवारका दिन पत्र§ लेखे ।

"स्वस्ति श्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलिविराजमानमानोन्नत-श्रीमन्महाराजाधिराजश्रीश्रीश्रीमन्नृपपृथ्वीनारायणसाहदेवानां सदा समरविजयिनाम–

स्वस्ति श्रीगिरिराजेत्यादि श्रीश्रीमद्रणरुद्रसाहदेवेषु सदासमरबिजयीषु. इत आसिकपूर्वकपत्र-मिदं. इहाँ कुशल ताहाँ कुशल चाहिये. येहिते परमानंद होइ. आगे इहांको समाचार निको छ.

उप्रांत वंसु राना नाहर आलेमाहाँ येक जनाकन कास्कि चांडो गरि पठाउ. बहुत मिठो गरि पठाउ. येक जना बसुन्. म ञ्हांदेषि धन पठाइदिउँला र धन लिकन जानान्. म पनि नुवाकोट आइपुग्यां. सभ अर्थको संभार तिमिभित्र छ. विज्ञेषु किमधिकं. मुहजवानि पतृवालाको सहि.

कार्तिक वदि १३ रोज २ मुकाम नुवाकोट शुभं"*

---

§श्री ५ को सरकार पुरातत्वविभागले देखाएको 'पृथ्वीदर्शन' प्रदर्शनीमा यस पत्रको सक्कल प्रति राखिएको थियो । त्यतैबाट यो प्रतिलिपि लिइएको हो । संवत्को क्रमले प्रकाश गर्दा यो पत्र पूर्णिमा ५ अङ्कको ४५–४६ पृष्ठमा प्रकाशित पृथ्वीनारायण शाहले दोलखाका प्रधानहरूलाई पठाएको पत्रको मिति (वि. सं. १८११ श्रावण २७ गते बुधवार) भन्दा पछि पारी प्रकाश गर्नुपर्थ्यो । तर हाळै मात्र उक्त प्रदर्शनीबाट प्राप्त भएकोले यहाँ दिइएको हो ।

*'श्री ५ पृथ्वीनारायण शाहको उपदेश'को ११०५–६ पृष्ठमा यो पत्र व्याख्यासहित छापिएको छ ।

[निको छ = भलो, वेस छ। मिठो गरि = मान मिजास गरी। सभ अर्थको = सबै काम कुराको। संभार = नाशिन बिग्रन नदिई संरक्षण गर्ने काम। मुहजवानि = मुखैले भनेको कुरा। पतृवालाको = पत्रवालाको = चिठी लिएर आउने मानिसको। सहि = ठीक।]

यस दिनको गणना गर्दा आएको पञ्चाङ्ग यस प्रकारको छ—

वि. सं. १८११ कार्तिक कृष्ण (पूर्णान्तमानले)

| | गते | वार | तिथि | घडि | पला |
|---|---|---|---|---|---|
| कार्तिक | १ | सोम | त्रयोदशी | १३। | ४४ |

## ऐतिहासिक टिप्पणी––

यो पत्र पश्चिमतिरका काजमा खटिएका आफ्ना भारादार रणरुद्र शाहलाई पृथ्वीनारायण शाहले नुवाकोटबाट पठाएका हुन्। गणना गरी हेर्दा यस पत्रमा उल्लिखित तिथिवारादि वि. सं. १८११ मा मिल्न आएकोले वि. सं. १८११ कार्तिक १ गते सोमवारको दिन यो पत्र लेखिएको देखिन्छ। यस बेला पृथ्वीनारायण शाह पूर्वतिर बढ्दै जाने उद्योगमा लागिरहेका थिए। त्यस कामका निमित्त पछाडि शुद्ध पार्नु आवश्यक थियो भन्ने कुराको चर्चा अघिल्लो पत्रमा परिसकेको छ। यस पत्रमा पनि त्यही विषय परेको छ। लम्जुङलाई उठ्न नदिनाको निमित्त कास्कीलाई हात लिनु गोरखालाई आवश्यक परेको थियो। त्यस कारण कास्कीसंग गुहार माग्न केही धनका साथ आफ्ना मानिस कास्की पठाउने कुरामा जोड दिई रणरुद्र शाहलाई अह्राएका हुन् भन्ने कुरा "वंसु राना नाहुर आलेमहाँ येक जनाकन कास्कि चाँडो गरि पठाउ. बहुत मिठो गरि पठाउ. येकजना बसुन् म अहाँदेखि धन पठाइदिउला र धन लिकन जानान्," यताबाट व्यक्त हुन्छ।

यस बेला पृथ्वीनारायण शाहले पूर्वतिर बढ्दै गई कान्तिपुरको राज्यक्षेत्र नालदुम महादेउ-पोखरीमा विजय प्राप्त गरेको २ महीना जति भएको थियो▱। यस विजयको लगत्तै पूर्व दोलखा-तिरका प्रधानहरूलाई पनि आफ्नो पक्षमा मिलाउने उद्योग गरी उनी पत्र लेख्तै थिए卐। परन्तु यस पटकको नालदुम महादेउपोखरीको विजयलाई पनि लम्जुङ आदिले पहिले जस्तै गरी दीगो हुन नदिन फेरि जयप्रकाश मल्ललाई उनीहरूको ईशारा आउला कि भन्ने शङ्का पृथ्वीनारायण शाहलाई थियो। त्यसैले आफ्नो विजयलाई दीगो पार्नानिमित्त पृथ्वीनारायण शाह आफैं नुवाकोट बाहिर गई दौडधूप गर्दै थिए भन्ने कुरा यस पत्रमा उल्लेख गरिएको "म पनि नुवाकोट आइपुग्या" यस वाक्यले व्यक्त हुन्छ।

यस बेला पृथ्वीनारायण शाहले पश्चिमतिरको सन्धि विग्रह आदि कामको चाँजो मिलाउने विशेष अभिभारा रणरुद्र शाहलाई सुम्पेका र सो काममा रणरुद्र शाहले आफ्नो बुद्धि र जाँगरले भ्याएसम्म परिश्रम गरेका थिए। त्यसैले रणरुद्र शाहलाई आफ्नो विश्वास प्रकट गरी पृथ्वीनारायण शाहले "सभ अर्थको संभार तिमिभित्र छ," भनी यस पत्रमा उल्लेख गरेका हुन्।

+ + + (क्रमशः)

---

▱ पूर्णिमा ५ पूर्णाङ्कको ४३–४४ पृष्ठ हेर्नुहोस्।

卐 पूर्णिमा ५ पूर्णाङ्कको ४४–४६ पृष्ठ हेर्नुहोस्।

(क्रमागत)

# दैवज्ञशिरोमणि लक्ष्मीपति पाँडे

( वि. सं. १८१५–८८ )

–दिनेशराज पन्त

वि. सं. १८४३ मार्ग ७ गते भेरी साँध लागेपछि* नेपालीहरू लगत्तै त्यसभन्दा अघि बढेनन् । किनभने भेरीभन्दा पश्चिमपट्टिका जुम्ला, डोटी, कुमाऊँ आदि राज्य बलिया थिए। यस कारण खालि सैनिकशक्तिको भरले मात्र अघि बढ्नु श्रेयस्कर थिएन तथा संभव पनि थिएन । भेरी-भन्दा अगाडि बढ्न केही बन्दोबस्त मिलाउनु आवश्यक थियो । यस कारण भेरी साँध लागेपछि पश्चिमविजयमा खटिएका भारादारहरू काठमाडौं फर्के । साथै हाम्रा लक्ष्मीपति पाँडे पनि काठमाडौं फर्के ।

यस वेला लक्ष्मीपति पश्चिमतिर लागेको सत्र महीना भइसकेको थियो । पजनी प्रथाले अधिकारीहरूको केही फेरबदल भइसकेको थियो । यस कारण काठमाडौंमा आएपछि उनको पहिलो काम नयाँ अधिकारीहरूसँग चिनापर्ची बढाउनु भयो ।

यस वेला लक्ष्मीपतिका बाबु कृष्णानन्द काशीवास गरिरहेका थिए । उनका काहिँला भाइ गौरीपति पनि काशीमा पढ्दै थिए । काठमाडौंमा आइपुग्दा बाबुले पठाएका एक चाङ चिठी उनको हात परयो । युद्धको मैदानमा गइरहेका हुनाले ती पत्र लक्ष्मीपतिसंम पुग्न सकेका थिएनन् । ती पत्र पाएपछि उनले आफ्ना बाबुलाई प्रत्युत्तर पठाउन नसकेको कारण आदि खुलाएर पत्र पठाए ❀ । लक्ष्मीपतिको यस वेलाको अवस्थालाई केही अंशमा प्रकट गर्ने हुनाले सो पत्र यहाँ दिइन्छ–◫

स्वस्तिश्रीश्रीश्रीश्रीश्रीश्रीमत्पितृचरणकमलेषु

इतो लक्ष्मीपतिशर्मण: साष्टांगदण्डवत्प्रणामा: शतश: श्रीमच्चरणकुशलेनास्माकं कुशलता. आगे आहाको समाचार भलो छ.

उप्रान्त आफ्ना अनुग्रहका प्रभावले भेरीतक् साँध गरी वैशाषका७दिन् जादा सोमवार कांतिपुर आईपुग्यूँ. आनन्द छौं. आहाँ गाइषुरका कुलकविला÷ सभ आनन्द छन् . हामी त आफुहरु पाउ-लाग्नुभयाका† ५ दिन्पछि पश्चिमकन हिड्यांथ्युँ. १७ मैह्नामा आइपुग्यूँ. चिठिपत्रि षर्चवर्च हाळ्हकीगत् =विस्तार आजतक् केहि भयेन. क्या गरीयस्. स्वाधीन भया सभ वातको सह्यार

* पूर्णिमा ८ अङ्कको ३७ पृष्ठ हेर्नुहोस् ।

❀ ऐतिहासिक–पत्रसंग्रह (पहिलो भाग)का४९–५२ पृष्ठमा यो पत्र व्याख्यासहित छापिएको छ ।

◫ यस लेखमा उपयोग गरिएका पुस्तक, पत्र, पात्रा मोहननाथ पाँडेको पुर्ख्यौली सग्रहका हुन् ।

÷ कुलकविला = जहान छोराछोरी । † पाउलाग्नुभयाका = जानुभएका । =हाल् हकीगत् = हालखबर ।

रहन्या रहेछ, पराधीन हुनाले एस्तो परचो. यो बहुतै त्रहले= क्षमा गर्नु उचित छ. तपाँञी पाउलाग्नुभयापछि २०।२५ चिठी कृपा गरी पठाउनुभयेछ. कांतिपुर आई पाञ्याँ. एक चिठिको उत्तर पनी गयेन. सो बहुतै त्रहले क्षमा गर्नु चाहिंछ.

आजकाह्लका हकोगत्कन भर्षर दर्वार आइरह्यांथ्यु. बहुत दिन्को छोड्याको दर्वार छ. सम नयै नया मानिस् छन्. आजकाह्ल त चिह्लागराई* परिरहेछ. आफ्ना अनुग्रहले आगाकन पनि बनी बनी आउला. प्रभाव आफ्ना आशिर्वादको छ.

बाँकी लोह्नीहरुते ४० पटना❀ पठाईदियाँथ्यु भनी घरपरीयारहरु△ भन्छन्. पुग्या हुन. प्रतीतको + मानीस् षोजी रुपया साँट्न्या अर्थ गरी चह्लाइपठाउँला. गौरीपतिले तोस × १ भनी पठायेछ. त्यो पनी पठाउँला. तस्मा पनी सन्देह छैन.

आफु— —जाई आउनुभयेछ. बहुतै उत्तम कार्य गर्नुभयेछ. धरणी पंडितले विस्तार गऱ्या. सुन्या.

गौरीपति आलस्य नगरस्. रातो दिन् अध्ययनै गरस्. धनदौलथ् आज हामीयैं केहि छैन. तपनी मैं जति छु त षर्चवर्चकन कसै गरी पनी पठाउँदै रहूँला. षर्च गर्दा मुनासीब षर्च गर्नु. ठूलो षर्च नगर्नु. पुस्तक पर्ह्ला[१] आफु लेषस्.[२] संग्रहकन लेषी नीर्वाहि हवैन. रात्रा षोज्न नलाग्नु. सस्ता भावमा लेषाउनु.

बाँकि तपाञी बहुतै फिकर[३] चित्त उदास्[४] गर्नुहुंछ भन्दा सुनीन्छ· उदास हुन्या पर्दैन. पूर्व पुण्यका प्रभावले सुक्षत्रमा जति पौचनुभयाको छ त सुमतीले ईश्वरतरफ चित्त दिनुहवस्. ञाहाको आफ्ना हातबाट भयाको सह्मार गर्न्या मैं छु. विज्ञतम[५] चरणेषु किमधिकमिति. वैशाष शुदि ३ रोज ६[६] मु. कांतिपुर. शुभं.

---

= त्रहले = तरहले ( प्रकारले ) । * चिह्लागराई = चिनाजानी ।

❀त्यस बेला मुगल बादशाहका नामले पटनामा रुपियाँ ढालिन्थे । तो पटना रुपियाँ कहिन्थे । △घरपरीयार = घरका जहान । + प्रतीतको = विश्वास पर्दो । × तोस् = एक प्रकारको असल उनी कपडा ।

१ पुस्तक पर्ह्ला = पढ्ने पुस्तक । २ गौरीपतिले पढ्न सारेका केही पुस्तक पाइएका छन् । तिनको विषयमा पछि लेखिनेछ । ३ फिकर = चिन्ता । ४ उदास् = दिग्दार । ५ विज्ञतम = खूब जान्ने ।

६ तात्कालिक पात्रोसँग मिलाई हेर्दा यो तिथिमिति वि. सं. १८४४ मा मिलन आएको छ तथा तात्कालिक घटनाबाट पनि यसको पुष्टि हुन्छ ।

यस दिनको पञ्चाङ्ग यस प्रकारको छ—

वि. सं. १८४४ वैशाख शुक्ल

| | गते | बार | तिथि | घडी पला |
|---|---|---|---|---|
| वैशाख | ११ | शुक्र | तृतीया | ४४।२ |

( पात्रोबाट )

( छेउमा )

श्रीगौरीपतिके आशीष. पत्रले अर्थ बूझी गर्न्या काज गर. हामी अब आइपुग्यू. ह्यात्रा हातबाट भयाको सह्यार रहला. पद्मनिधिउमानाथरङ्गनाथलीलानाथादिसकलपरिवाराणां साष्ठांगप्रणामाशीषौ. हामी सभ आनन्द छौं.

गोर्खालीहरू बढ्दै आई भेरी साँध लाएपछि जुम्ला आदि राज्यहरूलाई चिन्ता पर्नु स्वाभाविक थियो । यस कारण मौका पाए गोर्खालीहरूलाई धपाउने केही चेष्टा जुम्ला आदि राज्यबाट भएको देखिन्छ । यसै प्रसङ्गमा सामानाभा छुटपुट लडाइँ पनि परेको थियो । यो कुरा तलको पत्रले स्पष्ट रूपमा बुझाउँछ—

स्वस्तिश्रीमन्महाराजाधिराजकस्य रुक्का

आगे लकाङका उमराप्रति. पश्चिमबाट ठाना[१] कुह्लचाँका हाजीरिफर्द आयो. उमरा सून्य. केटा पनि कसै कसैका एक दुइ कुर्धा रह्याछन्. अघि पनि पश्चिमतिर गर्मी भयो[२] भनी षबर आउथ्यो. फेरी बाँफिगोतामतिर कटक्[३] भयो भनी षबर आयो. तसर्थ रुक्का[४] देषत[५] उमरासमेत जागिरया दुवान्या डक्को[६] झारा[७] भै पालाकाले[८] आफ्ना वडाका गौडा पुग. अरु सब भारादारथै प्युठाना पुग. अघिका झैं निदाउला. एस् पाला रात साझ गरि चाँडो झारा न(आ)या दंड पनि सास्ति पनि दुवै पक्ष होला. सर्वथा ३. चाँडोइ पुग. इति संवत् १८४४ आश्विन शुदि रोज शुभम्.

अर्को पत्रमा परेको "पोरका समय जुम्लाले भेरी तरी गोतामबाँफीका अम्बलमा कटक गर्न आउँदा हान्यालाई हान्यै हो भनी जुम्लो हान्युं" यस वाक्यले पनि भेरी तरी जुम्ला लड्न आइरहन्थ्यो भन्ने प्रकट गर्छ + ।

जुम्ला, डोटीभन्दा पश्चिमपट्टि कुमाउँ राज्य थियो । कुमाउँलाई पूर्वतिर बढी डोटी, जुम्लातिर आफ्नो अधिकार जमाउँ भन्ने इच्छा हुनु स्वाभाविक थियो । गोरखालीहरूलाई पनि कुमाउँसम्म पुग्नुभन्दा पहिले जुम्ला, डोटीतिर अधिकार जमाउनुपरेको थियो । कुमाउँलाई हात लिन सके जुम्ला, डोटीलाई अँचेट्न सजिलो हुने हुनाले कुमाउँसँग सन्धि गर्नु गोरखालीहरूलाई अभीष्ट थियो ।

कुमाउँका राजा दीपचन्दको कमजोरीले गर्दा त्यहाँको राजकाजमा जोशीहरूको प्रभाव बढ्न लागेको थियो । यस्तैमा मोहनसिंहनामक एक जना भारादारले दीपचन्दकी रानी श्रृङ्गारमञ्जरीको सहायताले कुमाउँको शासन आफ्नो हातमा पारे । आफ्नो शक्ति बढ्दै आएपछि राजा, रानी र राजपुत्रहरूलाई पन्छाई तथा अरू विरोधीहरूको दमन गरी मोहनसिंह "मोहनचन्द"को नाउँले वि. सं. १८३४ मा स्वयं कुमाउँको गद्दीमा बसेका थिए । परन्तु दुइ वर्षभित्रै जोशीहरूले गढवाली राजाको सहायताले मोहनचन्दलाई धपाए । यसपछि आफ्ना

१ ठाना = किल्ला । २गर्मी भयो = झगडा भयो ।

३ कटक् = लडाइँ । ४ रुक्का = राजाको रातो छाप लागेको पत्र । ५ देषत = देख्नेबित्तिकै ।
६ डक्को = डक्का (सबै) । ७ झारा = सरकारतर्फबाट बेदाममा दुनियाँसँग लिइने हारगुहार ।
८ पालाकाले = पालो परेकाले ।

+ पूर्णिमा ४ अङ्कका ६१–६५ पृष्ठ हेर्नुहोस् ।

विद्रोहीहरूलाई धपाई वि· सं. १८४३मा मोहनचन्द कुमाउँको गद्दीमा फेरि बसेका थिए ◎। यस कारण आफ्नो स्थिति मजबूत पार्न मोहनचन्दलाई पनि नेपालसंग सन्धि गर्नु आवश्यक थियो ।

यस कारण कुमाउँसंग सन्धि गर्न भारादारहरू खटिए। त्यस काममा लक्ष्मीपति मुख्य भई गएका थिए। वि. स. १८४४ फागुन ३ गते नेपाल र कुमाउँको एकानी शत्रु एकानी मित्रको रूपमा सन्धि भयो । यो सन्धिपत्र सस्कृत भाषामा लेखिएको छ।

यो सन्धिपत्र भएको लगत्तै मोहनचन्दको पतन भएकोले यो सन्धिपत्र धेरै काल काममा आएन । लगत्तै कुमाउँसंग अर्को सन्धि भयो +। नेपाल सरकारतर्फबाट खटिएर गएका हुँदा यो सन्धिपत्रको सक्कल प्रति लक्ष्मीपतिसंग नै रह्यो । सो यस प्रकारको छ– ×

( छापमा )

श्रीनाथांघ्रिसरोजक–
भक्तकूर्माद्रिभूपतेः
श्रीमन्मोहनचन्द्रस्य
मुद्रा भाति जगन्मुदे ॥

श्रीमन्महाराजाधिराजश्रीमोहनचन्द्रदेवैश्श्रीमन्महाराजेरणबहादुरसाहश्रीबहादुरसमसेरजङ्गदेवेभ्यो धर्मपत्रं सल्लिख्य (संलिख्य) दत्तङ्गोरक्षाधीशमित्रमस्मन्मित्रमस्मन्मित्रञ्च गोरक्षाधीशमित्रङ्गोरक्षाधीशशत्रुः कूर्म्माचलाधीशशत्रुः कूर्म्माचलाधीशशत्रुश्च गोरक्षाधीशशत्रुर्गोरक्षाधीशहितचिन्तनेस्माभिरास्थेयमस्मद्धितचिन्तने च तैरिति व्यवस्थितः समयो निर्व्वाह्यश्श्रीमद्भ्याभ्यामेतद्विषये च लिखिता देवताः साक्षिण्य(:) कृताः कृतसमयविपर्ययकारिणश्चैताः श्रीलक्ष्मीनारायणश्रीवदरीनारायणश्रीकेदारनाथश्रीकालिकाश्रीपूर्णपीठदेवताः अनिष्टकारिण्यः स्युस्तद्रक्षितुश्च धर्माभीष्टवृद्धिकारिण्य इति,

अङ्काकार्शाषिभूभिः परिमितशके कालयुक्ताख्यवर्षे
मासे माघाभिधाने गणपतितिथौ शुक्लपक्षेऽब्जवारे।
श्रीगोरक्षेशकूर्म्माचलनरपयोः सन्धिदार्ढ्यैकबीज–
म्पत्रं सत्यप्रतिज्ञं प्रलिखितमदः पञ्चदेवाभिपुष्टम् ॥ शुभम्

(श्रीनाथका चरणकमलको भक्ति गर्ने कुमाउँका राजा श्रीमोहनचन्द्रको (यो) छाप संसारलाई आनन्द दिन सुहाइरहेको छ।

श्रीमहाराजाधिराज श्रीमोहनचन्द्रदेवले महाराजे रणबहादुर शाह श्रीबहादुर शमशेरजङ्गदेवलाई (यो) धर्मपत्र लेखिदिइयो ।

गोरखाका राजाका मित्र हाम्रा मित्र, हाम्रा मीत्र गोरखाका राजाका मित्र। गोरखाका राजाका शत्रु कुमाउँका राजाका शत्रु, कुमाउँका राजाका शत्रु गोरखाका राजाका शत्रु । हामीले गोरखाका

---

◎ ऐतिहासिक–पत्रसंग्रह (दोस्रो भाग) को ९ पृष्ठ हेर्नुहोस् ।

× पूर्णिमा ४ अङ्कका ६१–६५ पृष्ठ हेर्नुहोस्।

+ ऐतिहासिक–पत्रसग्रह (दोस्रो भाग) का ७–८ पृष्ठमा अनुवादसहित यो सन्धिपत्र छापिएको छ ।

राजाको हित चिताएर रहनुपर्छ, गोरखाका राजाले हाम्रो हित चिताएर रहनुपर्छ । दुवै राजाले यो बन्देजको पालना गर्नुपर्छ ।

यस पत्रमा लेखिएका देवता साक्षी राखिएका छन् । यस बन्देजको पालना नगर्नेको श्रीलक्ष्मीनारायण, श्रीबदरीनाथ, श्रीकेदारनाथ, श्रीकालिका, श्रीपूर्णपीठ यी देवताले अनिष्ट गरून् । यस बन्देजको पालना गर्नेको यी देवताले पुण्य अभीष्ट कुराको वृद्धि गरिदिऊन् ।

शाके १७०९ (वि. सं. १८४४) कालयुक्त संवत्सर माघ शुक्ल चतुर्थी सोमवारका दिन* गोरखाका राजा र कुमाउँका राजाले पांच देवता साक्षी राखीकन प्रतिज्ञा गरीकन गरिएको सन्धिलाई स्थिर पार्न यो सन्धिपत्र लेखिएको हो । कल्याण होस् ।)

यो सन्धि गरी लक्ष्मीपति काठमाडौं फर्के । कुमाउँलाई हात लिएको यस कामले नेपाल सरकार लक्ष्मीपतिदेखि प्रसन्न भएको देखिन्छ । यसै हुँदा यसको लगत्तै लक्ष्मीपतिलाई घर जग्गा दिइएको थियो । सो लालमोहर यस प्रकारको छ–

स्वस्तिश्रीमन्महाराजाधिराजकस्य रुक्का

आगे लक्ष्मीपति पाँडेके सहर काठमाडौंमध्ये जमलगुंठी मन्याको केलंटोलको जयन्त नेवारलाई रणसूर पाँडेमार्फत् मोहर‡ गरीदियाको घर चोक २ वारीसमेत घर षेत ज्येठिमैयाको मोती वासका षायळ× ज्मा रोपनी ४७॥ सुन्दर षवासको षायल रोपनी ३ ज्मा रोपनी ५०॥ वेषवुन्यादि घर षेत मानु चावल षोसमोस नास्ति गरी बक्स्यौं. माफिक तपसील षेतको भोग्य गर. आशिर्वाद देउ.

| | |
|---|---|
| मोती षवास्को षायळ् | सुन्दर षवास्को षायळ् |
| डोलषा रोपनी ४॥ | झंडोलमा रोपनी ३ |
| अैजं रोपनी ११॥ | |
| महासनां रो ६॥ | |
| पाठन्का थैवंमा रो २५ | सम ज्मा ५०॥ रोपनी |

इति सम्वत् १८४५ साल आषाढ शुदि २ रोज ७. शुभं.

( छेउमा )

रुजु श्रीकृष्ण शाह

( पछिल्तिर )

रुजु रणजित्पाँडे

रुजु पारथ भडारि

---

* यस दिनको पञ्चाङ्ग यस प्रकारको छ—

शाके १७०९ (वि. सं. १८४४) माघ शुक्ल

| संवत्सर | गते | | वार | तिथि | घडी | पला |
|---|---|---|---|---|---|---|
| कालयुक्त | फागुन | ३ | सोम | चतुर्थी | २०। | ।२० |

(पात्रोबाट)

‡ मोहर = लालमोहर । × षायळ् = आफूले चचको जग्गा ।

खोटो टक मासी चोखो टक चलाउने कुरालाई लिएर पृथ्वीनारायण शाहको समयदेखि नै भोटसँगको सम्बन्ध बिग्रिरहेको थियो। यत्तिकैमा भोटबाट भागी आएका स्यामर्पा लामालाई नेपाल सरकारले शरण दिएको हुनाले वैमनस्य झन् बढ्यो र नेपाल भोटको युद्धको स्थिति देखा पर्‍यो। वि. सं. १८४५ मा नेपालीहरूले कुती र केरुङ दुवैतिरबाट भोटमा आक्रमण गरे +।

लक्ष्मीपति पाँडे परराष्ट्रविभागका तालुकवाला भएका हुनाले यो युद्ध भइरहेताका ठाउँ ठाउँका प्रजाहरूमध्ये कसैलाई रसद, कसैलाई हातहतियार लिई केरुङ आइपुग भनी सूचना पठाउनाका लागि ठीक पारिएका ८ वटा पत्र उनको संग्रहमा पाइएका छन्। तिनमध्येको एउटा नमूना यहाँ दिइन्छ–

स्वस्तिश्रीमन्महाराजाधिराजकस्य रुक्का

आगे लाषार्जुंगका अम्बालीदारप्रति❀ तिमीहरुका अम्बलभरिका ÷ बितलप्या मोहरिया बिर्तवाल ब्राह्मन भाट सन्यासी प्रभृतीले बिसासुरांका चावल जागिरचा ढाक्र्या सिपाही सभले हातहतियार प्रजा पौनीपात गैह्लले कोदाला बंचरा लि चारै वर्ण छतिसै जात डववो झारा भै अम्बालीदार डिट्ठा भैकन कार्तिकका दिन जांदा केरुं चौतरिया बलभद्र साहछेउ पुग. जो पुगौन. तस्कन दंड होला. ईति सम्वत १८४५ साल→······

कारणवश यी पत्रहरू नपठाइएका हुनाले लक्ष्मीपतिकै संग्रहमा रहेका देखिन्छन्। यी पत्रहरू-बाट वि. सं. १८४५ को नेपाल–भोटयुद्धमा लक्ष्मीपतिले काम गरेका थिए भन्ने सिद्ध हुन्छ।

पछि चीनसरकारको मध्यस्थतामा नेपाल र भोटको सन्धि भयो। यस सन्धिअनुसार नेपालले कब्जा गरेका भोटका प्रदेश छाडिदिने र भोटले नेपाललाई बर्सेनि ५० हजार रुपियाँ बुझाउने व्यवस्था भयो। तर भोटले एक वर्ष मात्र सो रुपियाँ बुझायो। यसैले फेरि भोटसंगको संबन्ध बिग्रयो। वि. सं. १८४८ भाद्रमा नेपालीहरूले फेरि भोटमा आक्रमण गर्नुपर्‍यो। कुती र केरुङ दुवैतिरबाट नेपाली सेना अगाडि बढ्यो। दामोदर पाँडेको मातहतमा गएको फौजले दिगर्चा पुगी केही सुन चाँदी हात लगायो। यसपछि नेपाली फौज फर्क्यो ×।

वि. सं. १८४८ मा भ को नेपाल–भोटयुद्धको विषयमा लक्ष्मीपतिले पहिले जस्तै ज्यौतिष-शास्त्रको आधारमा विचार गरेको कागत पाइएको छ। भोटका विभिन्न प्रदेशहरू विजयका लागि ती प्रदेशहरूको नामोल्लेखसाथ कोष्ठक बनाई त्यहाँ विचार गरिएको छ। त्यहाँ उनले शीर्षकको रूपमा "शाके १७१३ भाद्र। शाके १७१३ भोटसँग लडाई पर्‍या विचारको कागत" भनी लेखेका छन्। विचार गरिएका ती ठाउँहरू यस प्रकारका छन्–

कूती, सेषाझुंङ्, लळची लहासा, साक्या, झिकाछे, केरुङ, झुंगा, पोतला, फरिझुं फलाक्, ग्यांचे, खार्त्ता, पुरानु केरुङ्

---

+ ऐतिहासिक–पत्रसंग्रह (पहिलो भाग) को ६३–६४ पृष्ठ हेर्नुहोस्।

❀ अम्बालीदार = बडाहाकिम। ÷ अम्बल = मातहती इलाका।

→ ठाउँ हेरी पत्र पठाउँदा दिन तोक्नुपर्ने हुनाले यहाँ मिति नराखिएको हो।

× ऐतिहासिक–पत्रसंग्रह (पहिलो भाग) का ६४–६५ पृष्ठ हेर्नुहोस्।

लक्ष्मीपतिले वि. सं. १८४८ को पात्रोमा उत्तर (भोट) तिर आक्रमण गर्ने दिनको बारेमा विचार गरेका छन् तथा वम शाह, जहरसिंह बस्न्यात, शत्रुभञ्जन मल्ल, प्रबल राना, दामोदर पाँडेहरूको राशि टिपेर विचार गरेका छन् । यी भारादारहरूमध्ये केही नेपाल–भोट–चीन युद्धमा सेनापति भएर गएका देखिएका छन् ।

यसरी वि. सं. १८४८ को युद्धताका पनि लक्ष्मीपतिले काम गरेको देखिन्छ ।

यसको केही कालपछि वि. सं. १८४९ मा भोटको सहायक भई चिनियाँ फौज आएको हुंदा नेपाल–चीन युद्ध भयो * । यस बेला हाम्रा लक्ष्मीपति पाँडेले पनि यस लडाईंमा भाग लिएका थिए ❁ । लक्ष्मीपतिका भाइ गौरीपति यस बेला पढाइ सिद्ध्याई काशीबाट नेपाल फर्किसकेका थिए । उनी दामोदर पाँडका साथ युद्धको मैदानमा गएका थिए। युद्ध चलिरहेकै बेला दामोदर पाँडेले गौरीपतिलाई धर्मपुत्र बनाई लेखिएको धर्मपत्र पाइएको छ ≈।

नेपाल–चीनयुद्धताका नेपालसरकारले लक्ष्मीपतिलाई जग्गा र कुलोको पानीको बन्दोबस्त गरिदिई लालमोहर गरिदिएको थियो—

स्वस्तिश्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलीविराजमानमानोन्नतश्रीमन्महाराजाधिराजश्रीश्रीश्रीमहाराजेरणबहादूरसाहबहादूर्सम्सेर्जङ्‌देवानां सदा समरविजयिनाम.

आगे लक्ष्मीपति पाँडेके भिर्पानी व्याँसिमध्ये महेश षोलामा वाँद बाधी ल्यायाको उपल्लो कुलोमा चौथाई पानी तिमिलाई वृत्ता गरी बक्स्युं. नौविस मुरी 1 रैकरटारीको र तीम्रो वृत्ता कुलाननीको सोतो विह्लौटो मुरी २० 2 छविस्या तम्रा वृत्ताको उपल्लो मुरी ४० 3 को एकं कुलो जानी जम्मा बाह्लविस मुरिको 4 जागिर्दारले तिमिले भाइहिसाबसित कुलो बाँद बनाई आफ्नु चौथाई पानी लि भोग्य गर. इति सम्वत् १८४९ आषाढ शुदि १ रोज ४ + शुभम्.

---

* ऐतिहासिक–पत्रसंग्रह (पहिलो भाग) का ६७–७४ पृष्ठ हेर्नुहोस् ।

❁ नेपाल–चीनयुद्धमा लक्ष्मीपतिले भाग लिएको कुरा परेको वि. सं. १८४९ को लालमोहर थियो । अहिले खोज्दा त्यो अल्मलियो, पाइएन ।

≈ पूर्णिमा २ अङ्कका ३७–३८ पृष्ठ हेर्नुहोस् ।

1 नौविस मुरी = १८० मुरी = ४५ रोपनी । 2 मुरी २० = ५ रोपनी । 3 मुरी ४० = १० रोपनी । 4 वाह्लविस मुरी = २४० मुरी = ६० रोपनी ।

+ यस दिनको पञ्चाङ्ग यस प्रकारको छ–

वि. सं. १८४९ आषाढ शुक्ल

| | गते | वार | तिथि | घडी पला |
|---|---|---|---|---|
| आषाढ | १० | बुध | प्रतिपदा | ३५।२१ |

(पात्रोबाट)

(पछिल्तिर)

मार्फत् वम्साह

मार्फत दामोदर पाँडे

पृथ्वीनारायण शाहकी छोरी विलासकुमारीको सल्यानी राजकुमार रणभीम शाहसँग विवाह भएपछि* गोर्खालीहरूको सल्यानीसँग संबन्ध जोडिएको थियो। लक्ष्मीपति परराष्ट्रविभागका तालुकवाला भएका हुनाले सल्यानीहरूसँग उनको सम्पर्क रहन गएको थियो। सल्यानी राजा कृष्ण शाह विद्याप्रेमी थिए। उनका छोरा रणभीम शाह पनि विद्यामा चाख राख्ने हुँदा उनको आज्ञाले लक्ष्मीपतिले वि. सं. १८५० मा दुर्गार्चनकल्पतरु बनाए।

दुर्गार्चनकल्पतरुमा रणबहादुर शाहको मात्र वर्णन गरिएको छ, बहादुर शाहको वर्णन कतै परेको छैन। यसभन्दा अघि वि.सं. १८४७ मा धूपघडी बनाउँदा लक्ष्मीपतिले रणबहादुर शाहको साथै बहादुर शाहको पनि वर्णन गरेका छन् ‡। यो पुस्तक लेखिएको ६ महीनाजतिपछि बहादुर शाहको हातबाट अधिकार छिकी स्वयं रणबहादुर शाहले शासन चलाएका थिए +। यो ग्रन्थ रचना भएताका नै बहादुर शाहबाट अधिकार छिकिने संभावना देखा परिसकेको थियो कि भन्ने आभास यताबाट पर्छ। सो दुर्गार्चनकल्पतरुमा परेको ऐतिहासिक भाग यस प्रकारको छ—

समालवंशोद्भवभूपमौलिश्रीकृष्णसाहात्मजकारितेऽस्मिन्।
शरोन्मितं कल्पतरौ प्रणीते सुमं हि लक्ष्मीपतिशमणाऽगात्॥

इति श्रीमत्सल्याणाधिपतिश्रीमन्महाराजाधिराजश्रीमच्छ्रीकृष्णसाहात्मजश्रीमद्रणभीमसाहसमसिंहकारिते दैवज्ञशिरोमणिश्रीमल्लक्ष्मीपतिशर्मणा विरचिते दुर्गार्चनकल्पतरौ बिल्वाभिमंत्रणपत्रीप्रवेशकृत्यकुसुमं पञ्चमम्··· ··· ··· ··· ··· ।

श्रीमच्छ्रीकृष्णपादाम्बुजयुगभजनासादितानेकविद्या—
शौर्य्यौदार्य्याद्युपेतः क्षितिपकुलमणिः सत्प्रतिज्ञः समालः।
वीरश्रीकृष्णवर्मा रिपुदलनकरालोऽत्रिगोत्रावतीर्णः
सल्याणेशोऽस्ति कृष्टिर्विबुधजनपरित्राणसंतर्पितार्थः॥३॥
तत्पुत्रोऽहितदर्पदावदहनज्वालाकरालप्रभः
सद्विद्यावृतनिष्ठविप्रजनहृत्तोषेन्दुतुल्यच्छविः।
स्वेष्टेशीचरणाम्बुजस्मरणसद्भावाप्तसर्वोन्नतिः
स्वस्तिश्रीरणभीमसाहयुवराट् वर्वर्त्ति लोकेऽधुना॥४॥
..श्रीरघुनाथसाहनवराट् यस्यात्मजः शोभते॥५॥
तदाज्ञयेषाऽर्जुनशक्तिपूजाविधेर्विधानं वृतकाम्यनिर्णयम्।
चिरन्तनोक्तिं प्रणिधाय चित्ते करोति लक्ष्मीपतिदैवविद् द्विजः॥६॥ ··· ··· ···

* ऐतिहासिक–पत्रसंग्रह (दोस्रो भाग) को ९३ पृष्ठ हेर्नुहोस्।

‡ इतिहास–संशोधनको प्रमाणप्रमेय (पहिलो भाग) को उपोद्घातको ९ पृष्ठ हेर्नुहोस्।

+ चित्तरञ्जन नेपालीको "रणबहादुर शाह" को २२ पृष्ठ हेर्नुहोस्।

जीर्णं चीनं विचिन्वन् जनपदविषयं कामरूपं विधुन्व-
न्नंगान्वङ्गान्कलिङ्गान्कुरुमरुयवनांस्त्रासयन् स्वप्रतापैः ।
स्वर्देवान् भूमिदेवान् स्वकुलजनपदांस्तोषयन् यज्ञदानैः
श्रीमद्गोर्षाचलेशो जयति रणबहादूरसाहक्षितीन्द्रः ॥१॥
तद्राजत्सदसि ग्रहागमविदोऽनेके स्थितास्तेष्वपि
त्रिस्कन्धागमसारतत्वनिपुणं ज्ञात्वा सुतुष्टो नृपः ।
श्रीदैवज्ञशिरोमणीति पदवीं प्रादादसाधारणीं
यस्मै सोऽयमनन्तचिन्मयमना दैवज्ञलक्ष्मीपतिः ॥२॥
त्रिस्कन्धागमशब्दसांख्यनिगमानेकार्थसारामृता-
स्वादावाप्तमहाप्रमोदजनकज्ञानप्रबोधोदयः ।
कृष्णानन्द इति प्रगीतमहिमा तत्पुत्रलक्ष्मीपतिः
श्रीदुर्गार्चनकल्पवृक्षममळं भक्त्याऽकरोच्छारदम् ॥३॥
पक्षे रूपघने पदेऽस्य दिवसे द्विघ्ने तिथौ तत्समे
कर्णे मासि यमोनतद्घनमिते मासैकयुक्ते घने ।
कार्णे भे त्रिघने युतावखिलयुग्दन्तघ्नविश्वोनके
शाके पङ्क्तिमितैः सुमैर्विलसितो ग्रन्थोऽन्वगात् पूर्णताम् ॥४॥

[समाल वंशमा जन्मेका, महाराजाधिराज, श्रीकृष्ण शाहका छोरा (रणभीम शाह)ले बनाउन लाएको लक्ष्मीपति शर्माले बनाएको दुर्गार्चनकल्पतरुको पाँचौ कुसुम सिद्धियो ।

सल्यानका राजा श्रीमहाराजाधिराज श्रीकृष्ण शाहका छोरा वीर रणभीम शाहले बनाउन लाएको दैवज्ञशिरोमणि लक्ष्मीपति शर्माले बनाएको दुर्गार्चनकल्पतरुको बिल्वाभिमन्त्रणपत्रीप्रवेश-कृत्य (वेल मन्त्रने र फूलपाती भित्र्याउने काम) नाम भएको पाँचौ कुसुम सिद्धियो ।

श्रीकृष्णको चरणकमलको आराधनाले अनेक विद्या जानेका, शूरा, उदार, वचन पुऱ्याउने, ठूला राजा, समाल वंशमा जन्मेका, अत्रिगोत्रका, शत्रुलाई खत्तम पार्ने, विद्वान्‌हरूको रक्षाको लागि आर्थिक सहायता दिने, विद्वान, वीर, सल्यानका राजा श्रीकृष्णवर्मा हुनुहुन्छ ।

उहाँका छोरा शत्रुहरूलाई खत्तम गर्ने, असल विद्या पढेका ब्राह्मणहरूलाई सन्तुष्ट पार्ने, आफ्नो इष्टदेवताको आराधनाले उन्नति भएका, युवराज रणभीम शाह हुनुहुन्छ ।

उहाँका छोरा नवराट् रघुनाथ शाह हुनुहुन्छ ।

उहाँ (रणभीम शाह)को आज्ञाले प्राचीन आचार्यहरूको वचनलाई मनमा लिएर व्रतहरूको निर्णय भएको आश्विनको दसैंको विधानलाई ज्योतिषी लक्ष्मीपतिले बनाएको हो ।

चीनलाई थोत्र्याउँदै, आसामलाई हल्लाउँदै, अङ्ग, बङ्ग, कलिङ्ग, कुरु, मरु, यवनहरूलाई आफ्नो प्रतापले तर्साउँदै, देवताहरूलाई यज्ञले, ब्राह्मणहरू, आफ्ना कुलका र देशका मानिसलाई दानले खुशी पार्दै गोर्खाका राजा रणबहादुर शाह विजयी भइरहनुभएको छ ।

उहाँ राजा रणबहादुर शाहको सभामा ज्योतिषीहरू धेरै छन्, तिनमा त्रिस्कन्ध ज्योतिषको सार जान्ने भनी थाहा पाएर खुशी भएका उहाँ राजाले लक्ष्मीपतिलाई दैवज्ञशिरोमणि भन्ने असाधारण

पदवी दिनुभयो । परमेश्वरमा मन लाएका ती ज्योतिषी लक्ष्मीपति छन् ।

त्रिस्कन्ध (सिद्धान्त, संहिता, होरा तीन विभाग भएको ज्यौतिष) व्याकरण, सांख्य शास्त्र-हरूको अमृत जस्तो सारको आनन्दको स्वाद लिनाले ज्ञान बढेका, नाउँ चलेका कृष्णानन्द हुनुहुन्छ । उहाँका छोरा लक्ष्मीपतिले शरद् ऋतुको (बडादसैंको देवीको पूजा गर्ने विधि भएको) दुर्गार्चनकल्पतरु बनाए ।

१ को घन पक्ष, पक्षको मूल वार, द्विगुणित वारतुल्य तिथि, तिथितुल्य करण, करणको घनमा २ घटाउँदा आएको फलतुल्य महीना, करणको घनमा महीना र १ जोड्दा आउने फलतुल्य नक्षत्र, ३ को घनतुल्य योग, सबैको योगफललाई ३२ ले गुनी १३ घटाउँदा आउने फलतुल्य शाकेमा दशवटा कुसुम (खण्ड) भएको ग्रन्थ (दुर्गार्चनकल्पतरु) संपूर्ण भयो ।●

$१^३ = १$ ( शुक्लपक्ष ) $२^३ + ६ + १ = ८ + ६ + १ = १५$ ( स्वाति नक्षत्र )
$\sqrt{१} = १$ (आइतवार) $३^३ = २७$ (वैधृति योग)
$१ \times २ = २$ (द्वितीया तिथि) $१ + १ + २ + २ + ६ + १५ + २७ = ५४$
$= २$ ( वालव करण ) $५४ \times ३२ = १७२८$
$२^३ - २ = ८ - २ = ६$ (आश्विन महीना) $-१३$
१७१५ शाके

अर्थात् शाके १७१५ (वि.सं. १८५०) आश्विन शुक्ल द्वितीया आइतवार स्वाति नक्षत्र वैधृति योग बालव करणमा→ दशवटा कुसुम (खण्ड) भएको ग्रन्थ (दुर्गार्चनकल्पतरु) पूर्ण भयो। ]

यसबाट त्यस वेला लक्ष्मीपति पाँडेले नेपालसरकारबाट दैवज्ञशिरोमणि पाइसकेका थिए भन्ने थाहा पाइन्छ । यसरी लक्ष्मीपति पाँडेको कदर यस वेलासम्म बढ्दै गइरहेको देखिन्छ ।

(क्रमशः)

—०—

● ऐ. शि. बाबुराम आचार्यले यो अर्थ गरिदिनुभएको हो।

→ यस दिनको पञ्चाङ्ग यस प्रकारको छ–

शाके १७१५ (वि. सं. १८५०) आश्विन शुक्ल

| | गते | वार | तिथि | घडी पला | नक्षत्र | घडी पला | योग | घडी पला |
|---|---|---|---|---|---|---|---|---|
| आश्विन | २४ | आदित्य | प्रतिपदा | ११। १३ | चित्रा | २२। १९ | वैधृति | २५। ५३ |

प्रतिपदाउप्रान्त द्वितीयाको पूर्वार्धमा बालवकरण हुन्छ ।

(यो गणना श्रीगुरु शंकरमान राजवंशीले गरिदिनुभएको हो ।)

# नेपाल-अंग्रेजयुद्ध शुरू हुनुभन्दा १ वर्षअगाडि अमरसिंह थापाका छोरा र अक्टरलोनीका छोराले मितेरी लाएथे

## बूढाकाजी अमरसिंह थापाले ज. अमरसिंह थापालाई बागलबाट वि. सं. १८७० मंसीर १० गते लेखेको पत्र
## र
## त्यस पत्रको ऐतिहासिक व्याख्या

—महेशराज पन्त

स्वस्ति श्रीसर्वोपमायोग्येत्यादिसकलगुणगरीष्ट राजभारासामर्थ सकलमंगलालय कोटिकल्याण चिरंजिवि श्रीजनैळ भाई अमरसिंह थापाकेषु[१] इत श्रीअमरसिंह थापाकस्य[२] शुभाशीष श्रीरामदास थापाको[३] साष्टांगसेवापूर्वकपत्रमिदं.

आहा कुशल ताहा कुशल चाहिये. आगे आहाको समाचार भलो छ.

उप्रान्त लुनिअषर रसंग[४] भेट गर्न भनि हामि बागळ[५] बाट उठिसुगाठोर आईपुग्यासम्मको विस्तार अघि लेषि पठायाको हो. पुगि मालुम भयो हो.

---

१. ज. अमरसिंह थापा भीमसेन थापाका बाबु हुन् । यिनको जन्म वि. सं. १८१६ मा भएको हो । यिनी पालपाका शासक भएका थिए । वि. सं. १८७१ कार्तिक ७ गते महाष्टमीको दिन ५५ वर्षको उमेरमा यिनको मृत्यु भयो । (पूर्णिमा ६ अङ्क ६८ पृष्ठ)

२. यमुना र सतलजबीचको नेपाली प्रदेशका शासक बूढाकाजी अमरसिंह थापाको जन्म वि. सं. १८०५.मा भएको होला भनी श्रीसूर्यविक्रम ज्ञवालीले अन्दाजी गर्नु भएको छ । (अमरसिंह थापा ४ पृ.) मोहननाथ पाँडेको पुर्ख्यौली संग्रहको कागतमा बडा अमरसिंह थापाको जन्म शकसंवत् १६७३ वि. सं. १८०८ मा भयो भनी लेखिएको छ । यताबाट यिनको जन्मसंवत् वि. सं. १८०८ ठहर्छ ।

३. बूढाकाजी अमरसिंह थापाकी साहिली मुखिनी धर्मदेवीतर्फका ठाहिला छोरा यी रामदास थापा हुन् । (इतिहास-प्रकाश २ अङ्क २ भागका ३१४–१६ पृ.) बाबुका सहायक भई यी रामदास थापा सधैं बाबुका साथ रहन्थे । (अमरसिंह थापा १८१ पृ.)

४. लुनिअषत्तरसंग = अक्टरलोनीसंग । ५. बागलको राजधानी अर्की हो । (इम्पेरियळ गजेटियर् अफ् न्डिया छैटौं खण्डको १८४ पृ.) । अमरसिंह थापाको मुकाम अर्की थियो । (अमरसिंह थापा ४९ पृ.) काठमाडौंबाट २४१ कोस उत्तरपश्चिममा अर्की छ ।

कार्तिकका २५ दीन जांदा सोमवार सुगाठोरदेषि उठी बघाट[६]मा गं बस्यु॑. मंगलवारका दीन टक्सारमा पुगिञ्. उसं दीन लुनिअषत्तर पनि पंजोरमा आईपुगेछ. लुनिअषत्तरसमेत् ६ जना साहेब लुध्याना[७]बाट पंजोरसम्म आयाका रह्याछन्.

लुनिअषत्तरसंग[८] गयाका हाम्रा वकिल्[९] जामादार रामचन्द्र षत्रि निहाल् गिरीलाई हामी टक्सार पुग्दाका दीन उ २ जनालाई अगाडी हामिछेउ पठायो. उन्हेरु आईकन बघाटको अम्बल[१०] टक्सारदेषि कच्चा १ कोसका बीचमा[११] ----को स्थान रहेछ. उसं जगामा[१२] भेट् गर्नु. हामि एताबाट आउछौं. उताबाट काजीले आउन्या काम् गर्नु भनि पठायाको छ भनि भन्या कुरा गरच्या.

२७ दीन जादा बुधवार कौन् वेलामा आउछ. कस्ता डबल्सँग[१३] आउछ. त्यो पनि बुझनु. चाँडै आयो भन्या उस्कै साथमा आउनु भनि सर्दार निर्भयसिं थापा कृष्णा मुंसि[१४]-लाई पठाञ्॑. उन्हेरु वाहा पुग्निबित्तिकै तयार भयेछ.

अगाडी मुन्सि बर्गत अलीषाँलाई हाम्रा डेरामा पठायो. लगतै आफु लुनिअषत्तर पनी ३ साहेब[१५] कंपनी[१६] असबाप[१७] डेरादंडा सबं पंजोरमा थामी आफ्नु छोरा अषत्तरलुनि[१८] कप्तान भोर साहेब २ र ६ हाति १० घोडा आफ्ना टहलुवा चाकर चप्रासि मात्र लि ----₁ का स्थानमा आयो. सिपाहि भन्या १ पनि ल्या आयेन. ----₁ का स्थानदेषि ५ कोस पंजोरमा उस्को डेरा थियो. ५ कोस् वढो[१९]उ आयो. टक्सारदेषि कच्चा १ कोस् एताबाट हामि गञ्.

उस्ले साथमा सिपाहि कत्ति ल्यायाको नदेष्दा हामिले पनि उपर भारादार कंपनि लस्कर सबै डेरामा थामी रामदास थापा अर्जुन् थापा[२०] लछविर साही[२१]

---

६.बघाट = [redacted] नेपालले विजय गरेको सतलजइलाकाको राज्य । बाह्रठकुराईमध्ये एक । (अमरसिंह थापा ३१–३२ पृ.) । ७. काठमाडौंबाट २६६ कोस जति पश्चिमउत्तरमा लुधियाना छ ।

८. लुनिअषत्तरसंग = अक्टरलोनीकहाँ । ९. वकीळ् = दूत । १०. अम्बल = अन्तर्गतको । ११.कच्चा १ कोसका बीचमा = पुगनपुग १ कोसमा । १२. जगामा = ठाउँमा ।

१३.कस्ता डबल् संग = कुन प्रकारसंग । १४.मुन्सि = कारिन्दा। १५. ३ साहेब = ३ जना अंग्रेज । १६.कम्पनी = फौज । १७. असबाप = मालसामान।१८. अक्टरलोनी बाबु छोरा दुबैको उपाधि हो। बाबुचाहिंको नाउँ डेभिड अक्टरलोनी हो। छोराचाहिंको नाउँ हामीलाई थाहा छैन । यस पत्रमा बाबु-चाहिंलाई लुनिअषत्तर र छोराचाहिंलाई अषत्तरलुनि लेखिएको छ। अरू अरू पत्रमा पनि अक्टर-लोनीलाई लुनिअषत्तर लेखिएको देखिन्छ । १९. वढो = वर ।

२०. बूढाकाजी अमरसिंह थापाको कान्छी मुखिनी लालवतीतर्फका जेठा छोरा यी अर्जुन थापा हुन् (इतिहास–प्रकाश २ अङ्क ३ भागका ३१४–१६ पृ. )। नेपाल अंग्रेजयुद्धपछि यी अर्जुन थापा, पञ्जाबका राजा रणजित्सिंहको सेनामा भर्ती भएका थिए। यिनको दैनिक तलब पहिले ७ रु. थियो। पछि कप्तान भएर दैनिक तलब १० रु. पुगेको थियो (पूर्णिमा ५ अङ्क ६४ पृ.)। २१. यी लक्षवीर साही, चौ. बम शाहका छोरा हुन् । डा. मुरक्रोप्ट बन्धनबाट छुटेपछि गढकुमा-उँका शासक आफ्ना बाबु बम शाहको खटनबमोजिम मुरक्रोप्टलाई भेटन यी लक्षवीर गएथे । (ऐति-हासिक–पत्रसंग्रह पहिलो भाग १०५ पृ.) । नेपाल–अंग्रेजयुद्ध हुंदा अर्कीमा बसेका प्रधानसेनापति बूढाकाजी अमरसिंह थापाले नालापानीतर्फ मदतको लागि फौज पठाएका थिए। त्यो फौजका ३ मातहतीमध्ये यिनै लक्षवीर पनि एक थिए । तर यो फौज नाहानसम्म आइपुग्दा नै नेपालीले नालापानी छोडिसकेका थिए । (पूर्णिमा ४ अङ्कको ७२ पृ.)

काजी रेवन्त कुवर[२२] समेत् सय छबिस् सिपाहि साथ लि---[२३]---का स्थानमा गं हाम्रो र लुनिअषत्तरको भेट मुलाकात् भयो.

पैल्हे भेट हुदामा भन्या लिन्या दिन्या कुरामा लुनिअषत्तरले पनि हामिलाई केहि दियेन. उस्‌लाई हामिले पनि केहि दिञु्‌न. उसं मिल्न्या काम भयो.

कुराकहानी हुदामा गोर्षा अंगरेजको अघिदेषिको दोस्ति हो. अंगरेजसँगको दोस्ति राषनानिमित्य अघि पनि रामपुरको[२४] नवाप गुलां महमद षां र उजेरलीले तरचानिमा[२५] बसि अंगरेजसँग हंगामा[२६] गर्छौं. ओतन्[२७] देउ भन्न आउदा अंगरेजसँगको दोस्ति जानि उन्‌लाई बस्न दियेनथिञ्ँ. फकिरबकस्‌लाई हानि धपाईदियाथिञ्ँ आज मंडलाह भटौलिमा पनि सर्कारका मर्जिले तक्रार गरचौंन. छोडिदिञ्ँ. तिमिले पनि दोस्ति समझन्या हो भन्या कुरा हामीले गर्दा इ २ जगा अघि गोर्खाको अम्बल भं गोर्षले षाई चचिआयाको भया हामी पनि तक्रार गर्न्या थिञु्ँन. तिमिले हाम्रो अम्बल भयाको जगा हो भनि हामिलाई लेष्ता सोधन्या सहि गर्न्या कुरा हामिले कतियेक्[२८] गरचौं. ई २ जगाको साल्[२९] गोर्षाले षायाको कत्ति सहि नहुदा तक्रार गरीयाको हो. राईले[३०] पनि भटौलिका १२ गांउमा ८ गांउको साल् षायाको रहेछ. ४ गाउको साळ् भन्या ६२ साललगायत कैल्हे षायाको रहेनछ. हामिले पनि निसापैका कुरा गरचाको छ. एस्‌मा अनचित्त गर्न्या दोस्तिमा फरक् समझन्या काम् गर्नुपर्दैन. तिम्रो हाम्रो भेट् मुलाकात् जति भयो त गोर्षा अंगरेजको दोबर्दोस्ति बढन्या काम भयो भन्या कुरा गरचो.

सतरुद्रा[३१] वारका पारका राजा रजौटा र भगौटाहरू छोटा बुद्धि भयाका. अंगरेज रणजितसिं २ मा एकाले गोर्षासँग हंगामा गर्न्या कुराको थोरो संथा[३२] चलायो भन्या उत्ति कुरामा अस्मान पुगि[३३] गढकुमाउसम्मको दावा राषि हंगामा षडा गर्न तयार हुन्या एस्ता उ अंगरेजले भन्या.

अघी माटकलप् साहेब[३४] लाहोरमा[३५] पुगि रणजीतसिंसित भेट गरी आयाको. पछि लुनिअषत्तरले बाहा गं रणजितसिंसँग पनि संसारचन्दसँग[३६] पनि भेट गरी आयाको. रामसरणसँग[३७] भन्या वारंवार भेट भयाको.

---

२२. काजी रणजित् कुँवरका छोरा यी काजी रेवन्त कुँवर हुन् । श्री ३ महाराज जङ्गबहादुर, यिनका भतिजा हुन् । वि. सं. १८७१ कार्तिक १७ गतेको नालापानीको लडाईंपछि बलभद्र कुँवरले बम शाहसंग हातहतियार मागी पठाउँदा बम शाहले यिनै रेवन्त कुँवरमार्फत कार्तिक १८ गते केही हातहतियार नालापानीमा पठाइदिए। (पूर्णिमा ४ अङ्का ६९,७९ पृ.) २३. सय छबिस् = एक सय, एक सय बीस ।

२४. काठमाडौंबाट १६९ कोस जति पश्चिम उत्तरमा रामपुर छ । २५. तरचानिमा = तराईमा । २६.हंगामा = लडाइँ । २७. ओतन् = ठाउँ । २८, कतियेक् = कतिपल्ट । २९. साल् = सालिन्दा आम्दानी । ३०. राईले = त्यहाँको राजाले ।

३१. सतरुद्रा = सतलज । ३२. संथा = हल्ला । ३३. अस्मान पुगि = माथि पुगी।

३४. माटकलप् साहेब = चार्ल्स मेटकाफ। ३५. लाहोर = रणजितसिहको राजधानी । काठमाडौंबाट ३१७ कोस जति पश्चिमउत्तरमा लाहोर छ । ३६. संसारचन्द = काँगडाका राजा। ३७. रामसरण = हन्डुरका राजा ।

हामिले पनि भेट मुलाकात् मात्र गरि उपर्कुरा केहि नगरीकन फिर्दामा भन्या दुष्ट राजा र भगौडाहेरू अंगरेजको र गोर्षाको भेट् मुलाकात् भयो त कौन् बडो बात् भयो. हामीसंग पनि अंगरेजले भेट गर्दछ भनि हंगामाका कुराको जिगर्[३८] गर्न नछोड्न्या. अभीन्तरको कुरा[३९] आफुले उन्सँग षोलनु नहुन्या हुदा गोर्षा अंगरेजको एक् रहेछ. दोस्तिमा तफावत् पार्न सकिन्या रहेनछ[४०] भन्या बोध दुष्ट राजाहेरूलाई पार्न्या हो भन्या कुराको लुनिअषत्तरको र हाम्रो सल्लाह भै पगरी बदल् गर्न्या हो भनि ठहराई लुनिअषत्तरको छोरा अषत्तरलुनिको र रामदास थापा अर्जुन् थापा २ मा एकाको पगरी बदल् गर्न्या हो भन्या कुरा भया.

अर्जुन् थापासँग उमेर नमिलन्या भयो र रामदास थापाको र लुनिअषत्तरको छोरा अषत्तर-लुनिको मित्यारी गराउन्या काम भयो.

उ २ को बदलाबदलिमा १ पगरी १ दोसाला १ थान् किंषाप् १ पगरीमा बाधन्या जडाउको सिर्पेच् दोपटा १ थान् बनारसी अतलस्[४१] १ रुमाल २ अश्पि राषि रामदास् थापालाई उसले दियो. १ पगरी १ दोसाला १ थान् किंषाप् १ थान् कोचोन् १ थान मल्मल् २ अश्पि १ ताजी[४२] घोडा रामदास् थापाले उसलाई दियो.

१ अर्सपि राषि रामदास थापाले लुनिअषत्तरको[४३] सलाम गर्‍यो. लुनीअषत्तरको छोरा अषत्तरलुनिले १ अर्सपि हातमा लि सलाम गर्नालाई मैले कसो गर्न्या हो भनि मुनसि बर्गत् अलि षाँसँग सल्लाह गर्दा अंगरेजले नजर राषि[४४] आजसम्म कसैलाई सलाम गर्‍याको छैन. सलाम गर्न्या भया कर्नेल्कै[४५] सलाम गर भन्न्या कुरा बर्गत् अलि षाँले गर्दा अषत्तरलुनि उठि एक अर्सपि राषि लुनिअषत्तरको सलाम गर्न्या वेलामा एस् कुरामा मेरो चित्त बुझेन. अजोग्य कुरा गर्नु छैन. काजीका बेटाले[४६] मेरो सलाम गर्‍यापछि हाम्रा बेटाले काजीको सलाम् गर्न्या जोग्य हो. काजीको सलाम गर भन्न्या कुरा लुनिअषत्तरले भन्दा १ अर्सपि राषि अषत्तरलुनिले मेरो सलाम गर्‍यो.

एति काम् भयापछि ३ सर्वांग[४७] १ जीउदो कस्तुरा[४८] ९ बिना[४९] २१ चापुरा[५०] एति सौगाद भनिकन लुनिअषत्तरलाई हामिले दियूँ.

गोर्षा अंगरेज दुवै सर्कारका दुस्मनहरूको दील् घट्न्या दोस्त दील् बढ हुन्या र गोर्षा अंगरेजको दोबर्दोस्ति बढन्या सबुजी सरसी हुन्या काम भयो भन्न्या कुरा गर्‍यो.

---

३८. जिगर्=चर्चा। ३९. अभीन्तरको कुरा=भित्री कुरा। ४०. दोस्तिमा तफावत् पार्न सकिन्या रहेनछ=मित्रतामा फाटो पार्न सकिने रहेनछ ।

४१. अतलस्=एक प्रकारको ज्यादै नरम रेशमी कपडा। ४२. ताजी=असल।

४३. लुनिअषत्तरको=अक्टरलोनीलाई। "......लाई सलाम गर्‍यो" को ठाउँमा यहाँ......"को सलाम गर्‍यो" लेखिएको छ। ४४. नजर राषि=नजराना राखी। ४५. कर्नेलकै=अक्टरलोनीलाई नै। यस वेला अक्टरलोनी कर्नेल थिए। (अमरसिंह थापा ८७.पृ.) ४६ बेटाले=छोराले।

४७. सर्वांग=मृग वा यस्तै जन्तुको टाउकोदेखि पुच्छरसम्मको छाला। ४८. कस्तुरा=कस्तूरी मृग। ४९ बिना=कस्तूरी मृगको नाभिको कस्तूरीको डल्लो। ५० चापुरा=च्याखुरा।

वाहापछि उ पनि आफ्नु डेरा पंजोरमा गयो. हामि पनि डेरामा आञ्ँ.

२७ दीन जाँदा भेट् गर्न नगयाका भारादारहरूलाई भोलिपल्ट २८ दीन् जादा भेट् गर्न पठाञ्ँ. हजार १२ सय सिपाहि साथमा ली पंजोरैमा गै भेट गरी आया.

लुनिअषत्तरले जति गोर्षाका भारादार जाहा भेट्मा आयाका छन्. उ सबैलाई दिन भनि षिलत्[५१] तयार गरयाको रहेछ. सो कुरा बर्गत् अलीले हामिसँग गर्दा षिलत् हामि लिन्याछौन. हामिलाई दोस्ति रहन्या काम भया हुन्छ भन्न्या कुरा गरी मैले षिल्लत् नलिदा उपभारादारलाई पनि षिल्लत् दियेन. भक्ति थापालाई[५२] मात्र उन्ले पनि सौगाद ढेरै लग्याको रहेछ र १५गरी १ दोसाला १ थान किंषाप् १ थान् मल्मल् दियेछ. हामिले पनि पंजोरमा रह्याका साहेबहेरूलाई केहि दिन्या हो भनी ४ घोडा पहाडी गुठ पठाइदिञ्ँ.

एस् बषत् यो अंगरेज गोर्षादेषि बहुत् षुसि हुँन गयो.जगा मिल्यो भनिकन र उपर्कुराले भन्या होईन. कति अर्थले भन्या —ॢ— सतरुद्राका बीचका सीषहरूसँग रणजीतसिंले पैसा लीन्थ्यो. अझ पनि सतरुद्रा —ॢ— का बिचमा लाषौंको मुलुक्[५३] कतिएक्[५४] किल्ला रणजीतसिंको अम्मल्[५५] छदैछ.रणजीतसिंलाई पैसा भर्नु परयाको सहन नसकि पटेलागैरह[५६] सीषले हाम्रो रक्ष्या गर्न आउ.तिमिलाई लै जान्छौं भन्दा लुनिअषतर लुध्यानामा आई बस्याको छ. हुकुम् उस्को फिरयाको छ त पनि लुध्याना जौन जगामा किल्ला हालि बस्याको छ. उ जगामा भार्गसिंको[५७] रहेछ. पैह्ले साल ३ लाष रुपैया भार्गसिंलाई दियोथ्यो. अझ पनि ३।३ हजार रुपैया सालिन्ना उस्लाई दिदैछ. बजार भन्याको १ जगा पतरोयाको रहेछ. उस्का सालीन्ना ३।३ सय रुपैया तारी बजार राष्याको छ. एस् गीर्दका[५८] राजा र सीषहेरूलाई सलुकका पाठसँग[५९] भन्या काम कुरा गर्न पाउछ. नजराना भनि दियाका रुपैया षादैछ तपनि जोरसंग काबु गर्न र पैसा भरी लिन कसैसँग सक्याको थियेन. मंडलाहमा हामीले सीषलाई जिति अत्याई आफुले गर्नपर्न्या कुरो गोर्षाबाट भयो भन्न्या कुराले र गोर्षासँग तम्रा जोरले सकन्या रहेनछौ. मंडलाहमा सक्यौन. ५ पटक जाईलाग्यौं. गोर्षाको मुचा[६०] उठाउन सकेउन. आफु हट्टि आयो. गोर्षासँग भेट मुलाकाद गरीकन जगा मैले थाम्या भनि सिहलाई[६१] भन्न ठाउ पाउदा र बबत्पर[६२] अठ्याउ भन्या सिहहरूलाई अठ्याउन हुन्या काम् हुन जादा षुसि हुन गैरहेछ.

अघि हामि काँगडामा[६३] जादा राजाहरूसँग[६४] घा[६५] गरी गञ्ँ. किल्ला काँगडा घेरी तंग पारी[६६] गालि[६७] रानि रनिबास्[६८] निकासनालाई ११ दीनको भाका मागी —ॢ— पत्र[६९] लेषिदिदा ११ दिनको भाका दिदा अघि रानि रनिबास् असबाप् निकासि पछि संसारचन्द आफु किल्लामा किल्लेदार राषि रातमा निस्कि सिह ल्याउदा पछाडिका राजाहरू पनि उतै मिलन गया. हंडुरको नाला[७०] जेउरयागढ पनि घेरीन गया र काँगडाको काज पुग्याको छैन. दाईया

---

५१. खिलत् = इनाम । ५२. भक्ति थापाको परिचय पूर्णिमा १ अङ्कको ५० पृष्ठमा हेर्नु होस्।

५३. लाषौंको मुलुक् = लखौं रुपियाँ आम्दानी हुने मुलुक । ५४. कतिएक = कैयौं । ५५.अम्मल = अधिकारमा । ५६.पटेलागैरह = पटियाला आदिका । काठमाडौंबाट २४६ कोस पश्चिमउत्तरमा पटियाला छ। ५७.भार्गसि = झिन्दका राजा भार्गसिंह। यी भार्गसिंह रणजितसिंहका मामा हुन्। (इम्पेरियल गजेटियर् अफ् इन्डिया चौधौं खण्ड १६७ पृ.) काठमाडौंबाट २२७ कोस जति पश्चिमउत्तरमा झिन्द छ। ५८. एस् गीर्दका = यतातिरका । ५९. सलुकका पाठसंग = मेलमिलाप गरेर। ६०. मुचा = किल्लाबन्दी। ६१, सिहलाई = रणजित सिंहलाई । ६२. बखतपर = मौकामा।

६३. काँगडा = काठमाडौंबाट २५५ कोस जति पश्चिमउत्तरमा कांगडा छ। ६४. राजाहरूसंग = त्यतातिरका राजाहरूसंग । ६५.घा = सन्धि। ६६. तंग पारी = च्यापी। ६७.गालि = गलाई ।६८.रनिबास् = खोपी।६९. —ॢ— पत्र = धर्मपत्र। ७०. नालागढ = काठमाडौंबाट २४५ कोस पश्चिमउत्तरमा नालागढ छ ।

रह्याको छ. उस् बषत्मा पछाडि युद्ध नगरी[७१] हुन्या भयेन र फौज हट्टि पछाडिको हंगमा मेटि आफुपक्को हुन्या बन्दोबस्त गरीयो. अब काज गर्नालाई तिमि क्या सल्लाह दिन्छौ भन्दा हिजो राजा र संसारचन्द मात्र हुदा तिम्रो कागडाको काज पुगेन. आज सिष संसारचन्द एक भै रह्याछन्. सिहको बल[७२] षजाना[७३] ढेर छ. तिमिहरूले मात्र मारी तरी काज गर्दा भारी पर्न जाला. हामिले लाहोरमा चढाइ[७४] गर्दा काज गरचा सरल होला. आफ्नो जोरगमले[७५] काज गर्छौं भन्या पाहाडमा जाहासम्मको काज गर्छौं गर. मद्दत्का अर्थलाई हामी सिषलाई पनि दिन्याछौंन. तिमिहरूलाई पनि दिन्याछौंन भन्न्या कुरा गरचो. सबै कुरा एकै बषत् बोलिकन गर्न उस्सँग नहुन्या. तेतिसम्मको कुरा बोलिराषेछ.

अबप्रान्त बषत्माफिकको ज्याहा एससँग गर्न्या कुरा गरी ताहा लेषन्या कुरा लेषि पठाउला. डिल्लिवाल वैद्य गजपति राई पनि आईरह्याछन्.

अटक्मा[७६] मुर्चा लाग्याका बेलामा कास्मेरको बंडा गरी षान्या कुरा पनि गरचोथ्यो. पगरी-बदल्को कुरो पनि गरचोथ्यो. अटक्को लडाई जित्यापछि ई कुरा केहि रहेन. आफुले बोल्याको आफुले गर्न्या हो. हामिले गरी हुन्या होईन भन्न आया. बिदा देउ. दरबार जान्छु भनि वारं-वार भन्दछन्. तिन्लाई लाहोरै थाम्नु. झिकन्या काम गर्नु छैन भनि हामिलाई सर्कारबाट मर्जि आयाको हुनाले बिदा दिन सकीनुँन. ज्याहि बस्याका छन्. सर्कारमा बिन्ति गरी पठायाको छ- जो मर्जि आवला. सोहिबमोजिम गरौंला.

संवत् १८७० साल मार्गसीर शुदि १ रोज ३ * मुकाम बागल् शुभम्

नेपाल–अंग्रेजयुद्ध शुरू हुनुभन्दा ठीक ११ महिनाअगाडि यमुना र सतलजबीचको प्रदेशका शासक काजी अमरसिंह थापाले पालपाका शासक ज. अमरसिंह थापालाई लेखेको यो पत्र वीरपुस्तकालयमा छ ।

लुधियानामा बसेका अँग्रेज शासक कर्नेल डेभिड अक्टरलोनी र बागलमा बसेका नेपाली शासक काजी अमरसिंह थापाको भेटघाटको वर्णन तथा यी दुइका छोराको मितेरी लाएको वर्णन यस पत्रमा गरिएको छ ।

लुधियानाबाट नेपाली सरहदमा आई अक्टरलोनीले अमरसिंह थापासँग वि. सं. १८७० कार्तिक २७ गते भेट गरे ।

"गोर्षा अंगरेजको अघिदेषिको दोस्ति हो. अंगरेजसंगको दोस्ति राषनानिमित्य अघि पनि रामपुरको नबाप गुलां महमद षाँ र उजेरलीले तन्यानिमा बसि अंगरेजसँग हंगामा गर्छौं. ओतन् देउ भन्न आउदा अंगरेजसँगको दोस्ति जानि उन्लाई बस्न दियेनथिञ्ँ. फकिरबकस्लाई हानि धपादियाथिञ्ँ. आज मंडलाह भटौलिमा पनि सर्कारका मर्जिले तकार गरचौंन. छोडिदिञ्ँ. तिमिले पनि दोस्ति सम्झन्या हो" भनि अमरसिंह थापाले अक्टरलोनीसँग भने ।

अब गुलाम मुहम्मद खाँको विषयमा केही कुरा लेखिन्छ ।

कुमाउँको दक्षिणतिर रहेको रुहेलखण्डका शासक रुहेलजातका मुसलमान थिए । यी रुहेल

७१. पछाडि युद्ध नगरी = शत्रुद्वारा पछिल्तिरबाट गरिने हमला नरोकी । ७२. बल = फौज । ७३. षजाना = लडाइँका सरसामान । ७४. चढाइ = हमला । ७५. जोरगमले = बन्दोबस्तले । ७६. काठमाडौंबाट ३७० कोस पश्चिमउत्तरमा अटक छ ।

* मार्गसीर शुदि १ रोज ३ = मङ्सीर १० गते मङ्गलबार ।

अफगानिस्तानबाट आई यहाँ बसेका थिए । यिनै रुहेलका नाउँबाट यो ठाउँको नाउँ रुहेलखण्ड रहेको हो ।

वि. सं. १८२७ तिर मराठाहरू रुहेलखण्डको सीमानातिर आएका थिए । मराठाहरूको अगाडि रुहेलहरूको केही चल्दैनथ्यो । रुहेलखण्ड र अवधको सीमाना जोरिएकोले त्यतातिर मराठाहरू आउनाले अवधलाई पनि खतरा थियो । यस कारण अवधका नवाब शुजाउद्दौला र रुहेलखण्डका प्रधान शासक हाफिज रहमत खाँले मराठाहरूसँग लड्न संयुक्त दल बनाउने अठोट गरे । रुहेलखण्ड मराठाहरूको राज्यमा मिल्नु अंग्रेजलाई पनि डरको कुरा थियो । यसै कारणले अंग्रेजका प्रधान सेनापति रबर्ट बार्करको समक्ष वि. सं. १८२९ आषाढमा अवध र रुहेलखण्डले सन्धि गरे । "मराठाहरूले रुहेलखण्डमा आक्रमण गरेको बेलामा अवधले रुहेलखण्डको रक्षाको लागि मराठासँग लड्नुपर्छ; यस कामको बापतमा रुहेलखण्डले अवधलाई ४० लाख रुपैयाँ दिनुपर्छ" भन्ने यस सन्धिको सार थियो ।

वि. सं. १८३० को आरम्भतिर मराठाहरूले रुहेलखण्डमा हमला गर्न आउँदा अंग्रेजी सैन्यको सहायता लिई अवधका नवाब शुजाउद्दौला मराठासँग लड्न गए । तर आफ्नै मुलुकमा गडबडी भएको खबर आएकोले लडाइँ नै नगरी मराठाहरू फर्के । शुजाउद्दौलाले सन्धिबमोजिमको पैसा माग्दा रुहेलहरूले पैसा दिन गाह्रो माने । किनभने अवधले मराठासँग लड्नु नै नपरी मराठाहरू फर्केका थिए । पैसा नपाएकोले शुजाउद्दौला रुहेलसँग रिसाए ।

यसपछि इस्ट इन्डिया कम्पनीका गभर्नर जर्नेल वारेन हेस्टिङ्सका सँग रुहेलखण्डमा हमला गर्न शुजाउद्दौलाले फौज माग्दा ५० लाख रुपियाँ लिई उनले आफ्नो फौज दिए ।

अवध र अंग्रेजको संयुक्त सेनाले वि. सं. १८३१ वैशाखमा रुहेलखण्डमा हमला गर्दा रुहेलहरूको हार भयो । यही लडाइँमा रुहेलखण्डका प्रधान शासक हाफिज रहमत खाँ मारिए । यसपछि रामपुरलाई छोडी सम्पूर्ण रुहेलखण्ड अवधमा मिल्यो । रामपुरचाहिँ रुहेलराज्यका संस्थापक अली मुहम्मद रुहेलाका छोरा फैजुल्लाह खाँले पाए[१] ।

चीनसँग युद्ध हुँदा नेपालले रामपुरका नवाब फैजुल्लाह खाँसँग २००० सिपाहीको सहायता मागेको थियो । तर उनले इस्ट इन्डिया कम्पनीका गभर्नर जर्नेल र अवधका नवाबको अनुमति नपाई म नेपाललाई सहायता गर्न असमर्थ छु भनि जवाफ दिएका थिए[२] ।

वि. सं. १८५१ मा बाबु फैजुल्लाह खाँको मृत्यु भएपछि दाजु आली खाँलाई मारी गुलाम मुहम्मद खाँ रामपुरका नवाब बने । इस्ट इन्डिया कम्पनीका गभर्नर जर्नेल जन शोरले फैजुल्लाह खाँका सन्तानबाट रामपुरको राज्य खोस्ने विचार गरे । यसपछि अंग्रेज र अवधको

---

१. एस्.सी. सरकार र के. के. दत्तको "आधुनिक भारतवर्ष का इतिहास" २ भाग १२६–१२७ पृ.

पी. ई. राबर्ट्सको "ब्रिटिश कालीन भारत का इतिहास" १३८–१३९ पृ.

ईश्वरीप्रसाद र शरदकुमार सूबेदारको "अर्वाचीन भारत का इतिहास" को ९६पृ.

रमेशचन्द्र मजुमदार, हेमचन्द्र रायचौधुरी र कालिकिकर दत्तको "भारत का बृहत् इतिहास" तृतीय भागको ७०–७१ पृ.

२.के. सी. चौधुरीको "ऍाङ्लो–नेपलीज् रिलेशन्ज् (अंग्रेज–नेपाल सम्बन्ध)" ६८ पृ.

संयुक्त सेनाले रामपुरमा हमला गर्दा रामपुरका नवाब गुलाम मुहम्मद खाँको हार भयो । यसपछि जन शोरले रुहेलखण्डका कुनै समयका नवाब मुहम्मद अलीका छोरा अहमद अलीलाई रामपुरको नवाब बनाए[३] ।

गुलाम मुहम्मद खाँसँगको यस लडाईंमा नेपालले अवध र अंग्रेजको पक्ष लिएको थियो[४] ।

यसपछि रामपुरका पदच्युत नवाब गुलाम मुहम्मद खाँले आफ्नो राज्यको छिमेक अलमोडा-मा शरण मागे । तर नेपालले अंग्रेजसँग आफ्नो मित्रता भएको हुनाले उनलाई शरण दिएन[५] ।

अब वजीर अलीको विषयमा केही कुरा लेखिन्छ ।

वि. सं. १८५४ मा आसफुद्दौलाको मृत्यु भएपछि उनका छोरा वजीर अली अवधको गद्दीमा बसे । पहिले त गभर्नर जर्नेल जन शोरले वजीर अलीलाई नवाब स्वीकार गरे । तर वजीर अलीबाट भन्दा वजीर अलीका काका सआदत अलीबाट आफ्नो स्वार्थ पट्ने देखेकाले वजीर अलीलाई खोसी सआदत अलीलाई नवाब बनाउने विचार जन शोरले गरे । यसको लागि वजीर अली मठ्याहा हुन् भनी प्रख्यापन गरियो । वि. सं. १८५४को हिउँदमा वजीर अली खोसिए । यसपछि सआदत अली अवधका नवाब बने । वजीर अली अंग्रेजको निगरानीमा काशी आई बसे ।

पदच्युत नवाब वजीर अलीले उम्कने दाउ खोजेको चाल पाएर उनलाई काशीबाट कलकत्ता सार्ने विचार गरी कम्पनी सरकार प्रबन्ध गर्न लाग्यो । यसै समय वि. स. १८५५ को हिउँदमा[६] अंग्रेज दूत चेरीसमेत २।३ जना अंग्रेजलाई मारी अंग्रेजको बन्धनबाट फुत्की वजीर अली अवध पुगे । अवधनिवासीहरूको सहायताबाट अवधका केही इलाका पनि वजीर अलीले कब्जा गरे । पछि नवाब सआदत अलीको सैन्यसंग मुकाबिला गर्न नसक्दा ३०।३२ घोडचढीका साथ यी वजीर अली पालपा राज्यको सिमानामा बसी सिपाही भर्ती गर्न लागे । पाए त्यहीं बसी अवधमा विद्रोह मच्चाई आफ्नो अधिकार जमाउने उनको सुर थियो ।

यस ताक पालपाको राजगद्दीमा पृथ्वीपाल सेन थिए । उनका बाबु महादत्त सेनकै पाला-देखि पालपा नेपालको आश्रित भइसकेको थियो । पृथ्वीपालको हातबाट गीर्वाणयुद्धको राज्या-भिषेक गराउन रणबहादुरले उनलाई डाकेकाले उनी यस ताक काठमाडौंमै थिए ।

"हाम्रो षूनी तेस्तरफ आयो. मुख्य तेस्लाई पक्रि ञाहाँ पुऱ्याइदिनु. सो त भयेन भन्या तेस्को शिर काटी जुदा गरीदिनु" भनी अवधका नवाब सआदत अलीले लखनौबाट पालपामा चिठी पठाए ।

---

३.सुन्दरलालको "भारत में अङ्ग्रेजी राज" तृतीय संस्करण प्रथम खण्ड ३२० पृ.

४. (श्री ५ गीर्वाणको प्रशस्ति)

......श्री सुबा दीनानाथ उपाध्याके प्रणामपूर्वकपत्रमिदं......

रोहिलासितका लडाइमा उस्लाइ मद्दत रसद नदि इनसितको दोस्ती बढाउन (षर्च) लाई फौज पठायाको पनी केही निकुता मानेनन्...

इति संवत् १८५५ साल चैत्र सुदि ११ राज (मुकाम कान्ति) पुर शुभम्

"यॉङ्लो–नेप्लीज् रिलेशन्ज् (अंग्रेज–नेपाल सम्बन्ध)" ८५ पृ.

५.डिल्लीरमण रेग्मीको "मडर्न् नेपाल (आधुनिक नेपाल)"२५५ पृ.

६. "भारत का बृहत् इतिहास"३ भाग १०३ पृ.

"हाम्रा तिमि पनी उजीर अली पनि षामिद बराबरँ हो. तिमि दुबैको निमक् षायाको छ. शिर काट्न र सौंपन सक्नु छैंन "भनी पालपाली भारादारहरूले नवाब सआदत अलीलाई जवाफ दिए।

"उजिर अलिलाई मुष्य पक्रिदेउ. षक्रन दियन भन्या उजिर अलिसमेत् तिन् आदमीको सीर हाँमिछेउ दाषिल गरया ५० हजार रुपैया ईनाम् र कुमाउँको तराई जागीर गरि दिउँला" भनी नवाब सआदत अलीले कुमाउका शासक चौ. बम शाहलाई लेखे ।

पालपाको सिमानामा आई वजीर अली बसेको खबर पालपाली भारादारहरूबाट आएपछि "हाम्रो दोस्त अंगरेजसंग षुन तकरार गरी आउन्या मानीसलाइ आपना अंबल पहाड्मा चढ्न नदीनु" भनी नेपालसरकारले पालपामा लेखी पठायो ।

"कि मलाइ टिक्न र मद्दत देउ. कि पाहाडको बाटो गरी पश्चिम साहछेउ जान देउ. मेरो उद्धार गर" भनी वजीर अलीले नेपालसरकारलाई पत्र लेखे ।

"हाम्रा मुलकमा रहन र जान बाटो भन्या हुँदन. अंगरेज नबाबका अमलबाट भन्या जस तरहले हुन्छ. आपनु जिउ जोगाउन्या काम गर. दोस्तसित लड्नुचाँहि भिल्नु भलो" भनी नेपालसरकारले जवाफ दियो ।

"ताहा कोही मुषालीफ गोर्षालीका आडमा उजीर अली रह्याका छन् भन्न्या कुरो पार्नन्. तेस कुरामा सुरा भँ राम्रो गरी दोस्ती बढाउन्या गरी बोल" भनी नेपालसरकारले कलकत्तामा आपना दूत भई बसेका सुब्बा दीनानाथ उपाध्यायलाई लेखी पठायो :

"उजीर अली षुन गरी भागीकन पल्पाका सिवानामा आयेछ. दोस्तको षुनी हाम्रै षुनी हो. तेस्लाई जान्या बाटो रहन्या जग्गा लड्न्या मद्दत केही दिन्याछैनौं. गफमा आया छोडिन्याछैन" भनी कम्पनीसरकारबाट खबर नआउँदै अघिबाटै नेपालसरकारले कम्पनीसरकारलाई लेख्यो ।

यसपछि "हाम्रो षुनी तेस्तरफ आयो. तिमी हाम्रा दोस्त हौ. हाम्रो षुनी तम्रै षुनी हो. तेसलाइ मद्दत रसद नदेउ. छल्बल् जस्तरहले हुन्छ. हात लाउन्या अर्थात् गर. कदाचित् हात नलाग्या कतल् पनी गर. एस्को हाम्रो दुवैतरफबाट इनाम जागीर पनी होला" भनी कम्पनी—सरकारले र अवधका नवाबले नेपालसरकारलाई लेखे।

अनि आपनो राज्यमा बसी वजीर अलीले संघट्टन गर्न नपाऊन् भनी नेपालसरकारले कुमाउँ–सम्मको आपनो राज्यमा आदेश पठायो। काजी नरसिंह गुरुङको मातहतमा फौज पनि पाल्पातिर गयो । यसपछि वजीर अली अवधको सरहद गोरखपुरतिर लागे । पछि त्यहाँ पनि टिक्न नसकी उनी रामपुरतिर गए ।

यस वेला मैसूरका राजा टीपूसँग अंग्रजको लडाइँ चलिरहेको थियो। यता नेपालले वजीर अलीलाई मद्दत गरेको भए दुइतिर भियाउन अंग्रेजलाई गाह्रो पर्थ्यो । परन्तु नेपालले अंग्रेजको विरोधमा नलागी आपनो सरहदबाट बजीर अलीलाई धपाइदिएकोले अंग्रेजलाई सजिलो भएथ्यो[७] ।

६. "ऐतिहासिक पत्रसंग्रह पहिलो भाग ८६–९४ पृष्ठमा वजीर अली-सम्बन्धी ३पत्र छापिएका छन् । 'सावधान–पत्र' १३ संख्या १४–१५ पृष्ठमा एक पत्रको वजीर अली-सम्बन्धी भाग छापिएको छ । वजीर अली–सम्बन्धी अरू ३ वटा अप्रकाशित पत्रका आधारमा पनि माथिका कुरा लेखिएका हुनाले ती पत्रका वजीर अली–सम्बन्धी अंश यहाँ प्रकाश गरिन्छन्–

१ संख्या

( श्री ५ गीर्वाणको प्रशस्ति )

…श्रीसुब्बा दीनानाथ उपाध्याके प्रनामपूर्वकपत्रमिदं.

…पाल्पातिर मानिस पठायाको उजिर अली उठ्याको कुरा अस्तिका चिठिले बुझ्या हौ. उजिर अलि पनि गोरषपुरको लालीवनमा बसिरहेछ. ५।६ हजार फौज पनि जंम्मा गरि-राषेछ. पिछा लाग्याको अंगरेज नबाफको फौज पनि जोरिरहेछ. मुंसि रजाको मार्फत सलुकका कुरा पनी गर्दछन्. लडाञि गर्नाको डवल पनि छ. हांम्रा तरफबाट पनि पाल्पालिलाई अघि सारि मिठो मसिनु गरि दम्दिलासा दी हात लाउन्या काम गर्न लागिरह्याछौं. उजिर अल्लिको मनसुबा भंन्या डाँकु डवळ्का मानिस् बटुलियाछन् र जंगल् छोडन्या डवल् छैन भन्छन्.

सलुकसँग हात लागेन जंगल उसले छोडेन भन्या ताहाँछेउ कौन कुरो गरि सप्रला. आफुले बुझ्याको कुरो बिति गरि पठाव. सप्रन्या कुरो गरिएला. यो कुरो कतै नषुलोस्.

उप्रांत कुमाउंतिर पनि चौतरिया बम् साहलाई पनि उजिर अल्लिलाई मुष्य पक्रिदेउ. पक्रन दियन भन्या उजिर अल्लिसमेत (ति)न् आदमीको सीर हाँमिछेउ दाषिल गऱ्या ५० हजार रुपैयां ईनाम् र कुमाउँको तराई जागीर गरि दिउँला भनि नबाप् साहदत् अल्लिले बम्साहलाई रुक्का पठायाको रहेछ.

…ईति सम्वत् १८५५ साल मिति चैत्रवदि ८ रोज ६→ मुकाम कान्तिपुर शुभम्………

२ संख्या

(श्री ५ गीर्वाणको प्रशस्ति)

श्रीसुबा दीनानाथउपाध्याके प्रणामपूर्वकपत्रमिदं.

…उजीर अली पनी पाल्पाका सोसिवानामा आई मद्दत र निकल्नालाइ राह माङ्थ्या. दोस्तको षुनी हाम्रै षुनी हो भनी जानालाइ राह र बस्नालाई जग्गा मद्दत केहि दिञ्ञैन. अगरेज नबाबका बेगउँका जग्गामा रह्याका भया पैल्याउन सर्दार फौज लाया–छ. अघ्रि बस्न नदि पठायौं. तपनि अंगरेज नबाबबाट औसर पऱ्या पक्रनु भनी लेषि आउंदा दोस्ती जानी अझ ताकीती गर्न्यौं हो भनी बुझाइ हात लाउन्या काम पनी गर्न लायाको छ. मिल्छ मिल्दैन.

…उपरान्त यो चिठी लेष्तैंका बीचमा सर्दार जसिबन्त भडारीको चिठी आइपुग्यो. जाँहा उजीर अली थिया. उसै जगाका नजीकमा अंगरेज साहेबको फौज आयो. जोरिनाकन ३ कोसको तफावत् छ भन्न्या षबर लेष्यो र एस् वरीमा दोस्तसँग बोल्याको साँच बिहोर्न्या हो भन्नानिमित्त षजाना फौजसमेत काजी नरसिंलाई बिदा गरी पलपा पठाञ्.

उजीर अलीसँग घा कटक ज्या गर्नु छ . ताहाँबाट काजमा आउन्या साहेबहरूलाई हाम्रा काजीका सलाहले एक ढिल गरी काज गऱ्या सबै तरहबाट बलियो राम्रो पर्ला. उनले सलाह नराषी केही कुरो बिरिन जाला त……हरूले आपना अमलाको ताकीती गरु.–हाम्रा अमलामा फेरि आयो भन्या (हामीहरू छ)दैछौ. सोही तरहसित कुरो गर. इति संवत १८५५ साल चैत्रसुदि ११ रोज (मुकाम कान्ति)पुर शुभम——

→चैत्र १९ गते शुक्रवार ।

पू० फ, ८

यो कुरा गरेका हुन् ।

३ संख्या

(श्री ५ गीर्वाणको प्रशस्ति)

······श्रीसुबा दीनानाथ उपाध्याके प्रणामपूर्वकं पत्रं····

उप्रान्त उजीर अली सनकबन्धी चिठीपत्र आयागयाका र उ चिठी कसैका हात परयाका अर्थलाई उजीर अलीले षुन् गरी पळ्पाका सीवानामा आईपुग्यापछी कि मलाई टिकन र मद्दत देउ कि पाहाडको बाटो गरी पश्चिम साहछेउ जान देउ. मेरो उद्धार गर भन्न्या भावको चिठी पठाउँदा हाम्रा घरमा भन्न्या राज्याभिषेकको काज थियो. उसले भन्न्या साहछेउ जान्या कुरा गरयो. मुषालिफलाइ उम्कन ता दिन्या होइन भनि हाम्रा मुलकमा रहन र जान बाटो भ(न्या) हुँदैन. अंगरेज नबाबका अमलबाट भन्न्या जस तरहले हुन्छ. आपनु जिउ जोगाउन्या काम गर. दोस्तसित लड्नुचाँहिं मिल्नु भलो भ(नि)दिञा र वहाँ गयापछि उनूहरू नपक्रि छाडैनन्. उनले पक्रन षोज्दा भागी हाम्रा तरफ आवलात एक फेरा जनायापछि हामीले पक्रन पनी बढिया हुन्छ. धर्म पनी रहन्छ. एस्तो रिक्लाव हाम्रा मात्रै होइन. तिनिहरूको पनी छँदैछ. एसै पाला पनी टिपुलाई कैएकबेर पैल्हे हाम्रा मुषालिफसँग मिलाप गरी हाम्रिमित लड्न्या काम नगर. सलुक गर. तंम्रो बिग्रैन भनी चेताउँदा पनी उसले सळूक नराष्ता पो लडाइ गरया. सो तिमिले जान्यैको छ र सो भयापछि षुनी पनी हात लाग्छ भन्न्या पाठले पाळ्पालोलाई पनी तेस्लाइ ताहाँ रहन नदेउ भन्यूं. हाम्रा मुलुकबाट बाटो हुँदैन. आपनु जिउ जोगाउन्या काम गर भनी एक बेर जनाउ लेष्याको हो.

ताहाँबाट षबर नआई ताहाँलाइ पनी उजीर अली षुन गरी भागीकन पल्पाका सि(वाना)मा आयेछ. दोस्तको षुनी हाम्रै षुनी हो. तेस्लाई जान्या बाटो रहन्या जगा लड्न्या मद्दत केही दिन्याछैनौं. गफमा आया छोडि(न्याछैं)न भनी लेष्याकै हो.

वाँहाँपछी साहेबन अंगरेज नबाव उजीरले हाम्रो षुनी तेस्तरफ आयो. तिमी हाम्रा दोस्त हौ. हाम्रो षुनी तम्रै (षुनी हो.) तेस्लाइ मद्दत रसद नदेउ. छळबळ् जस् तरहले हुन्छ. हात लाउन्या अर्थात् गर. कदाचित् हात नलाग्या कतळ् पनी गर. एस्को हाम्रो दुवैतरफबाट इनाम जागीर पनी होला भनी लेषता अब ता नुनळोह्रो गरीकन केही रसिला कुरा नगन्या त हात लागैन. हात लाउन्या अर्थलाई रसीळै चिठी पठाउँ र हात लाग्या बढियै भयो. नलाग्या आफ्ना गौंडाका जगामा आया कतल पनी गरौंला. साहेबानले जस तरहले हुन्छ. हात लाउ भन्न्यापछि हात लाउनानिमित्त हामिले मिठास लेष्याको त तिन्का चित्तमा दोदिळ्गी परैन भन्न्या अर्थले (काजी) सर्दारलाई पक्रन्या कतळ् गर्न्या दुवै भावका कुरा अह्राई दोस्तका निमित्त कैएक हजार षर्च गरी फौजसमेत पठायाको हो. उ (नहरूसंग) पनी चिठीपत्र र कुरोकहानी मिठै पाठसँग गन्या भनी अह्रायाको हो. सो पनी पछिबाट ताहाँ दोदिळ्गी पर्ला भन्नानिमित्त तेस बातका २।४ बेजिनीस् चिठीका नकल पनी तिमिलाइ पठायैका हुन्. कौसलमा पनी कसै दुस्मनले उल्टो लाइकन बिगार्नामा पस्ला. तसर्थ आजकाल उजीर अलीसित एस्निमित्त एस्ता तरहले षत्षतूत हुन्छन् भनी अगावै कुरो गरी राष र दोदिळ्गी पर्न जावैन भनी पनी लेष्याकै हो.

तिनैले भनी तिन्का सब्य पाठलाइ गरयाका काममा तिनले दोदिळगी मान्न्या पनी जोग्य परैन. तिन्को बिगार चिताई केही गरौं भन्या त डवळ् परचैको थियो. दोस्तसित मुष-

सतलजवारका राज्यहरू नेपालको अधीनमा भइसकेपछि पनि मौका पाए त्यहाँका राजाहरू नेपालको विरोधमा उठ्न गाह्रो मान्दैनथे । आफ्नो राज्य छोडी भागी गएका सतलजवार हन्डुरका राजा रामशरण र नेपालले जित्न नसकेको सतलजपार काँगडाका राजा संसारचन्द त नेपालको खुलेआम विरोध गर्थे । नेपालको यस छिद्रलाई अंग्रेजहरूले राम्ररी बुझेकाले

---

पेट जुदा गर्न्या होइन भनी उस्सितको लल्लोपत्तो गरी पक्रन्या काम मात्रै गऱ्याको हो. दिल्को ...गऱ्याको छैन. तेस्ता बेइमान् फाकडा बेहोस् निमकहरामसित सामील भै वयाका आधारले बोल्याको थाम्न्या निसाफी इमान्दा(र)लाई चिह्लाउनामा पस्ता हुं.

एति याद नराषी तिनहरूले कदाचित् तिमिसित कुरा चलाया तिमिले जबाब गर्नुपर्ला भन्ना-निमि (त्त)...आयाका षलीताको र उजीर अलीसित भयाका सबै षतको नकल पठाइदियाको छ. हेर र तेतिले त तिन्को चित्त बुझ्या बीच केही नपर्न्या भया तसैमाफीक ढुंगाको बन्न्या सप्रन्या र तिन्को चित्त माकूल हुन्या गरी बलियो भै बोल.

कदाचित् तंम्रा चित्तले तेति कुरामा पनी बिच पर्न्या देष्या घटिबढी सच्याइ जस् तरहले माकूल हुन्छन्. सोइमाफीक ताहाँ पनी बोल. ञ्याहाँ पनि बिन्ती गरी पठाव र उसैमाफीक बन्या सप्रन्या काज् गरियला.

काजि सर्दार फौजलाइ कतिञ्ज्यालसम्म वाहाँ राष्न्या हो.झिकाउँदामा तनलाई जनाइ झिकाउन्या हो भन्या जनाइ बूझ लेष . जनाउ (ग)र्न्या होइन भन्या कस्ता तरहले झिकाउन्या हो. आफुले बुझ्याको लेषी पठाव.

...बांकी लष्नौमा बस्याका हाम्रा मानीस्ले लेषी पठायाको कुरो—उजीर अलीबापतमा हजुरदेषी भन्या बहुतै षुस छन्. पल्पालीदेषी भन्या बहुतै नाषुस्छन्. कति बातले भन्या षानु दाना सर्कारको जबाप लेष्नु साफ भनी लेष्याको रहेछ.

त्यो क्या हो तब भनी पळ्पाली राजालाई डाकि उजीर अली सनकबन्दीमा कतै षतषतुत भयो कि भयेन. भयाको भया कस्ता डवलसँग कहाँ भयोथ्यो भन्दा म भन्या ञ्याहीं छु. केही थाह छैन. अघि म आउँदा केहि जरुरी पर्दामा चाहियला भनी दुई चार लिफाफ छाडि आयाका हुन्. उजिर अलिका (बापतमा) लष्नौबाट नबाब उजीरको हाम्रो षूनी तेस्तरफ आयो. मुख्य तेस्लाई पक्री ञ्याहाँ पुऱ्याइदिनु. सो त भयेन भन्या तेस्को शिर काटी जुदा गरीदिनु भन्या षत आयेछ र भारादारहरूले हाम्रा तिमि पनी उजीर अली पनि षामीद बराबरै हो. तिमि दुवैको निमक् षायाको छ. शिर काट्न र सौं(पन) सक्नु छैन भन्न्या बूझको जबाब लेष्या. हाम्रा निमकको सच्चाइ प्रतीत पर्ला भनी बेहोसी गरी जबाब लेष्याछन् र एस्तो लेषी पठाञ्या भनी जुवानी कहि पठायाथ्या. मसौदा भन्या देष्याको छैन भन्या र मसौदा लिन पठायाको छ. पळ्पाबाट आयापछि तस्को नकल ताहाँ पनी पठाइदिउँला. एस्कुराको चर्चा तहाँ चलाइहाल्या सोइ-माफीक आफ्नु बन्न्या गरी कुरो गरौंला.

इति संवत् १८५६ साल श्रावणवदि ४ रोज १ मुकाम कान्तिपुर शुभम्——

( ऐ. शि. बाबुराम आचार्यको) संग्रहबाट यी तीनवटै पत्रको नकल हामीले लिएका हौं। रामपुरका नवाब गुलाम मुहम्मद खाँसँगको लडाईंमा नेपालले अवध र अंग्रेजको पक्ष लिएको थियो भन्ने कुराको प्रमाणमा उद्धृत वाक्य, २ संख्याको पत्रको अंश हो ।)

नेपाललाई सताउनाको लागि नेपालको विरोधमा तिनीहरूलाई उठाउन अंग्रेजहरू बेर मान्दैनथे ।

यस कारण अमरसिंह थापाले यस विषयमा कुरा उठाउलान् भनी "सतरुद्रा वारका पारका राजा रजौटा र भगौटाहरू छोटा बुद्धि भयाका. अंगरेज रणजितसिं २ मा एकाले गोर्षासँग हंगामा गर्न्या कुराको थोरो संथा चलायो भन्या उत्ति कुरामा अस्मान पुगि गढकुमाउसम्मको दाबा राषि हंगामा षडा गर्न तयार हुन्या" भनी ती ती राजाहरूलाई अक्टरलोनीले गाली गरेका हुन् ।

"अघी माटकलप् साहेब लाहोरमा पुगि रणजीतसिंसित भेट गरी आयाको. पछि लुनिअषत्तरले वाहा गै रणजितसिंसँग पनि संसारचन्दसँग पनि भेट गरी आयाको. रामसरणसँग भन्या बारंबार भेट भयाको. हामिले पनि भेट मुलाकात् मात्र गरि उपर्कुरा केहि नगरीकन फिर्दामा भन्या दुष्ट राजा र भगौडाहेरू अंगरेजको र गोर्षाको भेट् मुलाकात् भयो त कौन् बडो बात् भयो. हामीसंग पनि अंगरेजले भेट गर्दछ भनि हंगामाका कुराको जिगर् गर्न नछोड्न्या. अभीन्तरको कुरा आफुले उन्सँग षोलनु नहुन्या हुदा गोर्षा अंगरेजको एक् रहेछ. दोस्तिमा तफावत् पार्न सकिन्या रहेनछ भन्न्या बोध दुष्ट राजाहेरूलाई पार्न्या हो" भन्ने कुराको सल्लाह भई पगरी बदल गर्ने हो भन्ने ठहराई अक्टरलोनीका छोराको र अमरसिंह थापाका छोरा रामदास थापाको पगरी बदलाबदल गरेर मीत लाई परस्परमा कोसेलीको आदानप्रदान भयो ।

पञ्जाबको सानो प्रदेशका राजा रणजितसिंहले वरपरका सानातिना राज्य कब्जा गर्दै राज्य-विस्तार गर्न लागेकाले त्यतातिरका राजाहरू अंग्रेजकहाँ रणजित्सिंहको फिराद गर्न पुगे । यसपछि वि. सं. १८६५ को असोजमा अंग्रेजका दूत भई आएका चार्ल्स मेटकाफले नेपोलियनको भय देखाई रणजित्सिंहसँग सन्धि गर्ने कोशिश गरे । "कम्पनीसरकार सरहिन्द (सतलज र यमुनाको बीचको प्रदेश)मा मेरो अधिकार मान्छ कि मान्दैन" भनी रणजित्सिंहले सोद्धा मेटकाफले "यस विषयमा म केही भन्न सक्तिनँ" भनी जवाफ दिए । अनि लगत्तै त्यस इलाकाका अरू प्रदेश पनि रणजित्सिंहले कब्जा गरे ।

"सरहिन्द, कम्पनीसरकारको आश्रित प्रदेश हो । सतलजपारका जति प्रदेश पहिले-देखि तपाईंको अधीनमा छ, त्यति प्रदेशमा मात्र तपाईंको अधिकार हुन्छ । हाळै कब्जा गरिएका प्रदेश भने तपाईंले छोड्नुपर्छ" भनी वि. सं. १८६५को पूसमा मेटकाफले रणजित्सिंहलाई सूचना दिए । यसको लगत्तै दिल्लीबाट केही फौज लिई लुधियानामा आई अक्टरलोनी बसे । वि. सं. १८६६को वैशाखमा अंग्रेजको दबाबले रणजित्सिंहले सतलज तर्न नपाउने सन्धि गर्न विवश हुनुपर्‍यो । पछिल्लो पटक जितेको प्रदेश पनि उनले फर्काउनुपर्‍यो[८] ।

भारतमा धेरै जसा राजा रजौटाहरूलाई अँठ्याउँदै आएका हुनाले भारतीय अधिकारी-भन्दा हामी ठूला भन्ने गर्व अंग्रेज अधिकारीहरूमा आइसकेको थियो । उनीहरू आफूसरहका वा आफूभन्दा माथिल्ला दर्जाका यतातिरका अधिकारीलाई सलाम गर्न अनकनाउँथे । यो मीत लाउँदाखेरि पनि यो गर्वको झलक देखा पर्‍यो । अमरसिंह थापाका छोरा रामदास थापाले मीतबाबा अक्टरलोनीलाई असर्फी चढाई सलाम गरेपछि अक्टरलोनीका छोराले चाहि

८. "भारत में अङ्गरेजी राज्य" पहिलो संस्करण ८६७–८७५ पृ.
जयचन्द्र विद्यालंकारको "भारतीय इतिहास का उन्मीलन" ६७३–७४ पृ.

मीतबाबा अमरसिंह थापालाई त्यसरी सलाम गर्न अनकनाए। तर चतुर अक्टरलोनीले आफ्ना छोरालाई "काजीका बेटाले मेरो सलाम गऱ्यापछि हाम्रा बेटाले काजीको सलाम गर्न्या जोग्य हो. काजीको सलाम गर" भनी अमरसिंह थापालाई सलाम गर्न लाई उनलाई मख्ख पारे।×

---

×मीत लाएको केही महीनापछि मीतबाबा अक्टरलोनीकहाँ औषधि गराउन रामदास थापा गए। अक्टरळोनीले डाक्टर लगाई मीतछोरा रामदास थापाको औषधि गराइदिए। केही महीना औषधि गरेपछि रामदास थापालाई सञ्चो भयो। मीतबाबासँग बिदाबादी भई आफ्नो औषधि गर्ने डाक्टरका साथ वि. सं. १८७१ वैशाख १९ गते लुधियानाबाट हिंडी वैशाख २८ गते बागलमा आफ्ना बाबु अमरसिंह थापाकहाँ रामदास आइपुगे। रामदास थापाको औषधि गर्ने ती डाक्टरले एउटा दूरबीन, एउटा पिस्तौल र अरू चीजबीज बूढाकाजीलाई चढाए। १०।११ दिन अमरसिंह थापाका अतिथि भई ती डाक्टर बसे। उनी फर्कने वेलामा एउटा टाँगन घोडा र डेढ सय रुपियाँ उनलाई बूढाकाजीले दिंदा नलिई "म त अक्टरळोनीले खटाएकाले रामदास थापालाई पुऱ्याउन आएको हुँ, माग्न आएको होइन" भनी बूढाकाजीले दिएका कुरा तिनले लिएनन्। यसपछि डाक्टरले आफूलाई चढाएका सबै चीज-बीज बूढाकाजीले फर्काइदिए। अनिपछि घोडा मात्र लिई ती डाक्टर फर्के। आफ्नो सरहद पुगेपछि उनले घोडा पनि फर्काइदिए—

स्वस्ति श्रीसर्वोपमाजोग्येत्यादिसकलगुनगरिष्ट राजाभारासामर्थ श्रीजर्णेल भिमसेन थापा श्री काजी रणध्वज थापाके इतः श्री कप्तान भक्ति थापाको आशिष पञ्चिलागु···
बांकि नुनिअगतर दिलिदेखि बैशाखका १३ दिन जांदा लुध्यानामा आईपुग्यो. रामदास थापालाई पनि सञ्च भयेछ. नुनिअषतर आउनाबित्तिकै बढिये बंन्दबस्तसित डांकघर संग लगाई बिदा गरेछ. उहांदेखि बैशाष १९ दिन जांदांको साईत गरि हिड्याछन्. बाघलदेषि बाह्र कोशका हऱ्रा अमळ्का जग्गामा तुझारमां बैशाष २५ दिन जांदां आईपुग्या. बैशाष २८ गते ञ्याहाँ बागलमा आईपुगछन्··· ··· ··· ··· संवत् १८७१ वैशाष २८ गते मुकाम बाघल शुभम्

( यो पत्र वीरपुस्तकालयमा छ )

··· ··· ··· ··· ··· ···उसै ताक नुनीअषतरको र बुढाकाजीको भेट र छोराहरुको मित्यारि गर्ने बेला परयाको थियो ··· ··· ··· काजीसंग लागी बघाटमा गइयो. भेट मित्यारि भयो. काजी फिरया ······· ··· तिमीले नानी रामदास थापासंग लुध्याना पुगी आउनुपर्छ ··· ···भनि आज्ञा गर्दामा कम्पनीमा पसि नाही भन्न नसकि लुध्याना गऱ्याँ ··· ··· ··· ···

फेरि रामदास थापा नुनिअषतरसित बिदा भया. आफ्नु वोषत गर्न्या डाकदर साहेबले मलाई पनि ळैजाउ भन्यो र कसो गर्न्या हो भनि सल्हा भयो र नळैजान्या हो भनि सबै हामीहरुले भन्दा अब फिरंगीको र हाम्रो एक घर छ. ळैजाइ केहि बिग्रदैन भनि रामदास थापाले जहर अधिकारिलाई जाउ र डाकदर साहेबलाई जानाको तयारि गरियोस् भनि आउ भनि गया.

उसको पनि तयारि गरयो. मंगला कि अकितक आयो. सब भारदार बसि भारि ढपले मिल्या. १ दुर्बिन १ पेस्तवल एक थान छिट् वस्तं ५।७ चिज बुढाकाजिलाई चढायो. घरिभर कचहरि भयो र वहादेखी डेरालाई रोकसोद गराया र डाकदर गयो. अरु भारदार पनि आफ्ना डेरामा गया.

अक्टरलोनीले अमरसिंहलाई कोसेली। दिन आँट्दा "खिलत् हामि लिन्याछौन. हामिलाई दोस्ति रहन्या काम भया हुन्छ" भनी उनले कोसेली लिएनन् ।

कार्तिक २७ गते अक्टरलोनीसँग भेट नगरेका भक्ति थापा आदि भारादारहरू भोलिपल्ट २८ गते अक्टरलोनीकै डेरा पन्जोरमा गई भेट न गए । अमरसिंह थापाले कोसेली नलिएकाले अरू भारादारहरूलाई त अक्टरलोनीले कोसेली दिएनन्, तर भक्ति थापाले कोसेली लगेकाले उनलाई चाहिं कोसेली दिए ।

पञ्जाबका राजा रणजित्सिंहले मण्डलाहमा हमला गर्दा नेपालीहरूले रणजित्सिंहलाई धपाइदिएका थिए ÷ । पछि अंग्रेजले त्यही मण्डलाहमा आफ्नो हक देखाई नेपालसँग मण्डलाह लिए ।

काँगडाका छिमेकका राज्यसँग सन्धि गरा काँगडामा अमरसिंह थापाले वि. सं. १८६२ को हिउँदमा❀ हमला गरे । त्यहाँका राजा संसारचन्द खुला लडाइँमा नेपालीहरूसँग मुकाबिला गर्न नसकी किल्लाभित्र लुक्न गए ।

वि. सं. १८६३ मा❀ काँगडाको किल्ला दखल गर्न जाँदा भीमसेन थापाका भाइ नयनसिंह थापाको मृत्यु भयो × ।

यसपछि अमरसिंह थापाले काँगडाको किल्लामा घेरा हाले । यसरी घेरा हाल्दा बाहिरबाट किल्लाभित्र चीजबीज छिर्न मुश्किल भयो । तैपनि ३ वर्षसम्म संसारचन्द अडि नै रहे ।

"११ दिनको भाका दिएको खण्डमा म आफ्ना रानी रनिबासलाई किल्लाबाहिर निकाल्ने थिएँ" भनी संसारचन्दले पत्र लेख्दा अमरसिंहले उनलाई भाका दिए । यसपछि संसारचन्दले किल्लाबाट आफ्ना रानी रनिबास र मालताल निकाले । यसपछि एक दिन राति किल्लामा

---

१०।११ दिन बया रह्यौ र बिदा गर्न लाया र १ टांगन १५० रुपैया दिया र लियेन भयो. म मागन आयाको होइन. जनरल साहेबका मर्जिले पुचाउन भन्या र पो म आयाको हूं भन्दा बुढाकाजीले नलिये नलेवस्. तेसले नजर राष्याको त्यसैलाई फिराईदेउ भनि सबै फिराइदिया र एक टांगन मात्र आँहा लियो. आफ्नु मुलुकमा पुग्यापछि त उ टागन पनि फिराइदिएछ.

(इतिहास–प्रकाश १ अङ्क २ ६ पृ.)

÷ मण्डलाहको लडाइँको विषयमा छुट्टै निबन्ध लेखिनेछ ।

❀ विभिन्न वंशावलीका आधारमा ऐ. शि. बाबुराम आचार्यले संग्रह गर्नु भएको टिपोटबाट ।

× स्वाम्यर्थाय हि जीवनं भवति तद् भ्रातर्व्रज त्वं युधी–
त्याज्ञप्तो रणसंमुखे नयनसिंथापा यदीयोऽनुजः ।
स्वप्राणानजहाद्रिपून् भुजबलादाक्रम्य काङ्डाह्वये
कोटे क्लिष्टपथे प्रवेशसमये मन्त्री स यस्यास्त्यसौ ॥२०॥
जस्का भाइ नयनसिंह थापाले पनि काङ्डाकोटमा प्रभुका निमित्त लडाइमा प्राण दिया.

(भीमसेन थापाको वाग्वतीको वि. सं. १८६८ को स्तम्भलेखबाट)

[हामीले जिउनु मालिककै लागि हो, हे भाइ ! तिमी लडाइँमा जाऊ भनी अह्राइएका जसका भाइ नयनसिंह थापाले जान गाह्रो किल्ला काँगडामा शत्रुहरूलाई बलले मिच्दै पस्ताखेरि त्यही लडाइँमा प्राण दिए । त्यस्ता मन्त्री यहाँ राजाका छन ॥२०॥ ]

रक्षकहरू राखी ।कल्लाबाहिर निस्की संसारचन्दले रणजित्सिहलाई ल्याए । संसारचन्दलाई मदत गर्न रणजित्सिंह आएको देखेर अमरसिंह थापासँग पहिले सन्धि गरिसकेका राजाहरू पनि संसारचन्दसँग मिल्न जाँदा नेपालीहरूको हार भयो। वि. सं. १८६६ को भाद्रमा❀ काँगडाकिल्लामा रणजित्सिहको अधिकार भयो ।

काँगडाको लडाइँ बिग्रेको कुरा अमरसिंह थापाको मनमा खटकिरहेथ्यो । उनी के गरी काँगडा हात लाउने भन्ने चिन्तामा थिए। यस कारण यस विषयमा अक्टरलोनीसँग सल्लाह गर्दा "हिजो राजा र संसारचन्द मात्र हुदा तिम्रो कागडाको काज पुगेन. आज सिख संसारचन्द एक भै रह्याछन्. सिंहको बल धजाना ढेर छ. तिमिहरूले मात्र मारी तरी काज गर्दा भारी पर्न जाला. हामिले लाहोरमा चढाइ गर्दा काज गरचा सरल होला. आफ्नो जोरगमले काज गर्छौं भन्या पाहाडमा जाहासम्मको काज गर्छौं गर. मद्दत्का अर्थलाई हामि सिखलाई पनि दिन्याछौंन. तिमिहरूलाई पनि दिन्याछौंन" भनी अक्टरलोनीले भने ।

केही गरी नेपालीहरूले फेरि लडाइँ गरी कांगडा जिते भने उनीहरूको बल बढने हुनाले "रणजित्सिंह र संसारचन्द अहिले मिलिरहेछन् । यस कारण अहिले हमला गर्नु ठीक छैन"+ भनी नेपालीहरूको उत्साहभङ्ग गर्ने काम अक्टरलोनीले गरेको देखिन्छ ।

आफूलाई पदच्युत गरी आफ्ना भाइ महमूद काबुलको गद्दीमा बसेपछि वि. सं. १८७० मा रणजित्सिहकहाँ शुजा शरण पर्न आए। काबुलको अधीनमा भएको अटक पनि यही समय रणजित्सिंहको हातमा परचो। महमूदले अटक फर्काउन रणजित्सिहसँग लडाइँ गर्दा महमूदको हार भयो* ।

अटकमा लडाइँ हुँदाखेरि रणजित सिंहले नेपालसँग मैत्री गर्न खोजेको कुरा यस पत्रबाट बुझिन्छ । नेपाल र पञ्जाब मिली काश्मीर जिती बण्डा गर्ने र आफुसआफुसमा पगरी बदलाबदल गर्ने प्रस्ताव पनि यसै बेला रणजित्सिहले राखेका रहेछन् । तर अटकको लडाइँ जितेपछि भने रणजित्सिहले चाइँचुँइँ पनि नगरेका हुनाले नेपालबाट यस विषयमा कुरा गर्न लाहोरमा दूत पठाइएको रहेछ× । तर त्यहाँ काम नबन्दा ती दूतहरू फर्की अमरसिंह थापाकहाँ आएछन् । "अब हामी काठमाडौं फर्कन्छौं" भनी उनीहरू भन्दा रहेछन् ।

"तर तिनीहरू आइपुग्नुभन्दा अगाडि नै लाहोरमा तिनीहरूलाई राखिछोड्नुपर्छ भनी

---

+ भैरवदत्त सनवालको "नेपाल यॉन्ड् दि ईस्ट् इन्डिआ कम्पनि (नेपाल र इस्ट इन्डिया कम्पनी ) " को १२५–१२७ पृ. मा अमरसिंह थापा र अक्टरलोनीको यस भेटको वर्णन गरिएको छ।

"अमरसिंह थापाको कांगडाको किल्लामा फेरि हमला गर्ने विचार छ। तपाईं के सल्लाह दिनुहुन्छ" भनी भक्ति थापाले अक्टरलोनीको डेरा पञ्जोरमा गई उनसंग सोधे। "अहिले हमला गर्नु ठीक छैन" भनी अक्टरलोनीले जवाफ दिए । अक्टरलोनीकै वाक्यमा यी कुरा त्यस पुस्तकमा लेखिएका छन् ।

* "भारतीय इतिहास का उन्मीलन" ६७५–७६ पृ.

× वि. सं. १८७० भाद्रमा अमरसिंह थापाको दूत लाहोर गएको कुरा "अमरसिंह थापा" को १४८ पृ. मा लेखिएको छ ।

काठमाडौंबाट आज्ञा आएकोले मैले तिनीहरूलाई काठमाडौं जाने आज्ञा दिन सकिनँ र फेरि काठमाडौंमा सोधी पठाएको छु" भन्दी अमरसिंह थापाले यस पत्रमा लेखेका छन् ।

नेपालसँग लड्ने निश्चय अंग्रेजहरूले गरिसकेका हुनाले उनीहरू युद्धको लागि भित्रभित्र तयारी गर्दै थिए । नेपालीहरूको रहस्य बुझ्नाको लागि नै अहिले अक्टरलोनी अमरसिंह थापा-कहाँ आएका थिए । नेपालीहरूले भने अंग्रेजसग युद्ध हुन्छ भन्ने कुरा बुझ्न सकेका थिएनन् । अंग्रेजको लोलोपोतोमा उनीहरू फसेका थिए ।

नेपाल–अंग्रेजयुद्ध हुँदा नेपालतर्फबाट सुदूर पश्चिममा युद्ध सञ्चालन गर्ने मुख्य सेनापति अमर-सिंह थापाको युद्ध हुनुभन्दा १ वर्ष अगाडिको कार्यकलाप र मनको अवस्था कस्तो थियो भन्ने कुरा बुझ्न यो पत्र उपयोगी छ ।

—०—

(क्रमागत)

# पण्डित गोपाल पाँडे र उनको घनमूल ल्याउने रीति

—नयराज पन्त

## मुख्य विषय

## (त्रैराशिकबाट वर्गमूल ल्याउने रीति)

१ प्रक्रम

त्रैराशिकबाट घनमूल ल्याउन सकिंदैन भनी भास्कराचार्यले वि. सं. १२०७ मै ठोकेर लेखि-दिएका थिए । उनको कुरोलाई उपपत्तिपूर्वक हामीले माथि देखाइसकेका छौं । उनको कुरोलाई संसारभरका गणितज्ञले मानेका छन् ।

हाम्रा प्रसिद्ध गणितज्ञ गोपाल पाँडेले चाहिं त्रैराशिकबाट घनमूल ल्याउने रीति तथा उदा-हरण वि. सं. १९५२ देखि प्रौढतापूर्वक प्रकाश गर्दै आएका थिए । तर उनको कुरालाई उनकै घरमा पनि कसैले पत्याइदिएन । उनको कुरो हुँदै हुँदैन भनी प्रमाण दिएर कसैले टुङ्गो पनि लाइदिएन । त्यस कारण ७० वर्षदेखि त्यसै टाँगिएर रहेको यस कुरोलाई टुङ्गो लाइदिनु हाम्रो कर्तव्य हुन आएको छ भन्ने संझी अब हामी यस विषयमा विस्तारपूर्वक विचार गर्छौं ।

घनमूल ल्याउने रीति जटिल छ । घनमूल ल्याउने रीतिभन्दा वर्गमूल ल्याउने रीति सजिलो छ । यस कारण अब हामी त्रैराशिकबाट वर्गमूल ल्याउने रीतिको विषयमा पहिले विचार गर्छौं ।

१ उदाहरण

१४४को वर्गमूल ल्याउनुपरेको छ ।

| | |
|---|---|
| | १४४(१ |
| १ को वर्ग | १ |
| वर्ग घटाई दायाँतिरका विषमसम्मका दुइ अङ्क ओह्लाल्दा | ४४ |

यहाँ विषमस्थान दुइटा भएकाले अभीष्ट वर्गमूलमा दुइ अङ्क आउने स्पष्ट छ । अन्त्य विषम १ बाट १ को वर्ग १ घट्छ । यस कारण अभीष्ट वर्गमूल १० भन्दा धेरै, २० भन्दा थोरै हुने पनि स्पष्ट छ । १० को वर्ग १०० हुन्छ । २० को वर्ग ४०० हुन्छ । यस कारण १० को वर्ग र २० को वर्गको अन्तर ३०० हुन्छ । अर्थात् वर्गमा अन्तर ३०० भएमा वर्गमूलमा १० अन्तर पर्छ । अन्त्य विषममा १ को वर्ग घटाई उपान्त्य विषमसम्मका दुइ अङ्क ओह्लाल्दा ४४ हुन्छ । अर्थात् उद्दिष्ट वर्गराशि १४४ र १० को वर्ग (१००) को अन्तर ४४ हुन्छ ।

यस कारण वर्गमा ३०० को अन्तर परेमा वर्गमूलमा १० को अन्तर पर्छ भने वर्गमा ४४ को अन्तर परेमा वर्गमूलमा कतिको अन्तर पर्ला भनी त्रैराशिक गर्दा–

| प्रमाण | प्रमाणफल | इच्छा |
|---|---|---|
| ३०० | १० | ४४ |

$$\text{इच्छाफल} = \frac{१० \times ४४}{३००} = \frac{४४}{३०} = १\frac{१४}{३०}$$

यताबाट वर्गमूलमा अन्तर १ भन्दा धेरै, २ भन्दा थोरै पर्ने देखिन आयो । जसभन्दा थोरै देखिएको छ, त्यसैलाई वर्गमूलको उपान्त्य अङ्क ( बायाँतिरको दोस्रो अङ्क ) मान्दा वर्गमूलको उपान्त्य अङ्क २ हुन आउँछ । यस कारण अभीष्ट वर्गमूल १२ आउने देखिन्छ ।

यस कारण १४४ को वर्गमूल १२ हुन्छ ।

उत्तर मिल्यो कि मिलेन भनी जाँच्न १२ को वर्ग गर्दा

१२
―――
४४
१
―――
१४४

यस कारण उत्तर शुद्ध छ ।

२ उदाहरण

५७६ को वर्गमूल ल्याउनुपरेको छ ।

| | |
|---|---|
| | ५७६ (२ |
| २ को वर्ग | ४ |
| वर्ग घटाई दायाँतिरका विषमसम्मका दुइ अङ्क ओह्लाल्दा | १७६ |

यहाँ विषमस्थान दुइटा भएकाले अभीष्ट वर्गमूलमा दुइ अङ्क आउने स्पष्ट छ। अन्त्य विषम ५ बाठ २ को वर्ग ४ घटन सक्छ। यस कारण अभीष्ट वर्गमूल २० भन्दा धरै, ३० भन्दा थोरै हुने पनि स्पष्ट छ। २० को वर्ग ४०० हुन्छ। ३० को वर्ग ९०० हुन्छ। यस कारण २० को वर्ग र ३० को वर्गको अन्तर ५०० हुन्छ। अर्थात् वर्गमा अन्तर ५०० भएमा वर्गमूलमा १० अन्तर पर्छ। अन्त्य विषममा २ को वर्ग घटाई बाँकी रहेको शेष १ को दायाँतिर उपान्त्य विषमसम्मका दुइ अङ्क ओह्राल्दा १७६ हुन्छ। अर्थात् उद्दिष्ट वर्गराशि ५७६ र २० को वर्ग (४००) को अन्तर १७६ हुन्छ।

यस कारण

| प्रमाण | प्रमाणफल | इच्छा |
|---|---|---|
| ५०० | १० | १७६ |

$$\text{इच्छाफल} = \frac{१०\times१७६}{५००} = \frac{१७६}{५०} = ३\frac{२६}{५०}$$

यताबाट वर्गमूलमा अन्तर ३ भन्दा धेरै, ४ भन्दा थोरै देखिन आयो। जतभन्दा थोरै देखिएको छ, त्यसैलाई वर्गमूलको उपान्त्य अङ्क मान्दा❁ अभीष्ट वर्गमूल २४ हुन आउँछ।

यस कारण ५७६ को वर्गमूल २४ हुन्छ।

उत्तर जाँच्न २४ को वर्ग गर्दा

$$
\begin{array}{r}
२४ \\ \hline
१७६ \\
४\phantom{0} \\ \hline
५७६
\end{array}
$$

यस कारण उत्तर शुद्ध छ।

---

❁ $२४ = २० + ४ = १० \times २ + ४$ हुन्छ।

$अ = २,\ क = ४$ भएमा

$२४ = १०अ + क$ हुन्छ।

यस कारण

$$\text{उद्दिष्ट वर्गराशि} = (२४)^२ = (१०अ + क)^२ = (१०अ)^२ + २ \times १०अ \times क + क^२$$

$$= १००अ^२ + २\times१०अक + क^२ = १००अ^२ + २०अक + क^२$$

यस कारण

$$५७६ = १००अ^२ + २०अक + क^२$$

$$(३०)^२ - (२०)^२ = \left\{१०(अ+१)\right\}^२ - (१०अ)^२$$

$$= १००\ (अ^२ + २अ + १) - १००\,अ^२$$

$$= १००\,अ^२ + १०० \times २अ + १०० - १००अ^२$$

$$= १०० \times २अ + १००$$

$$= १००\ (२अ + १)$$

३ उदाहरण

यही रीतबाट १२२५को वर्गमूल ल्याउँदा

$$\begin{array}{r} १२२५ \;(३ \\ ९ \\ \hline ३२५ \end{array}$$

$(४०)^२-(३०)^२=१६००-९००=७००$

| प्रमाण | प्रमाणफल | इच्छा |
| --- | --- | --- |
| ७०० | १० | ३२५ |

$$इच्छाफल = \frac{१० \times ३२५}{७००} = \frac{३२५}{७०} = ४ \frac{४५}{७०}$$

यस कारण–

वर्गमूलको बायाँतिरको दोस्रो अङ्क ५ देखिन्छ ।

यस कारण–

अभीष्ट वर्गमूल ३५ .

उत्तर जाँच्न–

$$\begin{array}{r} ३५ \\ \hline ३२५ \\ ९ \\ \hline १२२५ \end{array}$$

यस कारण उत्तर शुद्ध छ ।

---

यस कारण

| प्रमाण | प्रमाणफल | इच्छा |
| --- | --- | --- |
| १०० (२ अ+१) | १० | २० अक+क$^२$ |

$$इच्छाफल = \frac{१० \times (२० अक+क^२)}{१०० (२ अ+१)}$$

$$= \frac{२० अक+क^२}{१० (२ अ+१)}$$

$$= \frac{२० अक+क^२}{२० अ+१०}$$

$$\begin{array}{l} २० अ+१०)\; २० अक+क^२ \quad (क \\ \quad\quad\quad\quad\; २० अक \quad\quad +१०क \\ \hline \quad\quad\quad\quad\quad\quad क^२ \quad -१०क \end{array}$$

शेष $=$ क$^२$–१० क $=$ क (क–१०)

यहाँ १० भन्दा क सानो छ भन्ने कुरो स्पष्ट छ । यस कारण ऋण शेष नपारी लब्धि क आउन सक्तैन । त्यस कारण क भन्दा अलिकता कम लब्धि (इच्छाफल) आउँछ । यस कारण आएको पूर्णाङ्क लब्धिमा १ बढाउनुपरेको हो ।

## १ प्रश्नमाला

माथि दिइएको रीतबाट ( त्रैराशिक गरी ) तलका संख्याका वर्गमूल ल्याऊ—

| | | | |
|---|---|---|---|
| (१) १९६ | (२) २२५ | (३) २८९ | (४) ३२४ |
| (५) ३६१ | (६) ४८४ | (७) ६२५ | (८) ७२९ |
| (९) ५२९ | (१०) ८४१ | (११) १०२४ | (१२) ११५६ |
| (१३) १६८१ | (१४) २०२५ | (१५) २८०९ | (१६) २४०१ |
| (१७) १५२१ | (१८) ३७२१ | (१९) ८८३६ | (२०) ६५६१ |
| (२१) ५७७६ | (२२) ४४८९ | (२३) ६८८९ | (२४) ९४०९ |
| (२५) ९८०१ | | | |

### उत्तर

| | | | |
|---|---|---|---|
| (१) १४ | (२) १५ | (३) १७ | (४) १८ |
| (५) १९ | (६) २२ | (७) २५ | (८) २७ |
| (९) २३ | (१०) २९ | (११) ३२ | (१२) ३४ |
| (१३) ४१ | (१४) ४५ | (१५) ५३ | (१६) ४९ |
| (१७) ३९ | (१८) ६१ | (१९) ९४ | (२०) ८१ |
| (२१) ७६ | (२२) ६७ | (२३) ८३ | (२४) ९७ |
| (२५) ९९ | | | |

२ प्रक्रम

१ प्रश्नमालाका जम्मै प्रश्नलाई अभ्यास गरेपछि माथि गरेको त्रैराशिकमा

$$\text{प्रमाण} = \left\{ १०(\text{मूलको अन्त्य अङ्क} + १) \right\}^{२} - (१०\cdot\text{मूलको अन्त्य अङ्क})^{२}$$

हुँदो रहेछ भन्ने कुरो विद्यार्थीको मनमा स्पष्टसँग चढ्न सक्छ ।

मूलको अन्त्य अङ्क = मू मान्दा

$$\text{प्रमाण} = \left\{ १० \ (\text{मू} + १) \right\}^{२} - (१० \ \text{मू})^{२}$$

$$= १०० \ (\text{मू}^{२} + २\,\text{मू} + १) - १००\text{मू}^{२}$$

$$= १०० \ \text{मू}^{२} + २००\,\text{मू} + १०० - १००\,\text{मू}$$

$$= २०० \ \text{मू} + १००$$

$$= १०० \ (२\text{मू} + १)$$

जस्तै—

१४४ को वर्गमूल ल्याउँदा (१ उदाहरणमा)

$$\text{प्रमाण} = १०० \ (२ \times १ + १) = १०० \times ३ = ३००$$

५७६ को वर्गमूल ल्याउँदा (२ उदाहरणमा)

$$\text{प्रमाण} = १०० \ (२ \times २ + १) = १०० \times ५ = ५००$$

१२२५ को वर्गमूल ल्याउँदा (३ उदाहरणमा)

प्रमाण = १०० (२×३+१) = १००×७ = ७००
प्रमाणफल = १० (सबै ठाउँमा)
इच्छा = ४४ (१ उदाहरणमा)
१७६ (२ उदाहरणमा)
३२५ (३ उदाहरणमा)

यताबाट

इच्छा = मूलको वर्ग घटेको अन्त्य विषमको दायाँतिर रहेको उपान्त्य विषमसम्मका दुइ अङ्क

$$\text{इच्छाफल} = \frac{१०\times \text{इच्छा}}{\text{प्रमाण}}$$

$$= \frac{१०\times \text{मूलको वर्ग घटेको अन्त्य विषमको दायाँतिर रहेको उपान्त्य विषमसम्मका दुइ अङ्क}}{१००\ (२\ \text{मू}+१)}$$

$$= \frac{\text{मूलको वर्ग घटेको अन्त्य विषमको दायाँतिर रहेको उपान्त्य विषमसम्मका दुइ अङ्क}}{१०\ (२\ \text{मू}+१)}$$

यति कुराबाट त्रैराशिकबाट वर्गमूल ल्याउन तलको छोटो रीति बस्न आउँछ ।

जुन संख्याको वर्गमूल ल्याउनुपरेको छ, त्यसको आदिको (एकस्थानी) अङ्कको शिरमा चिनो लाउनू । अनि एकएक अङ्क छोड्दै चिनो लाउँदै दायाँबाट बायाँतिर जानू ।

जुन जुन अङ्कमा चिनो लाग्छन्, ती ती अङ्क विषमस्थानका कहाउंछन् । जुन जुन अङ्कमा चिनो लाग्दैनन्, ती ती अङ्क समस्थानका कहाउँछन् ।

अन्त्य विषमसम्मको संख्याबाट घट्न सक्नेसम्मको वर्ग घटाई बाँकी रहेको शेषको दायाँतिर उपान्त्य विषमसम्मका दुइ अङ्क ओह्राल्नू । यसरी बनेको सङ्ख्या भाज्य कहाउँछ ।

आएको मूललाई २ ले गुनी गुणनफलमा १ जाड्नू । सो योगफललाई १० ले गुन्नू, भाजक आउँछ ।

भाजकले भाज्यलाई भाग लिनू । आएको पूर्णाङ्क लब्धिभन्दा १ बढी भएको अङ्क मूलको उपान्त्य अङ्क हुन्छ ।

उत्तरको वर्ग गरी उत्तर जाँच्नु, बढिया हुन्छ ।

१ उदाहरण

१४४४ को वर्गमूल ल्याऊ

```
          १४४४ ( ३
          ९
भाज्य  =  ५४४
     ७०) ५४४ ( ७
          ४९०
          ५४
```

```
          ३
        × २
          ६
        + १
          ७
भाजक =   ७०
```

∴ मूलको दोस्रो अङ्क = ८

∴ अभीष्ट वर्गमूल = ३८

उत्तर जाँच्न

३८
५४४
९
१४४४

यस कारण उत्तर शुद्ध छ ।

## २ प्रश्नमाला

२ प्रक्रमको रीतिबाट (त्रैराशिकको छोटो रीतिबाट) तलका संख्याका वर्गमूल ल्याऊ—

(१) १२१ (२) ६७६ (३) ७८४ (४) १०८९ (५) १९३६
(६) १३६९ (७) ५३२९ (८) ३३६४ (९) ४३५६ (१०) ५४७६
(११) ९०२५ (१२) ७२२५ (१३) ४०९६ (१४) ९६०४ (१५) ७७४४

## उत्तर

(१) ११ (२) २६ (३) २८ (४) ३३ (५) ४४
(६) ३७ (७) ७३ (८) ५८ (९) ६६ (१०) ७४
(११) ९५ (१२) ८५ (१३) ६४ (१४) ९८ (१५) ८८

३ प्रक्रम

१ उदाहरण

१५६२५ को वर्गमूल ल्याउँदा

१५६२५ (१२५

१ को वर्ग १

पहिलो भाज्य ५६

३०)५६(१
३०

१ × २ = २, + १ = ३; पहिलो भाजक ३०

लब्धिभन्दा १ बढी लिंदा मूलको उपान्त्य (दोस्रो) अङ्क २

| | | |
|---|---|---|
| उपान्त्य विषमसम्मका अङ्क | १५६ | |
| १२ को वर्ग | १४४ | |
| दोस्रो भाज्य | १२२५ | दोस्रो भाजक २५० |

१२ × २ = २४, + १ = २५

२५०)१२२५(४
    १०००
    ———
    २२५    लब्धिभन्दा १ बढी लिंदा मूलको उपान्त्य अङ्कको दायाँतिरको अङ्क (तेस्रो अङ्क) ५

यस कारण अभीष्ट वर्गमूल    १२५

उत्तर जाँच्न

१२५
———
१२२५
१४४
———
१५६२५

यस कारण उत्तर शुद्ध छ ।

२ उदाहरण

११८८१ को वर्गमूल ल्याउँदा

१
×२
——
२
+१
——
३

११८८१ ( १०९
१ को वर्ग    १
———
पहिलो भाज्य    १८    पहिलो भाजक    ३०

३०)१८(०
    ०
———
    १८

लब्धिभन्दा १ बढी लिंदा मूलको उपान्त्य अङ्क १ आउने देखिन्छ । तर उपान्त्य विषम-सम्मका अङ्क ११८ बाट ११ को वर्ग १२१ घट्न सक्तैन । यस कारण लब्धि शून्यलाई नै मूलको उपान्त्य अङ्क मान्नुपर्छ ।

१०
×२
——
२०
+१
——
२१

उपान्त्य विषमसम्मका अङ्क    ११८
१० को वर्ग    १००
———
दोस्रो भाज्य    १८८१    दोस्रो भाजक २१०

२१०)१८८१(८
१६८०

२०१ लब्धिभन्दा १ बढी लिदा मूलको उपान्त्य अङ्कको दायाँतिरको अङ्क ९

यस कारण अभीष्ट वर्गमूल १०९

उत्तर जाँच्न

१०९

१८८१

१

११८८१

यस कारण उत्तर शुद्ध छ।

यी उदाहरणबाट वर्गमूलमा दुइ अङ्क मात्र आउँदाखेरि जसरी निर्धवकसँग लब्धिभन्दा १ बढी अङ्क वर्गमूलमा लिइन्थ्यो, वर्गमूलमा दु भन्दा बढी अङ्क आउने भ मा त्यसरी नै सबै ठाउँमा लब्धिभन्दा १ बढी अङ्क लिन हुँदो रहेनछ, कहीं कहीं त लब्धि नै वर्गमूलको अङ्क हुँदो रहेछ भन्ने देखिन आउँछ।

यति कुरा विचार गरेपछि त्रैराशिकबाट वर्गमूल ल्याउन तलको साधारण सूत्र बन्न सक्छ।

जुन संख्याको वर्गमूल ल्याउनुपरेको छ, त्यस संख्याको आदिको (एकस्थानी) अङ्कको शिरमा चिनो लाउनू। अनि त्यसको बायाँतिरको एउटा स्थान छोडी दोस्रो स्थानमा चिनो लाउनू। यसरी एकएक अङ्क छोड्दै चिनो लाउँदै अन्त्य (बायाँतिरको पुछारको) अङ्कसम्म पुग्नू।

जुन जुन अङ्कमा चिनो लाग्छन्, ती ती अङ्क विषमस्थानका कहाउँछन्। उद्दिष्ट वर्ग-राशिमा जतिवटा विषमस्थान हुन्छन्, अभीष्ट वर्गमूलमा त्यतिवटा अङ्क आउँछन्।

अन्त्य विषमसम्मको संख्याबाट घट्न सक्नेसम्मको वर्ग घटाई बाँकी रहेको शेषको दायाँ-तिर उपान्त्य विषमसम्मका दुइ अङ्क ओह्राल्नू। यसरी बनेको संख्या पहिलो भाज्य कहाउँछ।

जसको वर्ग घटेको हुन्छ, त्यो अङ्क अभीष्ट वर्गमूलको अन्त्य अङ्क हुन्छ। त्यसलाई एक ठाउँमा थपक्क लेख्नू।

आएको वर्गमूलको त्यस अन्त्य अङ्कलाई २ ले गुनी गुणनफलमा १ जोडी योगफलको दायाँतिर एउटा शून्य लेख्नू। पहिलो भाजक आउँछ।

पहिलो भाजकले पहिलो भाज्यलाई भाग लिनू। आएको पूर्णाङ्क लब्धि वा सो लब्धिभन्दा १ बढी भएको अङ्क अभीष्ट वर्गमूलको उपान्त्य अङ्क हुन्छ।

अघि आएको वर्गमूलको अन्त्य अङ्कको दायाँतिर अहिले आएको वर्गमूलको उपान्त्य अङ्क लेख्नू।

उपान्त्य विषमसम्मको संख्याबाट वर्गमूलमा आएका दुइ अङ्कबाट बनेको संख्याको वर्ग

घटाउनू । (सो संख्याबाट घट्न सक्ने सबभन्दा ठूलो वर्गराशि यही हुन्छ । मुख्य ख्याल राख्नुपर्ने कुरो यही हो ।)

शेषको दायाँतिर तेस्रो (बायाँबाट गन्दा तेस्रो) विषमस्थानसम्मका दुइ अङ्क ओह्राल्नू । यसरी बनेको संख्या दोस्रो भाज्य हुन्छ ।

वर्गमूलमा आएका दुइ अङ्कले बनेको संख्यालाई २ ले गुनी गुणनफलमा १ जोड्नू । योगफलको दायाँतिर एउटा शून्य लेख्नू । दोस्रो भाजक आउँछ ।

दोस्रो भाजकले दोस्रो भाज्यलाई भाग लिनू । आएको पूर्णाङ्क लब्धि वा सो लब्धिभन्दा १ बढी भएको अङ्क, अभीष्ट वर्गमूलको तेस्रो अंक (बायाँबाट गन्दा) हुन्छ ।

अघि लेखिएको वर्गमूलको उपान्त्य अङ्कको दायाँतिर वर्गमूलको यो तेस्रो अङ्क लेख्नू ।

तेस्रो विषमस्थानसम्मका संख्याबाट वर्गमूलमा आएका तीन अङ्कले बनेको संख्याको वर्ग घटाउनू । (सो संख्याबाट घट्न सक्ने सबभन्दा ठूलो वर्गराशि यही हुन्छ ।)

सबै अङ्क नसिद्धिएसम्म यही क्रिया गर्दै जानू । अभीष्ट वर्गमूल आउँछ ।

आएको उत्तरको वर्ग गर्नू । यो वर्ग उद्दिष्ट राशिले (जसको मूल ल्याएको छ, त्यसैले) बराबर भएमा उत्तर शुद्ध हुन्छ ।

उदाहरण

२८१३२४१६को वर्गमूल ल्याउँदा

५
×२
१०
+१
११

२८१३२४१६(५३०४
२५
पहिलो भाज्य ३१३ — पहिलो भाजक ११०

११०)३१३(२ — मूलको उपान्त्य अङ्क ३ लिंदा
५३
३०९
२५
२८०९

५३
×२
१०६
+१
१०७

२८१३
२८०९
दोस्रो भाज्य ४२४ — दोस्रो भाजक १०७०

१०७० ) ४२४ ( ०  मूलको तेस्रो अङ्क ० लिंदा

५३०
×२
१०६०
+१
१०६१

२८१३२४
२८०९००

तेस्रो भाज्य ४२४१६  तेस्रो भाजक १०६१०

१०६१०) ४२४१६ ( ३

मूलको चारौं अङ्क ४

यस कारण अभीष्ट वर्गमूल ५३०४

उत्तर जाँच्न

५३०४
४२४१६
२८०९
२८१३२४१६

यस कारण उत्तर शुद्ध छ।

## ३ प्रश्नमाला

### ३ प्रक्रमको रीतबाट तलका संख्याका वर्गमूल ल्याऊ–

(१) १५१२९ (२) ६३००१ (३) १७१६१ (४) ३६४८१
(५) १२३९०४ (६) ११७६४९ (७) १८७४८९ (८) २८३०२४
(९) ५५२०४९ (१०) ९८७२१६४ (११) ५९०९७६१ (१२) ५४८०२८१
(१३) २०८११८४४ (१४) २९४८४९०० (१५) ३९७१५२०४ (१६) ३८४७७२०९
(१७) ८१३६२२०४०१ (१८) ८४८२४१०००० (१९) २८९६८०४००
(२०) ४३२६८१६०१ (२१) ४०३२४६५६१ (२२) ३६१२६६०४९
(२३) २९२०६८१०० (२४) २९२४१०००० (२५) ४२२९०३०९६१
(२६) ३९७५४२८६०१ (२७) २८७३०६७२०१ (२८) २५६०७६४८१६
(२९) ३१३६४४८०१६ (३०) १६४८७६६०२५ (३१) ७०२४६२०१६००
(३२) ८४२७५२५१२०४ (३३) ३७२५६७२०४०० (३४) ९५४९३९७८४४१
(३५) ३६२२१७०२४०० (३६) ३६८६४७६८.०४ (३७) ८४११८५६१०२४
(३८) ८४२७५२५१२०४ (३९) १२५८७३१०५७९६ (४०) ९५०३६१७६८२२५

## उत्तर

| | | | | |
|---|---|---|---|---|
| (१) १२३ | (२) २५१ | (३) १३१ | (४) १९१ | (५) ३५२ |
| (६) ३४३ | (७) ४३३ | (८) ५३२ | (९) ७४३ | (१०) ३१४२ |
| (११) २४३१ | (१२) २३४१ | (१३) ४५६२ | (१४) ५४३० | (१५) ६३०२ |
| (१६) ६२०३ | (१७) ९०२०१ | (१८) ९२१०० | (१९) १७०२० | (२०) २०८०१ |
| (२१) २००८१ | (२२) १९००७ | (२३) १७०९० | (२४) १७१०० | (२५) ६५०३१ |
| (२६) ६३०५१ | (२७) ५३६०१ | (२८) ५०६०४ | (२९) ५६००४ | (३०) ४०६०५ |
| (३१) २६५०४० | (३२) २९०३०२ | (३३) १९३०२० | (३४) ३०९०२१ | (३५) १९०३२० |
| (३६) १९२००२ | (३७) २९००१२ | (३८) २९०३०२ | (३९) ३५४७८६ | (४०) ९७४८६५ |

४ प्रक्रम

यहाँसम्मका कुराबाट त्रैराशिकबाट वर्गमूल ल्याउन सकिंदो रहेछ भन्ने कुरा स्पष्ट हुन आयो । अब हामी त्रैराशिकबाट घनमूल ल्याउँदा गोपाल पांडेले बोलेका कुराको उद्धरण गर्दछौं—

## घनमूल

भास्कराचार्य्यजीको र हाम्रा गुरु बापूदेवशास्त्रीजीको घनमूल ल्याउन्या रीति वेगळै २ छन् । तिनमा लब्धि अटकल गर्न कठिन अरु रीति पनि पछि सम्म समझन नसकिने हुनाले त्रैराशिक बाट घनमूल ल्याउन्या रीति यसमा लेखियाकोछ । वर्ग र घनमा त्रैराशिक लाग्दैन भनी कोइ भन्लान् यसै कारणले स्थूल लब्धि आउदछ । भाजकले भाग लिदा पांच भन्दा थोरै लब्धि आउन्या भया एक अधिक र धेरै आउन्या भया एक कम लिनु पर्छ । एक देखि नौसम्मका अंकको घन उसमा र उन्नइस सम्म यसमा कण्ठस्थ गर्नु पर्छ.

## उन्नइस सम्मका संख्याको घन

(१)$^{३}$ = १ (२)$^{३}$ = ८ (३)$^{३}$ = २७ (४)$^{३}$ = ६४ (५)$^{३}$ = १२५
(६)$^{३}$ = २१६ (७)$^{३}$ = ३४३ (८)$^{३}$ = ५१२ (९)$^{३}$ = ७२९ (१०)$^{३}$ = १०००
(११)$^{३}$ = १३३१ (१२)$^{३}$ = १७२८ (१३)$^{३}$ = २१९७ (१४)$^{३}$ = २७४४ (१५)$^{३}$ = ३३७५
(१६)$^{३}$ = ४०९६ (१७)$^{३}$ = ४९१३ (१८)$^{३}$ = ५८३२ (१९)$^{३}$ = ६८६९

रीति । जुन संख्याको घनमूल लिनु छ तेसका आदिको अंक माथि बिन्दु दिनु । फेरि दुइ २ अंक छाडदै बिन्दु दिदै जानु । तेसमा जति बिन्दु हुन्छन् तेती अंक मूलमा आउदछन्.

फेरि अन्त्यका बिन्दुदेखि जति अंक हुन्छन् तेतिको एक संख्या मानि तेसमा जतिको घन घटन सकतछ, घटायेर शेषमा आर्को बिन्दुसम्मका अंक उतारि दसले गुणनु । तेसलाइ मूलको र एक जोडियाको मूलको घनको अन्तर, हजारले गुणेकाले भाग लिनु । जो लब्धि आउदछ त्यो मूलको आर्को अंक हुन्छ । फेरि ति दुइ अंक भयाका संख्याको घन गरि आर्को बिन्दु देखि घटाउनु.

यस्ता रीतले जति अंक मूलमा आउनु पर्छ तेति सम्म गर्दै जानु । यदि शेष रह्यो भने तीन ३ शून्य थपदै मूल लिदै जानु । यदि भिन्नसंख्या छ भने तेसका हरलाइ जुनसंख्याले गुणदा घन हुन्छ तेसले अंश र हरलाइ गुणनु फेरि अंशको आसन्नघनमूललाइ हरका घनमूलले भाग लिनु.

जस्तै १२३४५६७८९
६४
६१०००)५९४५६० (९

$(५)^३ = १२५$
$(४)^३ = ६४$
अन्तर ६१

तब ४९ को घन गर्दा
४९
८०१
१६
२४०१
४९
२१६०९
९६०४
११७६४९

$(५०)^३ = १२५०००$
$(४९)^३ = ११७६४९$
अन्तर ७३५१

फेरि १२३४५६७८९
११७६४९
७३५१००० ) ५८०७७८९० ( ७

फेरि ४९७ को घन गर्दा
४९७
६९०९
८०१
१६
२४७००९
४९७
१७२९०६३
२२२३०८१
९८८०३६
१२२७६३४७३

फेरि १२३४५६७८९
१२२७६३४७३
शेष ६९३३१६

दशमलवमा ल्याउनाका निमित्त तीन शून्य थपदा फेरि दसले गुणदा.

६९३३१६००००

$$(४९८)^३ - (४९७)^३ = ३ \left\{ (४९७)^२ + ४९७ \right\} + १$$

तब $(४९७)^२ = २४७००९$

मूल जोडदा ४९७

२४७५०६

३ ले गुणदा ७४२५१८ यसमा १ जोडदा ७४२५१९ यो घनान्तर भयो.

फेरि ७४२५१९००० ) ६९३३१६०००० ( ९

∴ घनमूल ४९७·९.

( व्यक्तचन्द्रिका चारौं संस्करण ८१–८४ पृष्ठ )

५ प्रक्रम

गोपाल पाँडेले घनमूलको विषयमा बोलेका बिषयको व्याख्या अब हामी गर्दछौं। सब - भन्दा पहिले त्रैराशिकबाट घनमूल ल्याउने उदाहरण दिन्छौं ।

१ उदाहरण

१७२८ को घनमूल ल्याउनुपरेको छ ।

१७२८(१

१ को घन १

घन घटाई दायाँतिरका घनसम्मका तीन अङ्क ओह्लाल्दा ७२८

यहाँ घनस्थान दुइटा भएकाले अभीष्ट घनमूलमा दुइ अङ्क आउने स्पष्ट छ। अन्त्य घन १ बाट १ को घन १ घट्न सक्छ । यस कारण अभीष्ट घनमूल १० भन्दा धेरै, २० भन्दा थोरै हुने पनि स्पष्ट छ । १० को घन १००० हुन्छ । २० को घन ८००० हुन्छ। यस कारण १० को घन र २० को घनको अन्तर ७००० हुन्छ । अर्थात् घनमा अन्तर ७००० भएमा घनमूलमा अन्तर १० पर्छ । अन्त्य घनमा १ को घन घटाई उपान्त्य घनसम्मका तीन अङ्क ओह्लाल्दा ७२८ हुन्छ। अर्थात् उद्दिष्ट घनराशि १७२८ र १० को घन ( १००० ) को अन्तर ७२८ हुन्छ ।

यस कारण घनमा ७००० को अन्तर परेमा घनमूलमा १० को अन्तर पर्छ भने घनमा ७२८ को अन्तर परेमा घनमूलमा कतिको अन्तर पर्ला भनी त्रैराशिक गर्दा—

| प्रमाण | प्रमाणफल | इच्छा |
| --- | --- | --- |
| ७००० | १० | ७२८ |

$$\text{इच्छाफल} = \frac{१० \times ७२८}{७०००} = \frac{७२८}{७००} = १\frac{२८}{७००}$$

यताबाट घनमूलमा अन्तर १ भन्दा धेरै, २ भन्दा थोरै देखिन आयो। जसभन्दा थोरै देखिन आएको छ, त्यसैलाई घनमूलको उपान्त्य अङ्क मान्दा घनमूलको उपान्त्य अङ्क २ हुन आउँछ। यस कारण अभीष्ट घनमूल १२ आउने देखिन्छ।

यस कारण १७२८ को घनमूल १२ हुन्छ।

उत्तर जाँच्न--

```
                  १२
                  ४४
                   १
१२ को वर्ग        १४४
                   १२
                  २८८
                  १४४
        १२ को घन १७२८
```

यस कारण उत्तर शुद्ध छ।

२ उदाहरण

१९६८३ को घनमूल ल्याउनुपरेको छ।

```
                                          १९६८३(२
                       २ को घन             ८
घन घटाई दायाँतिरका घनसम्मका तीन अङ्क ओह्राल्दा   ११६८३
```

यहाँ घनस्थान दुइटा भएकाले अभीष्ट घनमूलमा दुइ अङ्क आउँछन्। अन्त्य घन (अन्त्य घनसम्मको) १९ बाट २ को घन ८ घट्न सक्छ। यस कारण अभीष्ट घनमूल २० भन्दा धेरै, ३० भन्दा थोरै आउने पनि स्पष्ट छ। २० को घन ८००० हुन्छ। ३० को घन २७००० हुन्छ। यस कारण २० को घन र ३० को घनका अन्तर १९००० हुन्छ। अर्थात् घनमा अन्तर १९००० भएमा घनमूलमा अन्तर १० पर्छ। अन्त्य घन १९ मा २ को घन घटाई बाँकी रहेको शेष ११ को दायाँतिर उपान्त्य घनसम्मका तीन अङ्क ओह्राल्दा ११६८३ हुन्छ। अर्थात् उद्दिष्ट घनराशि १९६८३ र २० को घन (८०००) को अन्तर ११६८३ हुन्छ।

यस कारण--

| प्रमाण | प्रमाणफल | इच्छा |
|---|---|---|
| १९००० | १० | ११६८३ |

$$\text{इच्छाफल} = \frac{१०\times ११६८३}{१९०००} = \frac{११६८३}{१९००} = ६\,\frac{२८३}{१९००}$$

यताबाट घनमूलमा अन्तर ६ भन्दा धेरै, ७ भन्दा थोरै पर्ने देखिन आयो। जसभन्दा थोरै देखिएको छ, उसैलाई घनमूलको उपान्त्य अङ्क मान्दा अभीष्ट घनमूल २७ हुन आउँछ।

यस कारण १९६८३ को घनमूल २७ हुन्छ।

उत्तर जाँच्न २७

| | |
|---|---|
| उत्तर जाँच्न | २७ |
| | ३२९ |
| | ४ |
| २७ को वर्ग | ७२९ |
| | २७ |
| | ५१०३ |
| | १४५८ |
| २७ को घन | १९६८३ |

यस कारण उत्तर शुद्ध छ।

## ४ प्रश्नमाला

५ प्रक्रमको रीतबाट ( त्रैराशिक गरी ) तलका संख्याका घनमूल ल्याऊ-

| | |
|---|---|
| (१) ९२६१ | (२) १२१६७ |
| (३) १५६२५ | (४) १७५७६ |
| (५) २९७९१ | (६) ३९३०४ |
| (७) ७९५०७ | (८) १४८८७७ |
| (९) २३८३२८ | (१०) १०३८२३ |
| (११) ३५७९११ | (१२) ५३१४४१ |
| (१३) ७५३५७१ | (१४) २५००४७ |
| (१५) ३८९०१७ | (१६) १४०६०८ |
| (१७) ३७३२४८ | (१८) ५५१३६८ |
| (१९) ७७८६८८ | (२०) ५७१७८७ |
| (२१) ८०४३५७ | (२२) ८५७३७५ |
| (२३) ४०५२२४ | (२४) ७०४९६९ |
| (२५) ९७०२९९ | |

### उत्तर

| | | | |
|---|---|---|---|
| (१) २१ | (२) २३ | (३) २५ | (४) २६ |
| (५) ३१ | (६) ३४ | (७) ४३ | (८) ५३ |
| (९) ६२ | (१०) ४७ | (११) ७१ | (१२) ८१ |
| (१३) ६१ | (१४) ६३ | (१५) ७३ | (१६) ५२ |
| (१७) ७२ | (१८) ८२ | (१९) ९२ | (२०) ८३ |
| (२१) ९३ | (२२) ९५ | (२३) ७४ | (२४) ८९ |
| (२५) ९९ | | | |

(क्रमशः)

यो निबन्ध तयार गर्ने काममा मेरो इच्छा र विचारअनुसार नानी शङ्करमान, गौतम-वज्र, महेशराज, दिनेशराजले काम गरेका छन्। सबैलाई यथोचित धन्यवाद छ।

# ऐतिहासिकशिरोमणि श्रीबाबुराम आचार्यज्यूसँग प्रार्थना

## आदरणीय ऐतिहासिकशिरोमणिज्यू !

नेपालको इतिहासमा काम गर्ने हामी सबै मनुष्यहरूमध्ये तपाईं श्रेष्ठतम हुनुहुन्छ । तीक्ष्ण प्रतिभा, अटूट जाँगर, विभिन्न ग्रन्थको अध्ययन, ऐतिहासिक सामानको अन्वेषण तथा संग्रह, प्रबल स्मरणशक्ति, विभिन्न प्रकारका प्रशस्त मानिसहरूको सहवास, बहुश्रुतता, प्रखर कल्पनाशक्ति तपाईंका मुख्य गुण हुन् । मेरोलेखा त तपाईं अत्यन्त आदरणीय व्यक्ति हुनुहुन्छ । तपाईंको र मेरो सम्बन्धको विषयमा मैले अन्त लेखिसकेको छु❁ । तपाईंसंग मिली संस्कृतसन्देशमा मैले केही निबन्ध प्रकाशित गराएको छु । तपाईंको सङ्केतबाट मैले पाएका कागतपत्रहरू मबाट र मेरा सहचरहरूबाट पनि तपाईंको नामसाथ प्रकाश हुँदै गएका छन् ।

नेपालको इतिहास शुद्धसँग आफैले जान्न, आफ्ना विद्यार्थीलाई पढाउन तथा प्रकाश गर्न धेरै वर्षदेखि मलाई इच्छा लागिरहेको छ । तर यस विषयमा अरू कुनै उपाय नआउँदा मैले इतिहास-संशोधनको बाटोबाट सो काम चलाउने निश्चय गरी त्यसैबमोजिम काम गर्दै आएको छु ।

इतिहास-संशोधनको उपरमा घृणा फैलाई त्यसलाई रोक्न धेरैले खोजेथे तथा खोज्दैछन् । सबभन्दा पहिले यसको समर्थन गर्ने विद्वान् तपाईं नै हुनुहुन्छ▱ ।

❁ ऐतिहासिक-पत्रसंग्रह (पहिलो भाग) को उपोद्घातको ४ पृष्ठ तथा इतिहास-संशोधनको प्रमाण-प्रमेय (पहिलो भाग) को उपोद्घातको 'म गोबरगणेश बनेछु' (२४–३३ पृष्ठ) प्रकरण हेर्नुहोस् ।

▱ श्रीधनवज्र वज्राचार्य, ज्ञानमणि नेपाल

तिमीहरूले र तिम्रा साथी भोलानाथ पौडेल रामजी तेवारी देवीप्रसाद भण्डारी शङ्करमान राजवंशी आदि विद्यार्थिमण्डलबाट लेखिएका इतिहाससंशोधनपत्रहरू प्रायः लगालग पाउँथें । अत्यन्त उचित कार्य हुनाले आनन्द पनि लाग्दथ्यो । अचेल त्यो काम रोकिए जस्तो लाग्दछ । ५–७ महीना भयो नयाँ संशोधनपत्र देख्न पाइएको छैन । जहाँसम्म हुन्छ यो काम चलाइराख्नु राष्ट्रहितका दृष्टिले वाञ्छनीय छ । अर्थाभाव यस कामको बाधक अवश्य छ । तर यस्ता बाधकलाई हटाई अग्रसर हुनु तिमीहरू जस्ता नवयुवकहरूको कर्तव्य छ । यो भुल्नु हुँदैन ।

सिनामुगल काठमाडौं,
वि. सं. २०१३ पौष २७
पृथ्वीजयन्तीको दिन

तिमीहरूलाई शुभाशीर्वाद दिने
बाबुराम आचार्य

तपाईं अघि विक्रमसंवत्का पक्षपाती हुनुहुन्थ्यो । तपाईंले "नेपालका लिच्छवि राजाहरूको कालगणना" नामक आफ्नो निबन्धमा तलका वाक्य लेख्नुभएको छ–

"नेपाली भाषामा यो पुस्तक लेखिएको हुनाले नेपालमा चल्ति भइ-रहेको विक्रमसंवत्को व्यवहार यसमा गरिएको छ । यसलाई छोडेर इसवी-संवत्को व्यवहार गर्न उचित देखिएन । यस कारणले भगवानलाल आदिले लेखेका निबन्ध र पुस्तकहरूमा इसवीसंवत्का संख्या दिइएका छन् तापनि तिनलाइ विक्रमसंवत्का संख्यामा ल्याएर यहाँ देखाइएका छन् । अंग्रेजी पाठशालाहरूमा पढाइने इतिहासका पुस्तकहरूमा इसवीसंवत्को चलन हुनाले ती पुस्तक पढेका पाठकहरूलाई विक्रमसंवत्मा लेखिएका इतिहासका साल ठम्याउन असजिलो लाग्नेछ । तर यी दुई थरि संवत्को अन्तर याद राखेमा त्यो असजिलो सजिलैसंग मेटिन्छ । विक्रमसंवत्का संख्याबाट ५७ घटाइदिएमा इसवीसन्को संख्या बन्दछ, तर जनवरीदेखि चैत्रसम्मलाई ५६ मात्र घट ईदिनुपर्दछ । महिनाको याद नभएमा ५७ वर्षकै फरक मा-निन्छ ।"

(वि. सं. १९९६ को फाल्गुनको शारदाको ३३५–३६पृष्ठ)

तर पछि किन हो तपाईं ईसवी संवत्का पक्षपाती भएर निस्कनुभयो । विक्रमसंवत्का तिथि-मितिहरू तपाईंलाई कण्ठस्थ छन् । बुढेसकालमा लिनुभएको ईसवी संवत्का तिथिमिति तपाईंलाई कण्ठस्थ छैनन् । कम्यान्डरइनचीफ धीरशमशेरको मृत्युको दिन ईसवी संवत्मा लेख्ता तपाईंले महीना नै फरक पारिदिनुभएको थियो ।

"स्वदेशी तिथि–मितिलाई छोड्दा आफूलाई कण्ठस्थ भएको शुद्ध इति-हास पनि आफैंले अशुद्ध पारेको तपाईंलाई होश भएनछ । यस विषयमा एकपल्ट विचार गर्नुहोस्" ।

भनी वि. सं. २०१७ मा तपाईंसँग मैले प्रार्थना गरेथें △ ।

नेपालउपत्यकामा पाइएको सबभन्दा पुरानो अभिलेखको संवत् विक्रमसंवत् हो भनी पं. भगवान्लाल र उनका अनुयायीहरूले बोलेका छन् । तर यो कुरालाई धेरै विद्वान्हरूले मानेका छैनन् [१] । यसरी प्राचीनकालमा नेपालमा विक्रमसंवत्को प्रचलनबारेमा विवाद गर्न सकिए तापनि अरू संवत्का साथ विक्रमसंवत् पनि नेपालउपत्यकामा चलेको थियो भन्ने कुरा-लाई पाटन सुनधाराको वि. सं. १४६१को धर्ममल्लको पालाको अभिलेखले बताएको छ [२] । कर्णालीप्रदेशका खस राजा पृथ्वीमल्लको वि. सं. १४१७को ताम्रपत्रमा विक्रमसंवत्को

△ विद्यारक्षा ४ संख्या हेर्नुहोस् ।
१. वि. सं. १९९६को फाल्गुनको शारदाको ३३२ पृष्ठ हेर्नुहोस् ।
२. पूर्णिमा ५ अङ्कको १४ पृष्ठ हेर्नुहोस् ।

पनि व्यवहार भएको छ [३]। भक्तपुरका मल्ल राजाहरू विक्रमसंवत्को पनि व्यवहार गर्थे [४]। गोरखाका राजा राम शाहले आफ्नो अभिलेखमा विक्रमसंवत्को व्यवहार गरेका छन् [५]। गोरखाली राजा रुद्र शाह, पृथ्वीपति शाहका स्याहामोहरमा विक्रमसंवत् छन् [६]। पूर्वका सेन राजाहरूले आफ्नो स्याहामोहरमा विक्रमसंवत्कै व्यवहार गरेको देखिन्छ [७]। श्री ५ पृथ्वीनारायण शाहले आफ्ना चिठीपत्रमा विक्रमसंवत्कै व्यवहार गरेका छन् [८]। भोटे अधिकारीहरूले पृथ्वीनारायण शाहलाई लेखिदिएको धर्मपत्रमा विक्रमसंवत्को प्रयोग भएको छ [९]। जयप्रकाश मल्ल र पृथ्वीनारायण शाहको बीचमा भएको सन्धिपत्रमा विक्रमसंवत् छ [१०]। श्री ५ प्रतापसिंह शाहको पत्रमा विक्रमसंवत्को व्यवहार भएको छ [११]। प्यूठानका राजा मोतीचन्दको पत्रमा विक्रमसंवत्को प्रयोग भएको छ [१२]। श्री ५ रणबहादुर शाहको पत्रमा विक्रमसंवत्कै प्रयोग भएको छ [१३]। श्री ५ गीर्वाणयुद्धविक्रम शाहको पत्रमा विक्रमसंवत्कै व्यवहार भएको छ [१४]। श्री ५ राजेन्द्रविक्रम शाहको पत्रमा विक्रमसंवत् नै छ [१५]। श्री ५ सुरेन्द्रविक्रम शाहको पत्रमा विक्रमसंवत् छ [१६]। श्री ५ पृथ्वीवीरविक्रम शाहको पत्रमा विक्रमसंवत्को व्यवहार गरिएको छ [१७]। श्री ५ त्रिभुवनवीरविक्रम शाहको पत्रमा विक्रमसंवत् छ [१८]। श्री ५ महेन्द्रवीरविक्रम शाहको पत्रमा विक्रमसंवत् नै छ [१९]। यसरी अघिदेखि चलेर आएको विक्रमसंवत्लाई शाह राजवंशले अँगालेको देखिन्छ [२०]।

---

३. इतिहास-प्रकाश २ अङ्क १ भागको ७० पृष्ठ हेर्नुहोस् ।
४. अभिलेख—संग्रह ७ भागका २५, २७ पृष्ठ हेर्नुहोस् ।
५. पूर्णिमा २ अङ्कको ५१, ५२ पृष्ठ हेर्नुहोस् ।
६. पूर्णिमा २ अङ्कको ५४ पृष्ठ तथा ३ अङ्कको ७८ पृष्ठ हेर्नुहोस् ।
७. पुरातत्त्व-पत्रसंग्रह दोस्रो भागका ५—१९ पृष्ठ हेर्नुहोस् ।
८. ऐतिहासिक-पत्रसंग्रह पहिलो भागका २६–२७ पृष्ठ तथा सन्धिपत्रसंग्रहको ४ पृष्ठ हेर्नुहोस् ।
९. पूर्णिमा ६ अङ्कको ५० पृष्ठ हेर्नुहोस् ।
१०. पूर्णिमा ८ अङ्कको ३३ पृष्ठ हेर्नुहोस् ।
११. सन्धिपत्रसंग्रहको ९६ पृष्ठ हेर्नुहोस् ।
१२. ऐतिहासिक-पत्रसंग्रह दोस्रो भागको ९१ पृष्ठ हेर्नुहोस् ।
१३. इतिहास-संशोधनको प्रमाणप्रमेय पहिलो भागको २५७ पृष्ठ हेर्नुहोस् ।
१४. ऐतिहासिक-पत्रसंग्रह पहिलो भागका ९१–९७ पृष्ठ हेर्नुहोस् ।
१५. पुरातत्त्व-पत्रसंग्रह दोस्रो भागको ६४ पृष्ठ हेर्नुहोस् ।
१६. पुरातत्त्व-पत्रसंग्रह दोस्रो भागको १२६ पृष्ठ हेर्नुहोस् ।
१७. पुरातत्त्व-पत्रसंग्रह दोस्रो भागको १३८ पृष्ठ हेर्नुहोस् ।
१८. तात्कालिक मुलुकी ऐन हेर्नुहोस् ।
१९. नेपाल-गजेट हेर्नुहोस् ।
२०. टकमा मात्र श्री ५ पृथ्वीवीरविक्रम शाहको पालासम्म शकसंवत्को व्यवहार भएको थियो। टकमा पनि पैसामा त अलि अघिदेखि नै विक्रमसंवत्को प्रचलन भइसकेको थियो। (नेपाली राष्ट्रिय मुद्रा हेर्नुहोस् ।)

६२ सालको हरण भन्दा वि. सं. १८६२लाई, ३८ सालको पर्व भन्दा वि. सं. १९३८ लाई, ४२ सालको पर्व भन्दा वि. सं. १९४२लाई, ९० सालको भूकम्प भन्दा वि. सं. १९९० लाई, ७ सालको परिवर्तन भन्दा वि. सं. २००७लाई, १७ सालको परिवर्तन भन्दा वि. सं. २०१७लाई बुझ्ने चलन भएकोले नेपाली जनजीवनसँग विक्रमसंवत् मिलेर रहेको छ भन्नु अत्युक्ति हुनेछैन ।

अङ्काखानामा गतेको व्यवहार गर्ने चलन श्री ५ पृथ्वीबीरविक्रमको राज्यकालमा श्री ३ चन्द्रले चलाएका हुन्[1] तापनि

माघ २ दिन जादा बुधवार卐
असोजका दिन १० जांदा मंगलवार卐
असारको २१ दिन जांदा आइतवार❁
असारको २० दिन जांदा❁
फागुनका दिन ५ जांदा आइतवार❁
यस्ता वाक्यांश पृथ्वीनारायणका पत्रमा देखिन्छन् ।

पृथ्वीनारायणपछिका शासक तथा दुनियाँहरूले पनि यो चलन लिएको देखिन्छ[3] ।
यस कारण विक्रमसंवत् महीना गतेलाई स्वदेशी मिति मान्दा अनुचित हुँदैन ।

यी उदाहरण मात्र हुन् । यस्ता कुरा जति भने पनि देखाउन सकिन्छ। तपाईं जस्ता अन्वेषकलाई थाहा नभएको कुरा यो होइन ।

हाळै प्रकाशित भएको तपाईंको "नेपालको संक्षिप्त वृत्तान्त (खण्ड १)" नामक ग्रन्थ चाख मानीकन हेरें । किनभने तपाईंका लेखमा केहीनकेही चाखलाग्दा नयाँ कुरा म सधैं पाउँछु । यस पुस्तकमा पनि मैले थाहा नपाएका केही कुरा रहेछन् । तिनलाई देख्ता मलाई आनन्द लाग्यो तथा मेरो ज्ञानको सीमा पनि अलिकता बढ्यो ।

**भर्खर पत्ता लागेका ऐतिहासिक–सामानहरूको पनि यस ग्रन्थमा समावेश भएको देख्ता तपाईंको अध्ययनशीलताको प्रशंसा नगर्ने विरला–कोटि अन्वेषक होलान् । ७८ वर्षको उमेरमा प्रज्ञाचक्षुको भरमा यस्तो काम तपाईं जस्ता असाधारण प्रतिभासंपन्न व्यक्तिबाट मात्र हुन सक्ने हो ।**

मनुष्यले गरेको काममा भूल हुन्छ । म आफ्नै लेखमा पनि बराबर अशुद्धि पाइरहन्छु तथा तिनको संशोधन पनि प्रकाश गराइरहन्छु । तपाईंको यस ग्रन्थमा पनि केही अशुद्धि रहेछन् । ती अशुद्धिहरू पूर्णिमामा प्रमाणसाथ विस्तारै प्रकाश हुँदै जानेछन् । यो कुनै ठूलो कुरो होइन ।

तर एउटा कुरो भने मलाई चित्त बुझेन ।

**श्री ५ पृथ्वीनारायण शाहको जन्म वि. सं. १७७९ पौष २७ गते बृहस्पतिवार भएको हो–**

---

१. चन्द्रमयूखको ८७ पृष्ठ हेर्नुहोस् ।

२. 卐चिनो लाइएका पत्रका उतार तपाईंले हामीलाई दिनुभएको हो । ❁चिनो लाइएका पत्रचाहिं पृथ्वीदर्शन प्रदर्शनीमा देखाइएका हुन । यी पत्रहरू श्री ५ पृथ्वीनारायण शाहको उपदेश ९८६–८८, १०२४–२५, ११०९–१२, १११६–१९ पृष्ठमा व्याख्यासहित छापिएका छन । यो ग्रन्थ प्रकाशित हुँदैछ ।

३. पूर्णिमा यही अङ्कको ६१,६८ पृष्ठ हेर्नुहोस् ।

..............श्रीमन्महाराजाधिराजकुमार...श्रीश्रीश्रीश्रीश्रीपृथ्वीनारायण-साहदेवानां जन्म–

संवत् १७७९ शालिवाहनशाके १६४४ चान्द्रेण पौषमासे कृष्णपक्षे अमावास्यातिथेर्घटयः ४ पले २ तदुपरि शुक्लपक्षे प्रतिपदि तिथौ गुरुवासरे .........सौरेण पौषमासस्य गतदिनेषु २७ श्रीसूर्योदयतो गतघटीषु ३६ पलेषु १५ ......जन्म.........

[श्री ५ पृथ्वीनारायण शाहको सक्कल चिनालाई वि· सं. २०२२ पौषमा श्री ५ को सरकार पुरातत्त्व–विभागले पृथ्वीदर्शन प्रदर्शनीमा देखाएको थियो । सोही चिनाको केही भाग श्रीकेसरशमशेरज्यूकहाँ पनि रहेछ। त्यहींबाट त्याई तपाईंले संस्कृत–सन्देश ६ अङ्कमा सो चिनाको केही भाग प्रकाशित गराउनुभएको थियो । त्यतबाट यो लिइएको हो ।]

(श्रीमान् महाराजाधिराजकुमार श्री ५ पृथ्वीनारायण शाहदेवको वि. सं. १७७९ शाके १६४४ चान्द्रमानले पौष कृष्ण अमावास्याको ४ घडी २ पलाउप्रान्त शुक्ल प्रतिपदा बृहस्पतिवार सौरमानले पौष २७ गते सूर्योदयदेखि ३६ घडी १५ पला जाँदा जन्म भयो ।)

वि. सं. १७७९ का संक्रान्तिहरू तल लेखिएबमोजिमका छन्—

| वि० सं० १७७९ | | | ई० सं० १७२२ | |
|---|---|---|---|---|
| महीना | गते | वार | महीना | तारीख |
| वैशाख | १ | बृहस्पति | मार्च | २९ |
| ” | ३ | शनैश्चर | ” | ३१ |
| ” | ४ | आदित्य | अप्रिल | १ |
| ” | ३१ | शनैश्चर | ” | २८ |
| ज्येष्ठ | १ | आदित्य | ” | २९ |
| ” | २ | सोम | ” | ३० |
| ” | ३ | मङ्गल | मे | १ |
| ” | ३२ | बुध | ” | ३० |
| आषाढ | १ | बृहस्पति | ” | ३१ |
| ” | २ | शुक्र | जून | १ |
| ” | ३१ | शनैश्चर | ” | ३० |
| श्रावण | १ | आदित्य | जुलाई | १ |
| ” | ३१ | मङ्गल | ” | ३१ |
| ” | ३२ | बुध | अगस्ट | १ |
| भाद्र | १ | बृहस्पति | ” | २ |
| ” | ३० | शुक्र | ” | ३१ |
| ” | ३१ | शनैश्चर | सेप्टेम्बर | १ |

| महीना | गते | वार | महीना | तारीख | |
|---|---|---|---|---|---|
| आश्विन | १ | आदित्य | सेप्टेम्बर | २ | |
| ” | २९ | ” | ” | ३० | |
| ” | ३० | सोम | अक्टोबर | १ | |
| कार्तिक | १ | मङ्गल | ” | २ | |
| ” | ३० | बुध | ” | ३१ | |
| मार्ग | १ | बृहस्पति | नोभेम्बर | १ | |
| ” | ३० | शुक्र | ” | ३० | |
| पौष | १ | शनैश्चर | डिसेम्बर | १ | |
| ” | २७ | बृहस्पति | ” | २७ | श्री५पृथ्वीनारायण शाहको जन्म |
| ” | २९ | शनैश्चर | ” | २९ | |
| माघ | १ | आदित्य | ” | ३० | |
| ” | २ | सोम | ” | ३१ | |
| ” | ३ | मङ्गल | जनवरी | १ | ई. सं. १७२३ |
| ” | २९ | आदित्य | ” | २७ | |
| फाल्गुन | १ | सोम | ” | २८ | |
| ” | ४ | बृहस्पति | ” | ३१ | |
| ” | ५ | शुक्र | फरवरी | १ | |
| ” | ३० | मङ्गल | ” | २६ | |
| चैत्र | १ | बुध | ” | २७ | |
| ” | २ | बृहस्पति | ” | २८ | |
| ” | ३ | शुक्र | मार्च | १ | |
| ” | ३१ | ” | ” | २९ | |
| वि. सं. १७८० वैशाख | १ | शनैश्चर | ” | ३० | |

यताबाट श्री ५ पृथ्वीनारायण शाहको जन्म ईसवी संवत् १७२२ डिसेम्बर २७ तारीखमा भएको स्पष्ट हुन्छ।

तर तपाईंको ग्रन्थको ८०–८१ पृष्ठको बीचमा परेको नेपालको मानचित्रमा

श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाह

(ई. सं. १७२३–१७७५)

यस्तो लेखिएको छ।

तपाईंले श्री ५ महेन्द्र अभिनन्दन ग्रन्थको १८ पृष्ठमा "७ जनवरी १७२३ का दिन गोर्खाका राजदर्बारमा श्री ५ पृथ्वीनारायण शाहको जन्म भएको थियो" भनी लेख्नुभएको छ।

यताबाट तपाईंको विचारमा ईसवी संवत् १७२३ जनवरी ७ तारीखमा वि. सं. १७७९ पौष २७ गते पर्ने देखिन्छ । परन्तु प्रामाणिक ग्रन्थ यसमा सहमत छैनन् ।

यस कारण यहाँ ईसवी संवत् महीना तारीख सबै बिग्रेको देखिन्छ ।

**पृथ्वीनारायण शाहले वि. सं. १८२५ आश्विन १३ गते आदित्यवार कान्तिपुरविजय गरेका हुन्–**

शाकः पेदे नवतिनृपतीन् सस्वजेऽर्को मृगाक्षीं
तातं भेजे विधुरपि मुनेः स्वेऽह्नि हर्षेण पूर्णः ।
पृथ्वीनारायणमुपगतं यावदन्तःपुरस्था
सर्वस्वेनावृणुत नृपतिं तत्र कान्तेःपुरः श्रीः ।।१४१।।

(लक्ष्मण कविले बनाएको कवितानिकषोपलबाट । योगी नरहरिनाथद्वारा यो ग्रन्थ प्रकाश भएको छ ।)

(नब्बे राजाहरूकहाँ शाक पुग्यो अर्थात् बेरै राजाहरू राजोचित भोग नपाउने भए । (अर्को अर्थ) शाके १६९० (वि. सं. १८२५) थियो । सूर्यले सुन्दरीलाई अँगालो हालेका थिए अर्थात् कन्याराशिमा सूर्य बसेका थिए । (सौरमानले आश्विन महीना थियो) । चन्द्रमा आफ्नो तिथिमा अर्थात् पूर्णिमा तिथिमा मुनिको बाबुकहाँ अर्थात् सप्तर्षिलाई काखमा लिने आकाशमा खुशी हुँदै पूर्ण भई गएका थिए अर्थात् पूरा जून लागिरहेको थियो । अन्तःपुरभित्र रहेकी कान्तिपुरकी राज्यलक्ष्मीले नगीच आएका पृथ्वीनारायणलाई आफ्नो सर्वस्व अर्पण गरी बरण गरिन् ।)

**संवत् १८२५ शाके १६९० भाद्रशुक्लचतुर्दशीपरतः पूर्णिमायां –– सूर्यवासरे सौरादाश्विनमासदिन १३ गते सूर्यास्ताद्रात्रिगतघटीषु १४ श्रीमत्पृथ्वीनारायणसाहवर्मणः प्रवेशः ।**

(दैवज्ञशिरोमणि लक्ष्मीपतिको टिपोटबाट)

(वि. सं. १८२५ शाके १६९० भाद्र शुक्ल चतुर्दशीउप्रान्त पूर्णिमा तिथिमा सौरमानले आश्विन १३ गते आइतवारमा रातको १४ घडी जाँदा श्रीपृथ्वीनारायण शाहवर्माको (कान्तिपुरमा) प्रवेश भयो । )

कान्तिपुरविजयको दिनको पञ्चाङ्ग यस प्रकारको छ–

शाके १६९० वि. सं. १८२५ भाद्र शुक्ल

| गते | वार | तिथि | घडी पला |
|---|---|---|---|
| आश्विन १३ | आदित्य | चतुर्दशी | २६ । १९ |

(पात्रोबाट)

वि. सं. १८२५ का सङ्क्रान्तिहरू तल लेखिएबमोजिमका छन् —

| वि. सं. १८२५ | | | ई. सं. १७६८ | | |
|---|---|---|---|---|---|
| महीना | गते | वार | महीना | तारीख | |
| वैशाख | १ | शनैश्चर | अप्रिल | ९ | |
| " | २२ | " | " | ३० | |
| " | २३ | आदित्य | मे | १ | |
| " | ३१ | सोम | " | ९ | |
| ज्येष्ठ | १ | मङ्गल | " | १० | |
| " | २२ | " | " | ३१ | |
| " | २३ | बुध | जून | १ | |
| " | ३२ | शुक्र | " | १० | |
| आषाढ | १ | शनैश्चर | " | ११ | |
| " | २० | बृहस्पति | " | ३० | |
| " | २१ | शुक्र | जुलाई | १ | |
| " | ३१ | सोम | " | ११ | |
| श्रावण | १ | मङ्गल | " | १२ | |
| " | २० | आदित्य | " | ३१ | |
| " | २१ | सोम | अगस्ट | १ | |
| " | ३२ | शुक्र | " | १२ | |
| भाद्र | १ | शनैश्चर | " | १३ | |
| " | १९ | बुध | " | ३१ | |
| " | २० | बृहस्पति | सेप्टेम्बर | १ | |
| " | ३१ | सोम | " | १२ | |
| आश्विन | १ | मङ्गल | " | १३ | |
| " | १३ | आदित्य | " | २५ | श्री ५ पृथ्वीनारायण शाहले काठमाडौंविजय गरे । |
| " | १८ | शुक्र | " | ३० | |
| " | १९ | शनैश्चर | अक्टोबर | १ | |
| " | ३० | बुध | " | १२ | |
| कार्तिक | १ | बृहस्पति | " | १३ | |
| " | १९ | सोम | " | ३१ | |
| " | २० | मङ्गल | नोभेम्बर | १ | |
| " | ३० | शुक्र | " | ११ | |

| महीना | गते | वार | महीना | तारीख | |
|---|---|---|---|---|---|
| मार्ग | १ | शनैश्चर | नोभेम्बर | १२ | |
| ,, | १९ | बुध | ,, | ३० | |
| ,, | २० | बृहस्पति | डिसेम्बर | १ | |
| ,, | ३० | आदित्य | ,, | ११ | |
| पौष | १ | सोम | ,, | १२ | |
| ,, | २० | शनैश्चर | ,, | ३१ | |
| ,, | २१ | आदित्य | जनवरी | १ | ई. सं. १७६९ |
| ,, | २९ | सोम | ,, | ९ | |
| माघ | १ | मङ्गल | ,, | १० | |
| ,, | २२ | ,, | ,, | ३१ | |
| ,, | २३ | बुध | फरवरी | १ | |
| ,, | २९ | मङ्गल | ,, | ७ | |
| फाल्गुन | १ | बुध | ,, | ८ | |
| ,, | २१ | मङ्गल | ,, | २८ | |
| ,, | २२ | बुध | मार्च | १ | |
| ,, | ३० | बृहस्पति | ,, | ९ | |
| चैत्र | १ | शुक्र | ,, | १० | |
| ,, | २२ | ,, | ,, | ३१ | |
| ,, | २३ | शनैश्चर | अप्रिल | १ | |
| ,, | ३० | ,, | ,, | ८ | |
| वि. सं १८२६ वैशाख | १ | आदित्य | ,, | ९ | |

यताबाट कान्तिपुरविजय ईसवी संवत् १७६८ सेप्टेम्बर २५ तारीखमा भएको स्पष्ट हुन्छ ।

तर तपाईंले भने "अनन्तचतुर्दशीको रातमा पृथ्वीनारायण शाह न्हुछेदरबार-अगाडिको डबलीमा राखिएको काठमाडौंको राजसिंहासनमा विराजमान भए (२६ सितंबर १७६८)" भनी आफ्नो ग्रन्थको ४४ पृष्ठमा लेख्नुभएको छ । यस कारण यहाँ तारीख बिग्रेको देखिन्छ ।

(३) श्री ५ पृथ्वीनारायण शाहको मृत्यु वि. सं. १८३१ माघ १ गते बुधवार भएको हो–

......उप्रांत गोर्षाका राजा हामीमाथी दावा राषी पश्चिम हेल्न भनी नुवाकोटसम्म पुग्याथ्या. मकरसंक्रांतिका दिन १ घरी दिन चढ्दा

भगवत्इक्षा तह आपै हेलिया· ९ जना सती गया ...... मिति माघ सुदि १५ रोज ४ मुकाम वेणी

(वि. सं. १८३१ फागुन ७ गते पर्वतका राजाले आफना भारादारलाई लेखेको पत्रबाट। यो पत्र मोहननाथ पाँडेको पुर्ख्यौली संग्रहमा छ ।)

शुभ संवत् ८९५ मिति यंलाथ्व ५ स जओ दिस्ति उपद्र जुलो. थ्वया उपद्रं पोसह्लाथ्व १० स श्री ३ पिथिनारायन जुजु अभाग जुलो...... पुह्नि कुन्हु दसकर्म सकतां याकु वाजन जुको मदकु जुलो.

(मछिन्द्रबहालको शान्तिसफुबाट)

[नै. स. ८९५ (वि. सं.१८३१) माद्र शुक्ल पञ्चमीका दिन (सेता मच्छिन्द्रनाथको) दायाँ आँखामा उपद्रव भयो । यो उपद्रवले गर्दा पौष शुक्ल दशमीका दिन श्री ३ पृथ्वीनारायण राजाको मृत्यु भयो ।...... पूर्णिमाको दिन (सेता मच्छिन्द्रनाथको) जम्मै दशकर्म ावधान गरिए । बाजाहरू मात्रै थिएनन् ।]

मास्तां शाकः कदाचिद् रसनिधिनृपयुग् माघमासोऽपि मास्तां
मास्तां विश्वावसुर्वा तिथिरपि दशमी तत्र सूर्य्योदयोऽपि ।
यस्मिन् राजेन्द्रवर्यो विविधजनमनःशान्तिकृत् ख्यातकीर्तिः
पृथ्वीनारायणेशो रिपुकुलदहनस्त्यक्तवान् कर्मभूमिम् ।।

(सूर्यविक्रम ज्ञवालीको "पृथ्वीनारायण शाह"को १९४ पृष्ठमा छापिएको श्लोक )

[शाके १६९६ (वि. सं. १८३१) नपरिदिएको भए हुन्थ्यो । विश्वावसु संवत्सर पनि नपरिदिएको भए हुन्थ्यो । माघ महीना पनि नपरिदिएको भए हुन्थ्यो । दशमी तिथि पनि नपरिदिएको भए हुन्थ्यो । सूर्योदय पनि नभइदिएको भए हुन्थ्यो । जुन वेला राजामा श्रेष्ठ, धेरै मानिसको मनमा शान्ति दिने, नाउँ चलेका, शत्रुको कुलको डढेलो जस्तो भएका (शत्रुलाई सन्ताप पार्ने) पृथ्वीनारायण शाह राजाले संसारलाई छोड्नुभयो ।]

पृथ्वीनारायण शाहको मृत्युको दिनको पञ्चाङ्ग यस प्रकारको छ–

वि. सं. १८३१ शाके १६९६ ने. सं. ८९५

विश्वावसु संवत्सर पौष शुक्ल

| | गते | वार | तिथि | घडी पला |
|---|---|---|---|---|
| माघ | १ | बुध | दशमी | २४। १७ |

(पात्रोबाट)

वि. सं. १८३१का सङ्क्रान्तिहरू तल लेखिए बमोजिमका छन्–

| वि. सं. १८३१ | | | ई. स. १७७४ | |
|---|---|---|---|---|
| महीना | गते | वार | महीना | तारीख |
| वैशाख | १ | आदित्य | अप्रिल | १० |
| ,, | २१ | शनैश्चर | ,, | ३० |
| ,, | २२ | आदित्य | मे | १ |
| ,, | ३१ | मङ्गल | ,, | १० |

| महीना | गते | वार | महीना | तारीख | |
|---|---|---|---|---|---|
| ज्येष्ठ | १ | बुध | मे | ११ | |
| " | २१ | मङ्गल | " | ३१ | |
| " | २२ | बुध | जून | १ | |
| " | ३१ | शुक्र | " | १० | |
| आषाढ | १ | शनैश्चर | " | ११ | |
| " | २० | बृहस्पति | " | ३० | |
| " | २१ | शुक्र | जुलाई | १ | |
| " | ३२ | मङ्गल | " | १२ | |
| श्रावण | १ | बुध | " | १३ | |
| " | १९ | आदित्य | " | ३१ | |
| " | २० | सोम | अगस्ट | १ | |
| " | ३१ | शुक्र | " | १२ | |
| भाद्र | १ | शनैश्चर | " | १३ | |
| " | १९ | बुध | " | ३१ | |
| " | २० | बृहस्पति | सेप्टेम्बर | १ | |
| " | ३१ | सोम | " | १२ | |
| आश्विन | १ | मङ्गल | " | १३ | |
| " | १८ | शुक्र | " | ३० | |
| " | १९ | शनैश्चर | अक्टोबर | १ | |
| " | ३१ | बृहस्पति | " | १३ | |
| कातिक | १ | शुक्र | " | १४ | |
| " | १८ | सोम | " | ३१ | |
| " | १९ | मङ्गल | नोभेम्बर | १ | |
| " | ३० | शनैश्चर | " | १२ | |
| मार्ग | १ | आदित्य | " | १३ | |
| " | १८ | बुध | " | ३० | |
| " | १९ | बृहस्पति | डिसेम्बर | १ | |
| " | २९ | आदित्य | " | ११ | |
| पौष | १ | सोम | " | १२ | |
| " | २० | शनैश्चर | " | ३१ | |
| " | २१ | आदित्य | जनवरी | १ | ई. सं. १७७५ |
| " | ३० | मङ्गल | " | १० | |

| *महीना* | *गते* | *वार* | *महीना* | *तारेख* |
|---|---|---|---|---|
| माघ | १ | बुध | जनवरी | ११ श्री ५ पृथ्वीनारायण शाहको देहावसान । |
| ,, | २१ | मङ्गल | ,, | ३१ |
| ,, | २२ | बुध | फरवरी | १ |
| ,, | २६ | ,, | ,, | ८ |
| फाल्गुन | १ | बृहस्पति | ,, | ९ |
| ,, | २० | मङ्गल | ,, | २८ |
| ,, | २१ | बुध | मार्च | १ |
| ,, | ३० | शुक्र | ,, | १० |
| चैत्र | १ | शनैश्चर | ,, | ११ |
| ,, | २१ | शुक्र | ,, | ३१ |
| ,, | २२ | शनैश्चर | अप्रिल | १ |
| ,, | ३० | आदित्य | ,, | ९ |
| वि.सं.१८३२बैशाख १ | | सोम | ,, | १० |

यताबाट पृथ्वीनारायण शाहको मृत्यु ईसवी संवत् १७७५ जनवरी ११ तारीखमा भएको स्पष्ट हुन्छ ।

तर तपाईंले भने **"यसै समयमा ज्वरग्रस्त भई विहानको समयमा नुवाकोटनजीकैको देवीघाटमा पृथ्वीनारायण शाहको देहान्त हुँदा समग्र नेपाली जनता शोकाकुल भयो (१० जनवरी १७७५)"** भनी आपनो ग्रन्थको ६८ पृष्ठमा लेख्नुभएको छ ।

यस कारण यहाँ तारीख बिग्रेको देखिन्छ ।

यी तीनवटा त उदाहरण मात्र हुन् । यस्ता अशुद्धि तपाईंको ग्रन्थमा अनेकन् छन् । तिनलाई यहाँ लेख्न पूर्णिमाको सानो शरीरले अनुमति दिंदैन ।

पृथ्वीनारायणको जन्म, कान्तिपुरविजय तथा मृत्यु यी तीनै दिन तपाईंलाई विक्रमसंवत्को रूपमा शुद्धसंग आउंछन् । पृथ्वीनारायणको चिना तपाईंले छपाउनुभएकै छ । बाँकी दुइ दिनको निर्णय पनि विभिन्न प्रामाणिक कागतपत्रहरूको आधारमा तपाईंले अहिलेभन्दा ४० वर्ष जति अगाडि नै गरिसक्नुभएको थियो । नरभूपाल शाहदेखि राजेन्द्रविक्रम शाहको पालासम्मका मुख्य मुख्य घटनाको तपाईंले बनाउनुभएको टिपोटमा यी मिति पनि परेका छन् । सो टिपोटपुस्तिका वि. सं. १९९५ मा कृपा गरी तपाईंले मलाई पनि सार्न दिनुभएको थियो । पाइँदै गएका प्रामाणिक लेखबाट सो टिपोट पुस्तिकामा केही संशोधन हुँदै गएको छ तापनि माथि परेका तीन मितिमा संशोधन गर्नुपर्ने कुनै प्रमाण देखापरेको छैन ।

बुढेसकालमा ईसवी संवत् लेख्ने रहर गरेर तपाईं आपनो प्रामाणिक ज्ञान दुनियाँलाई नदिएर आपनो ग्रन्थ अप्रामाणिक बनाउन लाग्नुभएको छ। मेरो लेखा चिन्ताको विषय यो भइरहेछ।

हे प्रतिभाशाली तथा परिश्रमी अन्वेषक !
"बोद्धव्यं किमिव हि यत्त्वया न बुद्धम्"

(भट्टि)

(तपाईंले सबै कुरा बुझ्नुभएकै छ । तपाईंलाई के बुझाउने)

तपाईंको स्नेहभाजन–

नयराज पन्त

(यहाँ दिइएका वि. सं. १७७९,१८२५,१८३१ का सङ्क्रान्तिहरू रामजी, देवीप्रसाद, भोलानाथ, शङ्करमान तथा मसमेत भई गनिएका हुन् ।

ग्रहलाघवसारणी, सिद्धान्तसारणी, रत्नदीपबाट संक्रान्ति गनिएका हुन् ।

ग्रहकोष्ठक, ज्योतिर्गणित, सर्वानन्दकरण, संसारके संवत्, इन्डिअन् क्यॉलन्डर् (भारतीय पञ्चाङ्ग), इन्डिअन् यान्ड् फरिन् क्रोनलजि (भारत र बाहिरका कालगणना), स्फेरिकल् अस्ट्रनमि (सिद्धान्तज्यौतिष) बाट तारीख गनिएका हुन् ।

वि. सं. १८२५ र १८३१का पात्रा पाइएका हुनाले पात्रोसँग आफ्ना गणना भिडाउने काम पनि भएको छ । तारीख भने सबै ठाउँमा गनेर हालिएका हुन्।

यस निबन्धलाई तयार गर्ने काममा यी चार जना गणक र दिनेशराजले मेरो इच्छा र विचारअनुसार काम गरेका छन् । महेशराजबाट पनि अलिकता काम भएको छ । सबैलाई यथोचित धन्यवाद छ।)

—०—

# हाम्रो वक्तव्य

यस अङ्कले पूर्णिमाको तेस्रो वर्ष शुरू भएको छ । आफ्नो लक्ष्यसम्म पुग्न पूर्णिमाले सकेको छैन तापनि नेपालको इतिहासमा नयाँ नयाँ प्रकाश पार्दै गई नेपालको इतिहास पूर्ण पार्दै जाने काम पूर्णिमाले आफ्नो गच्छेअनुसार गर्दै आएको छ भन्दा अत्युक्ति होओइन ।

अब तेस्रो वर्षमा पनि पाठकबाट पूर्ववत् सहयोग पाई पूर्णिमा आफ्नो लक्ष्यतिर लम्कनेछ भन्ने हामीलाई पूरा उमेद छ ।

दोस्रो वर्षको पूर्णिमाको आयव्ययको विवरण पाठकको सामुन्ने राख्नु उचित संझी सो संक्षेपमा यहाँ दिइन्छ–

आय–व्ययको विवरण

| | | |
|---|---|---|
| आम्दानी | | ५३३२।९५ |
| ग्राहकबाट | १५६९।१० | |
| फुटकर बिक्रीबाट | २२६। | |
| श्री ५ को सरकार शिक्षामन्त्रालयबाट संशोधन–मण्डलले पाएको अर्थसहायता | १०००। | |
| श्रीमदनपुरस्कारपुस्तकालयबाट संशोधन–मण्डलले पाएको अर्थसहायता△ | ४००। | |
| प्रत्येक रचयिताबाट महीनाको १५ रू. को दरले उठाइएको | १५३०। | |
| लेखमा परेका चित्रफलक बनाउन रचयिताबाट आएको | ५४।६३ | |
| गणितविषयक लेख छपाउन सो लेखका रचयिताबाट आएको | ५५३।२२ | |
| खर्च | | ५०७९।८५ |
| पहिलो अङ्कमा | १३६३।७० | |
| दोस्रो अङ्कमा | १२६८। | |
| तेस्रो अङ्कमा | १२७४। | |
| चारौं अङ्कमा | १०३३। | |
| विज्ञापनमा | २१। | |
| डाँकखर्च | १२०।१५ | |
| बाँकी | | २५३।१० |
| पोहरको बाँकी ५८२।११ बाट सावधान–पत्रको छपाइ आदिमा खर्च भई बाँकी | | १४३।८३ |
| जम्मा बाँकी | | ३९६।९३ |

\+ \+ \+

△ यो रकमबाट ठाउँठाउँमा पूर्णिमाको वितरण गरियो ।

ऐ. शि. बाबुराम आचार्यज्यूले लेखनुभएको "नेपालको संक्षिप्त वृत्तान्त (खण्ड १)" हाळै प्रकाशित भएको छ । त्यसका प्रकाशक प्रमोदशमशेरज्यू र नीरविक्रम प्यासीज्यू हुनुहुन्छ । प्रमोद-शमशेरज्यूले सो पुस्तकको एक प्रति संशोधन–मण्डलमा पठाइदिनुभएको छ ÷ । यस कारण उहाँलाई संशोधन–मण्डल धन्यवाद दिन्छ ।

हामीले सो पुस्तक माथिदेखि तलसम्म जम्मै पढ्यौं । कति भाग त दोहऱ्याई तेहऱ्याई पनि पढ्यौं । आचार्यज्यूले पाइए जति सामानको अध्यश्यन र मनन गरी सारांश रूपमा प्रौढ ढङ्गले सो पुस्तक प्रस्तुत गर्नुभएको रहेछ भन्ने कुरा गहिरिएर अध्ययन गर्ने सबैले सहजै बुझ्न सक्छन् ।

यस पुस्तकमा केही अशुद्धि पनि परेका रहेछन् । तिनको संशोधन गर्नु आवश्यक छ । जस्तै—

"रत्नमल्लको निधन भएपछि इ. सं. १५२५ तिर सूर्यमल्ल काठमाडौंका राजा भए।"

(नेपालको संक्षिप्त वृत्तान्त ८ पृष्ठ)

त्यसताका प्रसिद्ध व्यक्तिको मृत्यु हुँदा संझनाको लागि त्यसको तिथिमिति तत्काल टिपिराख्ने चलन थियो । राष्ट्रियपुस्तकालयमा रहेको ३७९० संख्याको अमरकोशमा रत्नमल्लको मृत्युको तिथिमिति टिपिएको छ । सो यस प्रकारको छ—

अब्दे नेपालवृत्ते गगनयुगरसे मासि भाद्रे च शुक्ले
द्वादश्याञ्चातिगण्डे श्रवण–सह–गते वासरे सूर्यपुत्रे ।
त्यक्त्वा सप्ताङ्गलक्ष्मीं विपुलधन–महाक्रन्दितानेकलोकैः
हा स्वामी रत्नमल्लो दश–युवति–सहा रुद्रलोके च यग्मु ॥

[ने. सं. ६४० (वि. सं. १५७७) भाद्र शुक्ल द्वादशी शनैश्चरवार श्रवण नक्षत्र अतिगण्ड योगमा राज्य धन सम्पत्ति छोडी दुनियाँलाई रुवाई राजा रत्नमल्ल स्वर्ग हुनुभयो । दश जना सती गए । ]

यताबाट रत्नमल्लको मृत्यु वि. सं. १५७७ भाद्र २६ गते भएको हो भन्ने थाहा पाइन्छ । यस कारण ई. सं. १५२५ (वि. सं. १५८२) तिर रत्नमल्लको मृत्यु भयो भन्ने उक्ति अशुद्ध देखिन्छ ।

---

÷ २०२२।१२।७।१

इतिहास संसोधनमण्डल

महोदय,

इतिहास शिरोमणि श्री बाबुराम आचार्यले लेख्नु भएको नेपालको संक्षिप्त वृत्तान्त' भन्ने पुस्तक एक प्रति यसै साथ पठाएको छु । यो पुस्तक पढ्नु भई यस बारे तपाईको मन्तव्य तलको ठेगानामा पठाइदिनु भए अनुगृहित हुनेछु ।

भवदीय
प्रमोद शम्शेर

प्रमोद शम्शेर
पोस्ट बक्स ५५
काठमाडौं,

"रणजित मल्लको उमेर ७५ वर्ष नाघिसकेको हुनाले यिनले काशीवास गर्ने इच्छा प्रकट गर्दा उत्तरायण लागेपछि पृथ्वीनारायण शाहले ससम्मान बाटाखर्च र भत्ताको बन्दोबस्त गरी यिनलाई विदा गरिदिए ( जनवरी १७७० )"

(नेपालको संक्षिप्त वृत्तान्त ४९ पृष्ठ)

"···राजा रणजित् मल्ल पुग्नेबित्तिकै श्रीमहाराज पृथ्वीनारायण शाहबाट राजगर्नुहवस् भनी बसाया···श्रीमहाराज पृथ्वीनारायण शाहबाट हुकुम भयो–हे बाबा अब क्या मनसुवा छ भनी हुकुम हुँदा राजा रणजित् मल्लले···हे पुत्र अब म ७५ वर्षको उमेर भइगयाँ. अब मलाई केही चाहिंदैन भनी भन्नुहुँदा······"

भाषावंशावलीको यस उक्तिको आधारमा वि, सं. १८२६ मा रणजित् मल्ल ७५ वर्षका थिए भनी नेपालको संक्षिप्त वृत्तान्तमा लेखिएको देखिन्छ। तर पूर्णिमाको यही अङ्कको २८ पृष्ठमा प्रकाशित भएको रणजित् मल्लको चिनाअनुसार उनको जन्म वि. सं. १७५९ मार्ग १७ गते भएको देखिन्छ। यस कारण वि. सं. १८२६ मा रणजित् मल्ल ६७ वर्षका देखिन्छन्।

विद्याको क्षेत्रमा प्रमाण पाइँदै गएपछि संशोधन गर्दै जानुपर्ने हुन्छ। यस कारण यी संशोधन प्रस्तुत गरिएका हुन्। क्रमशः अरू संशोधन पनि प्रस्तुत गर्दै जानेछौं।

\+ + ×

पूर्णिमाको यस अङ्कको मुखपृष्ठमा परेको चित्रफलकको प्रतिलिपि पोहर परार जस्तै श्रीमनवज्र वज्राचार्यले बनाइदिनुभएको हो।

—०—

का. मे. अ. द. नं १५५/२४९

कार्यालय–
संशोधन-मण्डल
१०।४५२ महाबौद्ध, काठमाडौं, नेपाल

वि. सं. २०२३ वैशाख–संक्रान्ति

वार्षिक मूल्य–मो रु. ६।
(डांकखर्च अलग)
यस अङ्कको मूल्य मो. रु. २।५०

मुद्रक–
जोरगणेश प्रेस प्रा. लि.
बालाजु औद्योगिक क्षेत्र, काठमाडौं